# हामी अगमवक्ताहरूबाट सुन्छौं

# हामी अगमवक्ताहरूबाट सुन्छौं

लेखकः बि. सी. डेभिस

अनुवादकः बाल कृष्ण शर्मा

प्रकाशक

आई सी आई युनिभर्सिटी
पोष्ट बक्स नं. ४२४५
काठमाडौं, नेपाल।

© १९९४ सर्वाधिकार सुरक्षित
आई सी आई युनिभर्सिटी
काठमाडौं, नेपाल।

प्रतिः १०,०००

Published by
ICI University
P.O.Box 4245
Kathmandu, Nepal
First Edition 1994
Reprint 1997
Reprint 1999

We Hear From the Prophet

# विषय सूची


| पाठ | पृष्ठ |
|---|---|
| आउनुहोस् सबैभन्दा पहिले कुराकानी गरौं | ५ |
| १. नोआ – उनले परमेश्वरको आज्ञाअनुसार काम गरे | ७ |
| २. अब्राहाम – उनी परमेश्वरका मित्र थिए | २६ |
| ३. योसेफ – उनले परमेश्वरको प्रेम देखाए | ५० |
| ४. मोशा – उनले परमेश्वरको वचन प्राप्त गरे | ६८ |
| ५. दाऊद – उनले पश्चाताप गरे र क्षमा पाए | ८८ |
| ६. यशैया – उनले उद्धारको बारेमा भविष्यवाणी गरे | १०६ |
| ७. योआनेस – उनले सिद्ध बलिदानको घोषणा गरे | १३० |
| ८. येशू – उहाँले परमेश्वरलाई मानिसकहाँ प्रकट गर्नुभयो | १४६ |

# आउनुहोस्, सबैभन्दा पहिले कुराकानी गरौं

***तपाईंको अध्ययन सहायकबाट दुई शब्द***

के तपाईंले अगमवक्ताहरूको अनुभवहरूलाई जान्ने इच्छा कहिल्यै गर्नुभएको छ? आफूलाई परमेश्वरको खाँचो छ भन्ने कुराको महसूस तिनीहरूले कसरी गरे? कसरी तिनीहरूको प्रार्थनाको उत्तर आयो? तिनीहरूलाई कसरी बोलावट भयो र सबै मानवजातिको लागि आशिष् ल्याउन तिनीहरूलाई परमेश्वरबाट कसरी अगुवाइ भयो? अगमवक्ताहरूको बारेमा भएको यस पाठ्यपुस्तकको अध्ययनपछि यी प्रश्नहरूका जवाफ दिनलाई तपाईं अझै सक्षम हुनुहुनेछ।

तपाईंले नूह, अब्राहाम र मोशा जस्ता अगमवक्ताहरूका जीवनीलाई अध्ययन गर्नुहुनेछ। तिनीहरूका बारेमा तपाईंले पत्ता लगाउनु भएको सत्यताले तपाईंको आफ्नै जीवन परिवर्तन हुनेछ भन्ने मैले आशा लिएको छु।

तपाईंले अध्ययन गर्ने र सफलतासाथ यस पाठ्यपुस्तकलाई पूरा गर्नको निम्ति जान्नुपर्ने केही कुराहरूलाई अब हामी विचार गरौं।

यस पाठ्यपुस्तकले शिक्षणको आधुनिक प्रणालीलाई प्रयोग गरेको छ, जसले तपाईंलाई सिद्धान्तहरू सजिलैसँग सिक्न र तिनीहरूलाई तुरुन्तै व्यवहारमा लगाउनको निम्ति सहायता गर्छ। यस अध्ययन सहायकलाई अब हामी हेरौं।

### *तपाईंको अध्ययन सहायक*

हामी अगमवक्ताहरूबाट सुन्छौं भन्ने पुस्तक पाकेट साइजको अभ्याससहित भएको पुस्तिका हो। तपाईं जहाँ जानुहुँदा पनि यसलाई लैजानसक्नुहुन्छ र अलिकति फुर्सत पाउनुभएको बेलामा यस पुस्तकलाई पढ्नसक्नुहुन्छ। यसलाई अध्ययन गर्नको निम्ति हरेक दिन केही समय छुट्याउनुहोस्

तपाईंले प्रत्येक पाठको शुरूमा पाठका उद्देश्यहरू भेट्टाउनुहुनेछ। तपाईंले आफ्नो अध्ययनबाट के कुराको आशा गर्नसक्नुहुन्छ भनी जान्न यी उद्देश्यहरूले सहायता पुऱ्याउँछन्। उद्देश्य भनेको कुनै लक्ष्य हो। तपाईंले आफ्ना उद्देश्यहरूलाई मनमा राख्नुभयो भने अझै राम्रोसँग अध्ययन गर्नसक्नुहुनेछ।

प्रत्येक पाठको शुरूका दुई पृष्ठहरूलाई बड़ो होशियारीसाथ अध्ययन गर्नुहोस्। यसले पाठमा आउने अरू विषयहरूको लागि तपाईंलाई तयारी पार्छ। त्यसपछि खण्ड खण्ड गरी पाठलाई अध्ययन गर्नुहोस् र तपाईंको अभ्यासको निम्ति भनी लेखिएको शीर्षकको मुनि भएका निर्देशनहरूलाई पालनगर्नुहोस्। यदि अध्ययन प्रश्नहरूका उत्तरहरूलाई अध्ययन सहायक पुस्तिकामा लेख्ने ठाउँ पुगेन भने तपाईंको आफ्नै अभ्यास पुस्तिकामा लेख्नुहोस्, र यस पाठलाई फेरि दोहोऱ्याउँदा त्यसलाई पनि हेर्नसक्नुहुनेछ। तपाईंले अध्ययन प्रश्नहरूका निम्ति आफ्नै उत्तरहरू दिइसक्नुभएपछि, पाठको अन्तमा दिइएका उत्तरहरूसँग आफ्ना उत्तरहरूको जाँच गर्नुहोस्।

# पाठ १

# नोआ – उनले परमेश्वरको आज्ञाअनुसार काम गरे

"ठूलो तूफान आउने छ। देशभरिनै मृत्यु र विधँश हुनेछ।"

मानीलिऔं, तपाईंले यी शब्दहरू रेडियोमा सुन्नुभयो। मानीलिऔं त्यस समाजमा तपाईंसँग मात्र एउटा रेडियो थियो। तपाईंले मात्र आउने विनाशको बारेमा थाह पाउनुभयो। तपाईंलाई कस्तो लाग्छ? यस्तो अवस्थामा तपाईंले के गर्नुहुन्छ? हुनसक्छ, तपाईंले सबैभन्दा पहिले आफ्नो परिवारको बारेमा विचार गर्नुहुन्छ। "आओ हामीहरू आफैलाई बचाउने कोशिश गर्नुपर्छ" भनी तपाईंले तिनीहरूलाई चेताउनी दिनुहुन्छ। त्यसपछि तपाईंले हतार गर्दै आफ्ना छिमेकीहरूलाई पनि चेताउनी दिनुहुनेछ,

"तूफान आउनलागेको छ छिटो तयार हुनुहोस्!"

मानीलिऔं तिनीहरूले तपाईंको कुरै सुनेनन्। मानीलिऔं तिनीहरूले तपाईंलाई भने, "तिमी जलवायुको विषयमा त्यति सिपालु छैनौ। तिमीले हूरी बतासको यति ठूलो कथा बोकेर आउँदैमा हामी उत्तेजित हुँदैनौं। हामी भोज खाँदैछौं। तिमी यहाँबाट गैहाल। त्यस्तो खालको तूफान कहिल्यै पनि आएको छैन। तिमीले भनेको कुरामा हामी किन विश्वास गर्नु?"

तपाईंलाई कस्तो निराश र असफलताको अनुभव हुन्छ होला! अरूहरूलाई सहयोग गर्ने कोशिश गर्दा आफ्ना सबै प्रयासहरू विफल भएकोमा तपाईंलाई कति निराश लाग्ला! तर यदि यो घटना निश्चयनै हुन्छ भनी तपाईंले आफ्नो हृदयमा विश्वास गर्नुभएको छ भने आफ्नो परिवार आफूलाई बचाउनको निम्ति तपाईंले सम्भाविय सबै कुराहरू गर्नुहुन्छ, गर्नुहुन्न र?

उदाहरणको निम्ति हामीले यसभन्दा पहिले उल्लेखगरेका घटनाहरू जस्ता घटनाहरूलाई नोआले वास्तविक रूपमा अनुभव गरेका थिए। उनले सुनेको आवाज रेडियो प्रसारणबाट आएको थिएन। नोआले परमेश्वरको आवाज सुनेका थिए। नोआको अनुभवलाई हामी यस पाठमा छलफल गर्नेछौं। पृथ्वीमाथि किन डरलाग्दो हूरीबतास आयो, परमेश्वरले नोआलाई के भन्नुभयो, र जल प्रलयको पानी आफ्नो वरिपरि हुँदा नोआको जीवन कसरी बाँच्यो भन्ने विषयमा तपाईंले सिक्नुहुनेछ।

**यस पाठमा तपाईंले यी कुराहरू सिक्नुहुनेछ ...**

परमेश्वरले संसारको मुल्याङ्कन गर्नुभयो
परमेश्वरले मानवजातिको न्याय गर्नुभयो
नोआले परमेश्वरको योजनालाई स्वीकार गरे

**यस पाठले तपाईंलाई यी कुराहरूमा सहायता पुऱ्याउनेछ ...**

* परमेश्वरको विरूद्धको पाप भनेको के हो सो व्याख्या गर्न
* न्याय किन आवश्यक छ सो व्याख्या गर्न
* परमेश्वरको योजना र उहाँका प्रतिज्ञाहरूको वर्णन गर्न
* मानिसले कसरी परमेश्वरको प्रतिज्ञा प्राप्त गर्न सक्छ सो व्याख्या गर्न

## परमेश्वरले संसारको मुल्याङ्कन गर्नुभयो

### *मानवजातिको अवस्था*

"नोआले के गरेको हो?" मानिसहरूले गिल्लागर्दै सोध्न लागे।

ठूलो जल प्रलयले पृथ्वीलाई नाश गर्दैछ भन्ने कुरा नोआलाई मात्र थाह थियो। उनले एक ठूलो जहाज बनाउनलागेका थिए। उनले मानिसहरूलाई चेताउनी दिने कोशिश गरे, तर तिनीहरूले उनका कुरामा विश्वासै गरेनन्।

शुरूमा परमेश्वरले सुन्दर र सिद्ध पृथ्वी सृष्टि गर्नुभयो, जुन बोट विरूवाहरू र जनावरहरूले भरिएको थियो। तब त्यस सुन्दरतामा भाग लिनको निम्ति उहाँले मानिस र उसकी पत्नीलाई सृष्टि गर्नुभयो।

मानिस र स्वास्नीमानिसले आफूलाई सृष्टि गर्नुहुने परमेश्वर-लाई आदर गरेनन्। तिनीहरू कसरी आनन्दसाथ जिएर उहाँलाई खुशी पार्नुपर्छ भन्ने कुराको व्याख्यागर्दै उहाँले निर्देशनहरू दिनुभयो, तर तिनीहरू उहाँको आज्ञा पालनगर्न असफल भए। यसले मानव जीवनमा पाप ल्यायो। त्यसपछि सन्तानहरू जन्मदै गए र पृथ्वी मानिसले भरिंदैगयो तर तिनीहरूले परमेश्वरलाई खुशी तुल्याउने कामचाहिँ गर्न सकेनन्। पापले मानिसहरूको हृदयलाई अधीन गर्न थाल्यो।

परमेश्वरले मानिसहरूलाई सबै सृष्टिको मुकुटको रूपमा सृष्टि गर्नुभएको थियो। उहाँले तिनीहरूलाई सबै समयमा जाँच गर्नुभयो र तिनीहरूका काम र विचारहरूलाई उहाँले स्पस्टरूपमा जान्नुभएको थियो। ती दिनहरूमा मानिसहरूले परमेश्वरलाई पूरै बिर्सेका छन् र उहाँबाट पूर्णरूपमा अलग भएर पापमा जिएका छन् भन्ने कुरा उहाँलाई थाह थियो।

> *पृथ्वीमा मानिसका दुष्टता बढ़ी भएको र तिनीहरूको हृदयको विचारको जुनसुकै पनि भावना निरन्तर खराबै मात्र भएको परमप्रभुले देख्नुभयो।*

मानिसहरू *भ्रष्ट* भएको परमेश्वरले देख्नुभयो। यसको अर्थ तिनीहरू बेइमान, घमण्डी र स्वार्थी बनेका थिए। तिनीहरूले जीवनको सामान्य उद्देश्यलाई गुमाएका थिए। तिनीहरूमध्ये धेरै जना बरालिएर आफ्ना मन र शरीरहरूलाई अस्वाभाविक मार्गतिर लगाएका थिए। तिनीहरूले शारीरिक अभिलाषाहरू पूरा गर्नको लागि खाने, पिउने, भोज लगाउने र उत्सवहरू मनाउने गर्थे। तिनीहरूले परमेश्वरको खाँचोको महसूस गरेनन् नता उहाँलाई आदर र सम्मानने दिए। तिनीहरूले उहाँको आनन्दको निम्ति केही वास्ता गरेनन्, नता आफ्ना जीवनमा उहाँको इच्छा पूरा गरे।

मानिसहरू *विद्रोही* भएको परमेश्वरले देख्नुभयो। यसको अर्थ यो हो कि तिनीहरू एक अर्कातर्फ कठोर र विचारहीन भएका थिए। तिनीहरू एक अर्कासँग लड़ाई झगड़ा गर्थे, र तिनीहरू निर्दयी, कठोर र स्वार्थी थिए। परमेश्वरले दिनुभएको शरीरलाई तिनीहरूले अरूहरूलाई दुःख दिनको निम्ति प्रयोग गरे, र आफ्नो शक्ति र क्षमताहरू पृथ्वीलाई पालनपोषण गर्न र आफ्ना सृष्टिकर्तालाई महिमा ल्याउनको लागि प्रयोग गर्नुपर्छ भन्ने कुरा तिनीहरूले बिर्से।

## तपाईंको अभ्यासको निम्ति

*तपाईंको अभ्यासको निम्ति* भनिएको प्रत्येक खण्डका प्रश्नहरू वा अभ्यासहरूले तपाईंले भर्खरै अध्ययन गर्नुभएको विषयहरूलाई दोहोर्‍याउन वा व्यवहारमा ल्याउन सहायता पुर्‍याउँछन्। तपाईंले पाठ बुझ्नुभयो वा बुझ्नु भएन भनी थाह पाउन तिनीहरूले सहायता गर्छन्। प्रत्येक खण्डमा दिइएका निर्देशनहरूलाई पालनगर्नुहोस्।

तल दिइएको खाली ठाउँमा ठीक शब्दहरू भरी वाक्य पूरा गर्नुहोस्।

१ 'मानिसहरू ................ भएका परमेश्वरले देख्नुभयो यसको अर्थ तिनीहरूले आफ्नो बल एक अर्कासँग .......... ........................... गर्नलाई प्रयोग गरेका थिए।

२ मानिसहरू ................. भएका परमेश्वरले देख्नुभयो। यसको अर्थ तिनीहरूले आफ्ना शरीर र मनलाई ................ र बेइमान मार्गतिर लगाएका थिए।'

तपाईंका उत्तरहरूको जाँच गर्नुहोस्

### *पापको स्वभाव*

पृथ्वीको अवस्था देख्दा परमेश्वरलाई निराश लाग्यो। मानिसहरू विवेकहीन भइसकेका थिए। तिनीहरूले आफ्ना पापकर्म गरिनै रहे, किनभने पाप चाहिँ हृदयको डरलाग्दो र विनाशकारी अवस्था हो भन्ने वास्तविकतालाई तिनीहरूले स्वीकार गर्दैनथे। उहाँलाई पापको सत्यताको बारेमा थाह थियो। भ्रष्टता

र विद्रोहीपन मात्र पाप थिएनन् तर तिनीहरू मानिसको पापपूर्ण अवस्थाका नतिजाहरू हुन् भन्ने कुरा उहाँलाई थाह थियो।

कहिलेकहीँ हामी पापलाई कुनै व्यक्तिले कुनै समयमा गरेका दुष्ट कामको रूपमा विचार गर्छौं। यो यस्तै हुनसक्छ, तर यो यसभन्दा पनि अझ धेरै हो। पापको बारेमा भएको वास्तविक सत्यता चाहिँ यो मानिसको अस्तित्वको अवस्था हो किनभने मानिस परमेश्वरबाट तर्किएको छ। पापले मानिसलाई परमेश्वरबाट अलग पार्छ। परमेश्वरको इच्छामा आफूलाई समर्पण गर्न इन्कार गर्नु पाप हो। यो परमेश्वरलाई सेवा गर्न र उहाँलाई खुशी तुल्याउने मानिसको उद्देश्यको इन्कार हो। पाप भनेको मानिसले परमेश्वरको इच्छालाई इन्कार गर्नु हो।

पापले महामारी रोगको रूपमा मानव जातिलाई आफ्नो अधीनमा राखेको छ। यसले तिनीहरूलाई यस पृथ्वीमा मात्र होइन तर परमेश्वरबाट तर्कनेहरूलाई नरकमा समेत सहननसक्ने कष्टतर्फ लैजान्छ। त्यसैले त मानिसहरूको पापपूर्ण अवस्था देख्दा परमेश्वरलाई दिक्क लाग्यो। मानिसहरूलाई यस्तो किसिमले जानदिनु हुँदैन भन्ने कुरा उहाँलाई थाह थियो। पृथ्वीमा न्याय र नाश आउनुपर्छ भन्ने कुरा उहाँलाई थाह थियो। पापले पृथ्वीमा छोड़ेको दागलाई पखाल्न आवश्यक थियो, यसरी आफ्नो सृष्टिको मुकुटको हृदयबाट फेरि एक पल्ट परमेश्वरको महिमा प्रकट हुनुपर्ने थियो।

## तपाईंको अभ्यासको निम्ति

**३** तल दिइएको तालिकाबाट शब्दहरू छान्नुहोस् र तपाईंले

पापको बारेमा बुझ्नुभएको परिभाषा लेख्नलाई ती शब्दहरूबाट छान्नुहोस्। तपाईंले सबै शब्दहरूलाई प्रयोग गर्न आवश्यक छैन। उदाहरणको लागि पहिलोलाई हामीले गरिदिएका छौं।

| | | |
|---|---|---|
| रोग | अलगपार्नु | अवस्था |
| दुःख | फर्काउनु | अनाज्ञाकारिता |
| इन्कार | विद्रोहीपन | |

**क)** पाप *पापले मानिसलाई परमेश्वरबाट अलग पार्छ।*

**ख)** पाप ........................................................................
........................................................................

**ग)** पाप यस्तो ........................................................................
........................................................................

**घ)** पाप ........................................................................
........................................................................

## परमेश्वरले मानवजातिको न्याय गर्नुभयो

### *न्याय आवश्यक थियो*

परमेश्वर धीरजी हुनु भए तापनि, यस्तो समय आयो जहाँ उहाँले घोषणा गर्नैपर्‍यो कि अब मानिसको दुष्टताले अझै पृथ्वीलाई दूषित पार्नपाउने छैन।

यसैले परमेश्वरले भन्नुभयो, "मैले सृष्टि गरेको मानवजातिलाई पृथ्वीबाट म मेटिदिनेछु – के मानिस, के घस्रने जन्तु, के आकाशका पक्षी, सबै प्राणीहरूको अन्त्य गर्ने मैले अठोट गरिसकेको छु, किनभने पृथ्वी तिनीहरूका उपद्रवले भरिएको छ। हेर म तिनीहरूलाई पृथ्वीसमेत नाश गर्नेछु। जीवनको सास हुने

सबै प्राणीलाई म आकाशमुनिबाट सर्वनाश पार्नलाई पृथ्वीमा जलप्रलय ल्याउनेछु, र पृथ्वीमा भएको हरेक प्राणी मर्नेछ।''

सम्पूर्ण मानवजातिले परमेश्वरको इच्छाको विरोध गरेको छ। तिनीहरूले परमेश्वरको आज्ञापालनको विरूद्धमा युद्ध गरेका छन्। अर्को शब्दमा भन्ने हो भने मानिसहरूले आफ्नो अस्तित्वको विरूद्धमा युद्ध गरे। यसरी तिनीहरू आफैले आफैलाई परमेश्वरको दृष्टिमा नाश गरे। परमेश्वरले तिनीहरूलाई दिनुभएको कुरालाई तिनीहरूले भ्रष्ट तुल्याए। यस्तो दुष्टताले आफ्नो सृष्टिलाई दाग लगाउन परमेश्वरले चाहनुभएन। सत्य र पवित्र परमेश्वरले पापमाथि न्याय ल्याउनैपर्‍यो।

तपाईंलाई थाहै छ आफ्ना छोराछोरीहरूलाई माया गर्ने एक असल बाबुले तिनीहरूले आफ्नो नामलाई भ्रष्ट पारेको हेरिरहन सक्तैनन्। परिवारको नामको इज्जतलाई वेवस्ता गर्न सकिंदैन। छोराछोरीहरूले आफ्ना बाबुको अनादर गरी उनको आज्ञा भङ्गगर्नुहुँदैन। तिनीहरूले यस्तो दुष्ट काम गर्ने जिद्दी गर्दा उनले तिनीहरूलाई दण्ड दिनैपर्छ। एक असल बाबुले आफ्ना छोराछोरीहरूलाई दण्ड दिन चाँहदैनन् तर उनमा कुनै विकल्प छँदैछैन। छोराछोरीहरूको दुष्टताले दण्डको आवश्यकता देखाउँछ। प्रेममा गरिएको यस्तो दण्डले छोराछोरीहरूलाई ठीक बाटोमा लैजानलाई सहायता गर्छ, जसले लाजमा होइन तर इज्जतमा लैजान्छ।

आफ्ना छोराछोरीहरूबाट अनादर र अनाज्ञाकारिताको अनुभव गर्ने बाबुलेजस्तै परमेश्वरले पनि त्यही अवस्था भोग्नुपरेको थियो। यसको साथसाथै परमेश्वरको स्वभाव पूर्णरूपमा पवित्र छ। यस्तो पवित्रता पापसँग सहभागी हुनसक्तैन। पवित्रताले पापलाई न्याय गर्नैपर्छ।

## तपाईंको अभ्यासको निम्ति

४ तल दिइएका ठीक बयानहरूका अगाडिका अक्षरहरूमा घेरा लगाउनुहोस्। परमेश्वरले मानवजातिमाथि दण्ड पठाउनुभयो किनभने

**क**) उहाँले मानिसहरूलाई प्रेम गर्नुभएन।
**ख**) मानिसहरूले घरिघरि उहाँका उद्देश्यहरूको विरोध गरे।
**ग**) उहाँको पवित्रताले पापलाई न्याय गर्नैपर्छ।
**घ**) उहाँले आफ्नो शक्तिको प्रमाणित गर्ने इच्छा गर्नुभयो।

### *न्याय र कृपाको योजना बनाइएको थियो*

अब परमेश्वरले वास्तविक समस्याको सामना गर्नुपरेको जस्तो देखिन्छ, के उहाँले सामना गर्नुपरेको जस्तो देखिंदैन र? उहाँले पापपूर्ण पृथ्वीको न्याय गर्नैपऱ्यो। तर यसको साथसाथै उहाँमा असीमित दया र कृपाको महान् हृदय पनि छ। उहाँको सबैभन्दा ठूलो इच्छा चाहिँ जुन उद्देश्यले उहाँले मानिसलाई सृष्टि गर्नुभएको थियो सो पूरा गर्न सकून् भन्ने थियो। तिनीहरूले उहाँको नाउँमा महिमा ल्याएको उहाँ चाहनुहुन्थ्यो। अब उहाँले के गर्नुपर्ने हो?

उहाँले दुःखित भएर पृथ्वीलाई हेर्नुभएको भए तापनि आफूले कसरी समस्याको समाधान गर्नुपर्ने हो सो कुरा उहाँलाई शुरूदेखिनै थाह थियो। उहाँको योजना थियो। उहाँले सबै पापपूर्ण पृथ्वीलाई नाश गरेर पनि मानवजातिलाई बचाउन सक्नुहुन्थ्यो, किनभने ती दिनका मानिसहरूका बीचमा परमेश्वर

सँगसँगै हिँड्ने एक धर्मी र निर्दोष मानिस थिए। उनको नाम नोआ थियो जसको अर्थ शान्ति हो।

यही समयमा ठूलो हूरी बतास आउँदै छ भन्ने खबर नोआले सुने। उनले रेडियो प्रसारणबाट आएको खबर सुनेका होइनन् तर सीधै परमेश्वरबाट आएको आवाजलाई उनले सुनेका थिए।

अनि परमेश्वरले नोआलाई भन्नुभयो, "सबै प्राणीको अन्त्य गर्ने मैले अठोट गरिसकेको छु, किनभने पृथ्वी तिनीहरूद्वारा उपद्रवले भरिएको छ। म तिनीहरूलाई पृथ्वीसमेत नाश गर्नेछु। म पृथ्वीमा जलप्रलय ल्याउनेछु र पृथ्वीमा भएका सबै प्राणीहरू नाश हुनेछन्।"

नोआ आफै पनि पापको अधीनमा रहनसक्ने व्यक्ति भए तापनि उनले परमेश्वरको अनुग्रह पाए, किनभने सृष्टिकर्ताको नजीकै रहेर उनले उहाँको उपस्थितिको चाहना गरे। नोआ परमेश्वरका मार्गमा हिँडे र आफूलाई उहाँमा समर्पण गर्नलाई उनी सधैं इच्छुक थिए। परमेश्वरले नोआलाई सन्देश वाहकको रूपमा प्रयोग गर्नको लागि योजना बनाउनुभयो। उहाँले नोआद्वारा मानवजातिको निम्ति चेताउनीको सन्देश दिन चाहनुभयो। उहाँले नोआद्वारा संसारमा कृपा र दया प्रकट गर्न चाहनुभयो। परमेश्वरले यो पनि देखाउनुभयो कि परमेश्वरको आवाज सुनेर उहाँमा आज्ञाकारी हुनेहरूका लागि न्यायको समयमा पनि सुरक्षाको बाटो उपलब्ध गरिनेछ।

मानवजातिको पापपूर्ण अवस्थाले नै आवश्यक तुल्याएको हुनाले डरलाग्दो जलप्रलय आउँदैछ भन्ने कुरा परमेश्वरले नोआलाई बताउनुभयो। पापको दण्ड नदिइकन त्यसै छोड्न नहुने भयो। जल प्रलय परमेश्वरको न्याय थियो। तर नोआको निम्ति परमेश्वरले छुटकाराको बाटो बनाइदिनुभयो, किनभने

उहाँले आफ्ना मानिसहरूको अझै वास्ता गर्नुहुन्थ्यो र तिनीहरूका जीवनको निम्ति उहाँको कृपा र उद्देश्यहरूलाई बुझून् भनी उहाँले चाहना गर्नुभएको थियो। उहाँले नोआलाई उहाँका निर्देशनहरू होशियारीसाथ सुन्नू र पालन गर्नू भनी बताउनुभयो।

नोआले एक ठूलो पानी जहाज बनाउनुपर्ने भयो जुनचाहिँ पानीमाथि तैरिन सक्थ्यो र हूरी बतास र जलप्रलयको समयमा उनलाई सुरक्षा राख्नसक्थ्यो। पानी जहाजको निर्माणको निम्ति परमेश्वरले ठीक निर्देशनहरू र नापहरू दिनुभयो। जहाजको निर्माणको लागि परमेश्वरले दिनुभएको विस्तृत निर्देशनले आफ्ना मानिसहरूप्रति भएको उहाँको व्यक्तिगत चासो र सरोकारको बारेमा बताउँछन्। उत्पत्तिमा उल्लेखित विवरणमा हामी यो देख्छौं कि नोआले जहाज बनाउँदा परमेश्वर उनीसँग हुनुहुन्थ्यो र गरिएको प्रत्येक कामलाई परमेश्वरले हेर्नुभएको थियो। उहाँले आफ्नो चुनिएको निर्माणकर्ता कारीगरप्रति विशेष सरोकार राख्नुभयो र उनलाई अगुवाइ गर्दै कुनै पनि हूरी बतासको क्रोधलाई थाम्नसक्ने योग्यको जहाज आफ्नो प्रिय सृष्टिको निम्ति हुनुपर्छ भनी ठहऱ्याउनु भयो। परमेश्वरको अचम्भित जहाजको सुरक्षालाई स्वीकार गर्नेहरूलाई कुनै पनि दुष्टको शक्तिले कहिल्यै पनि नाश गर्न सक्नेछैन!

जहाजको पूर्ण निर्माण भइसकिएपछि तोकिएको समयमा पानी पर्न शुरू हुन्छ भनी परमेश्वरले नोआलाई बताउनुभयो। पृथ्वीबाट पनि मूल फुट्नेछ र जहाजमा भएकाहरू बाहेक सास हुनेहरू जति अरू सबै डुबेर मर्नेछन्। नोआले आफ्नो परिवारका सदस्यहरू र सबै जीवित प्राणीका जोड़ी जोड़ी जहाजभित्र लानुपर्ने थियो, यसरी जलप्रलय सकिएपछि जीवनलाई फेरि पुनर्स्थापना गर्न सकिन्थ्यो।

यसरी हामी देख्छौं कि न्याय आउनुभन्दा पहिल्यै परमेश्वरले आफ्नो विशेष सृष्टि मानवजातिलाई न्यायबाट उम्कन र नयाँ

जीवन ग्रहण गर्नको लागि बाटो उपलब्ध गरिदिनुभएको थियो। मानिसहरू न्याय र उद्धारको बाटो के हो भन्ने कुरामा निश्चित होऊन् भनेर परमेश्वरले एक मानिस नोआ र एक उपाय जहाजलाई छान्नुभयो।

## तपाईंको अभ्यासको निम्ति

**५** तल उल्लेखित शब्दहरूबाट ठीक शब्द छानी तल दिइएको खाली ठाउँमा भर्नुहोस्।

| | | |
|---|---|---|
| न्याय | सन्देशवाहक | पाप |
| जलप्रलय | जहाज | डुब्नु उद्धार |

**क**) मानिसको पापपूर्ण अवस्थाले ................................... ........................... को माग गर्छ।

**ख**) मानिस पापीनै भए पनि परमेश्वरले मानिसलाई .......... ...................................... प्रदान गर्नुभयो।

**ग**) परमेश्वरले मानिसहरूको सरोकार गर्नुभएको हुनाले उहाँले नोआलाई............................ बनाउने आज्ञा दिनुभयो।

**घ**) परमेश्वरले मानव ..........................................द्वारा काम गर्ने निर्णय गर्नुभयो।

## नोआले परमेश्वरको योजनालाई स्वीकार गरे

### *करारको स्थापना भयो*

परमेश्वरले नोआलाई भन्नुभयो, "म तँसँग मेरो करार स्थापित गर्नेछु। मेरा निर्देशन अनुसारको जहाज बना। मैले

भनेझैं तैंले तेरो परिवार र जनावरहरूलाई त्यसभित्र लैजा। यसरी अरू सबै प्राणी मर्ने जलप्रलयको पानीबाट तैं बाँच्नेछस्।"

परमेश्वरले विशेष उद्देश्यको निम्ति *करार* शब्द प्रयोग गर्नुभयो। करार एक किसिमको सम्झौता जस्तै भएको हुनाले यसमा एक वा त्यसभन्दा बढ़ी समूहहरूलाई एकैसाथ प्रतिज्ञामा बाँध्ने प्रभाव हुन्छ। करार वा सम्झौतामा प्रवेश गर्ने सबैले विशेष जिम्मा लिएको हुन्छ र सबैले फायदाको आशा गरेका हुन्छन्।

परमेश्वरले आफूलाई भनेको कुरा नोआले बुझे। उनले महसूस गरे कि परमेश्वरले करारद्वारा मानिसलाई आफूमा ल्याउनुहुन्छ। शुरूदेखिनै परमेश्वरको उद्देश्य यो थियो कि परमेश्वर र मानिस मिलापमै रहनुपर्छ। पूर्ण आज्ञाकारितामा काम गर्नाले परमेश्वरलाई खुशी पार्नसकिन्छ भनी नोआलाई थाह थियो। परमेश्वरप्रतिको आज्ञाकारिताले उनको निम्ति उद्धार र जीवन ल्याउँछ भन्नेकुरा उनलाई थाह थियो। परमेश्वरले आफूले बोलेको वचनलाई खेर फाल्नुहुन्न। नोआको उद्धार निश्चित थियो। उनले आफ्नो सुरक्षाको बारेमा कुनै शंका गरेनन्, किनभने परमेश्वरले आफ्नो धर्मीजनको विरूद्धमा षडयन्त्र रच्नुहुन्न। उहाँलाई पछ्याउनेहरूलाई उहाँले छल गर्नुहुन्न। एक असल सम्झौताले जस्तै परमेश्वरको करारले हरेक व्यक्तिको लागि फायदा ल्याउँछ।

नोआ हिचकिचाएनन्। उनको जीवनको विवरणलाई हामी यी शब्दहरूमा पढ्नसक्छौं: *परमेश्वरले उनलाई आज्ञा गर्नुभएझैं नोआले सबै काम गरे।* उनले आफ्नो आज्ञाकारिताद्वारा परमेश्वरलाई खुशी तुल्याए र आफू र आफ्नो परिवारको निम्ति छुटकारा प्राप्त गरे।

नोआले परमेश्वरको वचनलाई बुझेका थिए। उनले परमेश्वरले भन्नुभएको सबै कुरालाई विश्वास र स्वीकार गरे। उनले परमेश्वरको उद्धारको योजनालाई ग्रहण नगर्ने निर्णय पनि गर्नसक्थे, र पनि उनले परमेश्वरको निर्देशन अनुसार काम गर्ने स्वतन्त्र इच्छाको व्यक्तिगत निर्णय गरे। उनी भएको समयको अवस्थालाई हामीले विचार गर्‍यौं भने हामी यस कुरामा निश्चित हुनसक्छौं कि नोआले ठूलो विश्वास र साहससाथ व्यवहार गरेका थिए।

हामीले माथिनै देखिसक्यौं कि उनको वरिपरि भएका मानिसहरू सुख विलाश र स्वार्थी जीवनमा मात्र इच्छुक थिए। तिनीहरूले कहिल्यै जलप्रलयको बारेमा सुनेका थिएनन्। तिनीहरूले कहिल्यै आकाशबाट पानी परेका देखेका थिएनन्। तिनीहरूले नोआले परमेश्वरको बारेमा बताएको र तिनीहरूले आफ्नो बाटो बदल्नुपर्छ भनी उनले अर्ती दिएको सुनेका थिए। हुनसक्छ, तिनीहरूले उनको कुरा सुन्दा हाँसे र उनलाई अनौठो व्यक्तिको रूपमा विचार गरेका थिए। "अब जलप्रलय आउँदैछ" भनी अचानक उनले भनेको तिनीहरूले सुने। नोआले आफ्ना छोराछोरीलाई दिएको चेताउनी र तिनीहरू उनले बनाएको जहाजमा जानुपर्छ भनेको अर्ती तिनीहरूले सुनेका थिए।

परमेश्वरको विशेष निर्देशन अनुसार नोआले जहाज बनाए। यसले नै परमेश्वरको वचनको महत्वपूर्णताको गवाही दिनुपर्ने हो। विश्वासयोग्य र धीरजी काम र चेताउनीको सन्देश वर्षौंसम्म सञ्चालन भयो। नोआमाथि हाँसो गर्ने वा उनको वास्ता नगर्ने मानिसहरूले पनि निर्णय बनाउने कामहरूमा भाग लिए। जसरी नोआले आफ्ना कामहरूद्वारा परमेश्वरमा विश्वास गर्न र उहाँको आज्ञा पालन गर्न रोजेका थिए, त्यसैगरी अरूहरूले पनि आफ्ना कामद्वारा, परमेश्वरलाई इन्कार गर्न रोजेका थिए।

## तपाईंको अभ्यासको निम्ति

तल दिइएका प्रश्नहरूलाई आफ्नै विचारहरू प्रयोग गरी उत्तर दिनुहोस्। हरेकलाई केही शब्दहरूमा उत्तर दिनसकिन्छ।

६ करारको उद्देश्य के हो?

..................................................................

७ किन परमेश्वरले नोआसँग करार बनाउनुभयो?

..................................................................

८ करार बनाउँदा कस कसको जिम्मेवारी हुन्छ?

..................................................................

९ परमेश्वर र मानिसको बीचमा करार बनाउँदा मानिसको जिम्मेवारी के हो?

..................................................................

### *प्रतिज्ञा विस्तारित भयो*

अन्तमा जहाज बनाइसिद्धियो। हूरी बतास र जलप्रलयको समयभरिनै मानिसहरू र जनावरहरूलाई पुग्नेगरी नोआले खानेकुराहरू जहाजभित्र राखे। परमेश्वरले निर्देशन दिनुभएअनुसारनै सबै जनावरहरूलाई जहाजभित्र लगियो। आफ्नो परिवारका सदस्यहरूको साथसाथै नोआ जहाजभित्र प्रवेश गरे। यो कस्तो विजयी विश्वासको घड़ी भयो होला! अरू मानिसहरू

पापमा रहँदा नोआ मात्र धर्मी भएर रहेका थिए। उनले परमेश्वरका आज्ञाहरू पालन गरेर आज्ञाकारी भएका थिए। उनले विश्वासयोग्य र परिश्रमी भएर जहाजलाई तयारी बनाएका थिए। तर उनले ढोकाभित्र प्रवेश गर्दा उनले आफैलाई पूर्ण रूपमा एक नयाँ र विशेष किसिमले *परमेश्वरको हातमा सुम्पेका थिए।* हामी विवरणमा यसरी पढ्छौं कि, *"तब परमेश्वरले उनलाई भित्र बन्दगरिदिनुभयो।"* परमेश्वर आफैले जहाजको ढोका थुनिदिनुभयो। नोआले गर्नसक्ने कुनै पनि काम त्यहाँ थिएन। पापपूर्ण पृथ्वीमाथि आउने दण्डबाट सुरक्षा र उद्धारको निम्ति उनले पूर्णरूपमा परमेश्वरमा भरोसा राखेका थिए।

पृथ्वीमाथि दण्ड आयो। जलप्रलय डरलाग्दो वास्तविकता थियो। चालीस दिन र चालीस रात आकाशबाट पानी पऱ्यो र पृथ्वीबाट पनि ठूला ठूला मूलहरू फुटे। परमेश्वरले भने जस्तै नोआको चेताउनी पाएका मानिसहरू जो जहाजका बाहिर थिए तिनीहरू डरलाग्दो पानीमा डुबेर मरे। नोआ जहाज र परमेश्वरले स्थापित गर्नुभएको करारद्वारा सुरक्षित गरिएका थिए।

पानीले पृथ्वीलाई छोप्यो। परमेश्वरले पृथ्वीको पानीको मूललाई बन्द गरिदिनुभयो र पानी पर्न पनि छोड्यो र उहाँले ठूलो बतास चलाईदिनुभयो र पानी विस्तारै सुक्दैगयो र फेरि ओबानो जमीन देखापऱ्यो। परमेश्वरले नोआलाई भन्नुभयो, "जहाजबाट बाहिर आइजो।" उहाँले नोआलाई भन्नुभयो कि अब फेरि मानिस र जनावरहरू प्रशस्तैसँग बढ्न शुरू गर्नुपर्छ र पृथ्वीलाई फल्दो फूल्दो बनाउनुपर्छ।

जब नोआ सुक्खा जमीनमा उत्रे तब उनले परमप्रभुको नाममा एक वेदी बनाए र उहाँलाई आराधना र धन्यवाद दिनको निम्ति होमबलि चढ़ाए। परमेश्वर यसमा खुशी हुनुभयो, र नोआलाई भन्नुभयो, "अब म फेरि मानिसको खातिर पृथ्वीलाई

सराप दिनेछैन, किनकि मानिसको हृदयका विचार बालककालदेखिनै खराब हुन्छ, अनि अैले मैले गरेजस्तै सबै प्राणीलाई फेरि यसरी म सर्वनाश गर्नेछैनँ।'' परमेश्वरले धनुलाई मानवजातिप्रति भएको आफ्नो प्रतिज्ञाको चिन्हको रूपमा राख्नुभयो।

परमेश्वरको वचनबाट हामी यो बुझ्नसक्छौं कि जलप्रलयमा मानिसको पापपूर्ण अवस्थालाई नाश पार्न सकिएको थिएन। पापपूर्ण मानिसहरू नाश पारिए तर पापपूर्ण स्वभाव भने रहिरह्यो। यसबाट हामी यो सिक्नसक्छौं कि पापको अवस्था (स्वभाव) बाट स्वतन्त्र भएका हुनाले नोआले उद्धार पाएका होइनन् तर उनले आफ्नो सुरक्षाको निम्ति बाटो बनाइदिनुहुने परमेश्वरमा भरोसा राखेका हुनालेनै उद्धार पाएका हुन्। नोआले परमेश्वरमा विश्वास गरे र उहाँको आज्ञापालन गरे, त्यसैले परमेश्वरले उनलाई सुरक्षाको स्थानमा राखिदिनुभयो। जहाजको भित्र भएका हुनाले उनी जलप्रलयको पानीबाट सुरक्षित थिए। पापपूर्ण पृथ्वीमाथि आएको दण्डबाट पनि उनी सुरक्षित थिए। भरोसा र आज्ञाकारिताले हामी हरेकको निम्ति एक किसिमको जहाजको निर्माण गरेको हुन्छ, जसले हामीलाई दण्डबाट सुरक्षित राख्छ।

## तपाईंको अभ्यासको निम्ति

**१०** हामीले नोआको बारेमा अध्ययन गर्दा यो कुरा देखेका छौं कि उनका कामहरूले उनको चरित्रलाई उल्लेख गरेको छ। प्रत्येक कामको वर्णनपछि, त्यस कामको वर्णनलाई बताउने चरित्रलाई उल्लेख गर्नुहोस्। नोआका चरित्रहरू यस प्रकार छन्ः

अरूहरूप्रति सरोकार
काम गर्न इच्छुक
आराधना गर्ने
विश्वासयोग्य
परमेश्वरको आवाज सुन्ने

**क**) नोआले परमेश्वरका निर्देशनहरूलाई ठीक किसिमले पालन गरे।

.....................................................................

**ख**) नोआले एउटा ठूलो जहाज बनाए।

.....................................................................

**ग**) नोआले जहाज बनाउनको लागि धेरै वर्ष काम गरे।

.....................................................................

**घ**) जलप्रलय हुनेछ भनी नोआले मानिसहरूलाई बताए।

.....................................................................

**ङ**) नोआले परमप्रभुको निम्ति वेदी बनाए।

.....................................................................

**११** आफ्नो छुटकाराको निम्ति नोआको सबैभन्दा आवश्यकीय व्यवहार कुन थियो? तपाईंका आफ्नै शब्दहरूमा उत्तर दिनुहोस् ..................................................

हो, परमेश्वरले जलप्रलय हुनुभन्दा पहिले र जलप्रलय भइसकेपछि पनि यही कुरानै नोआलाई भन्नुभयो, *"मानिसको हृदयको विचारको जुनसुकै पनि भावना निरन्तर खराबै मात्र भएको परमप्रभुले देख्नुभयो"*। र पनि परमेश्वरले नोआसँग नयाँ करार बनाउने इच्छा देखाउनुभयो र यस समयमा उहाँले आफ्नो प्रतिज्ञालाई नोआका सन्तानहरूलाई पनि दिनुभयो। मानिसहरूका पापपर्ण काममा आफू खुशी नभएको कुरा परमेश्वरले जलप्रलय पठाएर प्रकट गर्नुभयो। पाप डरलाग्दो हुन्छ र यसले दण्डमा

लैजानै पर्छ भनी उहाँले प्रदर्शित गर्नुभयो। उहाँले यो कुरा पनि देखाउनुभयो कि परमेश्वरमा भरोसा राख्ने र उहाँको आज्ञापालन गर्ने व्यक्तिले दण्ड भोग्नुपर्ने छैन।

अब उहाँले भन्नुभयो, "म तँसँग र तेरा सन्तानहरूसँग मेरो करार स्थापित गर्नेछु। यसरी उहाँले धनुलाई करारको चिन्हको रूपमा लिनुभयो। परमेश्वरले फेरि एक पल्ट मानवजातिको निम्ति आफ्नो सरोकार र आशालाई प्रदर्शित गर्नुभयो। नोआको यस घटनालाई पुस्तौं पुस्तासम्म बताइएको होस् भनी परमेश्वरले चाहना राख्नुभएको छ, किनभने हामी सबैले पाठहरू सिक्नसकौं भनेर परमेश्वरले यस घटनालाई नमूनाको रूपमा हाम्रो बीचमा राखिदिनुभएको छ।

परमेश्वरले हामीलाई भन्नुभएको छ, "नोआलाई याद गर, उनको दिनमा भएका पापी मानिसहरूले उनको कुरालाई सुनेनन् र जलप्रलयको पानीले तिनीहरूलाई स्वात्तै लग्यो, यसैगरी परमेश्वरले पृथ्वीको न्याय गर्दा पनि बड़ो डरलाग्दो समय आउने छ।" नोआलाई याद गर। उनी विश्वासयोग्य मानिस थिए र परमेश्वरले उनलाई ग्रहण गर्नुभयो। परमेश्वरले नोआलाई झैं हामीलाई भन्नुभएको छ, "अब फेरि पानीले पृथ्वीलाई छोप्ने छैन भनी जब मैले प्रतिज्ञा गरें तँप्रति भएको मेरो प्रगाढ़ प्रेम कहिल्यै पनि हल्लिने छैन र शान्तिको मेरो करार पनि कहिल्यै हटाइने छैन।"

## तपाईंको अभ्यासको निम्ति

१२ नोआ र जलप्रलयको विवरणको बारेमा विचार गर्दा

तपाईंको मनमा आउने विचार वा पाठहरूलाई एक छुट्टै कागजको पानामा सूची बनाउनुहोस्।

नोआले परमेश्वरको इच्छाप्रति दिएको प्रतिउत्तरबाट तपाईंले सिक्नुभएको सत्यताले तपाईंको आफ्नै जीवनलाई कसरी उन्नति गराएको छ?

तपाईंका उत्तरहरूलाई यस पाठको अन्तमा दिइएका उत्तरहरूसँग जाँच्नुहोस्।

**१३** नोआलाई छुटकारा दिनुहुने परमेश्वरसँग प्रार्थना गर्नुहोस् र तपाईंको निम्ति भएको उहाँको योजना अनुसार तपाईंको आफ्नो हृदयमा उहाँलाई बोल्न र तपाईंको छुटकाराको अगुवाइको निम्ति उहाँसँग विन्ती गर्नुहोस्।

## प्रार्थना

हे परमेश्वर धर्मीजनहरूका रक्षक र अगुवा। तपाईंलाई सदा सर्वदा प्रशंसा (खुदा) होस्। जसरी तपाईंले व्यक्तिगत रूपमा नोआलाई जहाज बनाउने आदेश दिनुभयो जसले उनलाई जलप्रलयबाट सुरक्षा गरेको थियो। यसैगरी तपाईंले मलाई पनि मेरो जीवनको सुरक्षाको निम्ति जहाज बनाउनलाई सहायता गर्नुहोस्। तपाईंसँग मैले स्थापित गरेको सम्बन्धले आउनै लागेको ठूलो र डरलाग्दो न्यायको दिनबाट मलाई सुरक्षा गर्नेछ। मेरो हृदयभित्र भक्ति र आज्ञाकारिताको सम्बन्ध सृजना गरिदिनुहोस्। यस्तै किसिमको करारको निम्ति मेरो आत्माले तपाईंमा पुकारा गर्छ। जुन करारमा तपाईं मेरो शरणस्थान हुनुहुन्छ, र नाश र नरकबाट मैले पूर्ण रूपमा छुटकारा पाएको छु भन्ने कुरामा म निश्चित हुनसक्छु। त्यसपछि मात्र मेरो प्राणले शान्तिमा विश्राम पाउनेछ। आमिन

## तपाईंका उत्तरहरूको जाँच गर्नुहोस्

तपाईंका अध्ययन प्रश्नहरूका उत्तरहरूलाई क्रमिक रूपमा दिइएका छैनन्। तपाईंले अर्को प्रश्नको उत्तर अगाड़िनै देख्न नसक्नुभएको होस् भन्ने हेतुले सो गरिएको हो। तपाईंलाई चाहिने संख्यालाई हेर्नुहोस् र आवश्यक नभएका संख्या हेर्ने कोशिश नगर्नुहोस्।

७ उहाँले मानिसलाई आफैमा ल्याउने इच्छा गर्नुभयो।

१ भ्रष्ट, अस्वाभाविक

८ सबै समूहहरूको जिम्मेवारी छ

२ विद्रोही, झगड़ा

६ परमेश्वरको आज्ञा पालन गर्नु

३ **क**) पापले मानिसलाई परमेश्वरबाट अलग पार्छ।

**ख**) पाप रोग हो जसले कष्टमा लैजान्छ।

**ग**) मानिस परमेश्वरको इच्छाको अनाज्ञाकारी भएपछि पाप आउँछ।

**घ**) पाप मानिसले परमेश्वरको इच्छाको विद्रोह र इन्कार गरेको नतिजा हो।

१० **क**) परमेश्वरको आवाज सुन्ने

**ख**) काम गर्न इच्छुक

**ग**) विश्वासयोग्य

**घ**) अरूहरूप्रति सरोकार

**ङ**) आराधना गर्ने

४ **ख**) मानिसहरूले घरिघरि उहाँका उद्देश्यहरूको विरोध गरे।

**ग**) उहाँको पवित्रताले पापलाई न्याय गर्नैपर्छ।

११ अरू शब्दहरूमा यसरी प्रकट गर्न सकिन्छ।
नोआले परमेश्वरको आज्ञा पालन गरे। परमेश्वरले आफूलाई भन्नुभएको काम उनले गरे। उनले आफैलाई परमेश्वरमा समर्पण गरे, वा पूर्णरूपमा परमेश्वरमाथि भर परे। उनले परमेश्वरमाथि भरोसा राखे।

५ **क**) न्याय

**ख**) उद्धार

**ग**) जहाज

**घ**) सन्देशवाहक

१२ *सम्भाविय उत्तरहरू:* परमेश्वरको दृष्टिमा पाप कत्ति डरलाग्दो छ भन्ने कुरा जान्नु मलाई आवश्यक छ। परमेश्वरले मानिसहरूलाई कत्ति धेरै वास्ता गर्नुहुन्छ भन्ने कुरा मैले महसूस गर्नाले म आफू परमेश्वरको नजीक भएको अनुभव मलाई हुन्छ। मैले आफ्नो जीवनलाई पूर्ण रूपमा परमेश्वरमा समर्पण गर्नाले दण्डबाट छुटकारा पाउँछु भन्ने निश्चयता मलाई हुन्छ।

६ दुई वा त्यसभन्दा बढ़ी समूहहरूलाई एकैसाथ मिलाउनु

# पाठ २

# अब्राहाम – उनी परमेश्वरका मित्र थिए

तपाईं परमेश्वरसँगको आफ्नो सम्बन्धमा पूर्ण निश्चित हुनसक्नुहुन्छ। तपाईंले आफैलाई परमेश्वरमा कसरी समर्पण गर्नुपर्छ र उहाँले प्रतिज्ञा गर्नुभएका आशिष्‌हरूलाई कसरी प्राप्त गर्नुपर्छ भन्ने विषयमा अब्राहामको अनुभवहरूबाट सिक्नसक्नुहुन्छ। उहाँले अब्राहामलाई आफ्नो दास र मित्र हुनको निम्ति चुन्नुभयो। परमेश्वरको इच्छाको पछिलाग्नेहरूलाई आशिष् दिनको निम्ति परमेश्वरले यो कार्य गर्नुभएको थियो।

अब्राहामको जीवनको विवरणबाट तपाईंले यो कुरा पत्ता लगाउनसक्नुहुन्छ कि अब्राहामले जस्तै तपाईंले पनि ठीक उद्देश्यको

निम्ति आफ्नो जीवन अर्पण गर्न आवश्यक छ। उनले पापको स्वभाव र खतरालाई महसूस गरेका थिए। उनले विश्वास गरेका थिए कि परमेश्वरले उनी र उनका मानिसहरूलाई वास्ता गर्नुभएको थियो। उनले परमेश्वरको प्रतिज्ञालाई ग्रहण गरे। उनले परमेश्वरका निर्देशनहरू पालन गरे। उनले आज्ञाकारिता र प्रेममा आफैलाई पूर्णरूपमा समर्पण गरेका थिए।

यस पाठमा तपाईंले यी सिद्धान्तहरूको बारेमा अझै सिक्नुहुनेछ, र अब्राहामले जस्तै जिउन सक्नुहुनेछ। यस्तो हुनुभनेको परमेश्वरको मित्र हुनु हो भन्ने कुरा तपाईंले बुझ्नुहुनेछ।

### यस पाठमा तपाईंले यी कुराहरूको अध्ययन गर्नुहुनेछ ...

अब्राहामले परमेश्वरको बोलावटमा जवाफ दिए
अब्राहामले विश्वासको प्रदर्शन गरे
अब्राहामले परमेश्वरलाई सबै दिए

### यस पाठले तपाईंलाई यी कुराहरूमा सहायता पुऱ्याउनेछ ...

* परमेश्वरसँग भएको मानिसको सम्बन्धको स्वभावको व्याख्या गर्न
* अब्राहामले कसरी विश्वास र समर्पणलाई प्रदर्शन गरे सो वर्णन गर्न
* तपाईंले परमेश्वरको बोलावटलाई कसरी प्रतिउत्तर दिनुभयो सो बुझ्न सक्नु

## अब्राहामले परमेश्वरको बोलावटमा जवाफ दिए

### *परमेश्वरले मानिसहरूद्वारा काम गर्नुहुन्छ*

तपाईं आफू एक्लैले के गर्नसक्नुहुन्छ? अरूहरू कोही पनि तपाईंसँग नभएर तपाईंलाई सहायता नगरीकनै तपाईंले के गर्न-सक्नुहुन्छ? यसरी तपाईं कुन काम चाहिँ पूरा गर्नसक्नुहुन्छ र?

तपाईं एकलै प्रार्थना गर्नसक्नुहुन्छ। तर तपाईंले प्रार्थना गर्नुहुँदा अरूहरूको उपस्थितिलाई पनि स्वीकार गर्नुहुन्छ। तपाईंले लेखक, विद्वान्, अनुवादक वा अन्य विभिन्न व्यक्तिहरूको सहयोगबाटनै कतिपय कुराहरू सिक्नुपर्छ। तपाईंको भाषामा प्रचलित अक्षरहरूलाई कुनै विद्वान्ले अर्थ खोलिदिएको कारणले तपाईं बुझ्नुहुन्छ, नत्र भने ती तपाईंका लागि मसीका थोप्ला जस्ता मात्र हुन्छन्।

तपाईं आफूले मात्र गर्नसक्ने कुरा ज्यादै थोरै मात्र छ। परमेश्वर एकलैले के गर्नसक्नुहुन्छ? परमेश्वर सर्वशक्तिमान हुनुहुन्छ। उहाँ कसैमाथि पनि भर पर्नुहुन्न र कसैको अनुमति पनि उहाँलाई चाहिँदैन। *विश्वमाथि उहाँको सम्प्रभु शक्ति छ।* सबै सृष्टि उहाँको हातको काम हो र यसको उद्देश्य उहाँको नाउँमा महिमा ल्याउनु हो।

आफू एकलै रहन नचाहनुभएको हुनाले परमेश्वरले मानवजातिलाई सृष्टि गर्नुभयो। उहाँले सृष्टिको जीवन र सुन्दरतामा भाग लिन र परमेश्वरसँग संगति र उहाँलाई आराधना गर्नको निम्ति मानवजातिलाई सृष्टि गर्नुभयो।

हामीलाई थाह छ कि आफूले सृष्टि गरेका मानिसहरूका निम्ति परमेश्वरको विशेष योजना थियो। तिनीहरूले पाप गर्दा परमेश्वर बेखुशी हुनुभयो। पाप कत्ति डरलाग्दो कुरा हो भनी प्रदर्शित गर्नको लागि उहाँले जलप्रलय पठाएर दण्ड दिनुभयो, किनभने पापले मानिसलाई परमेश्वरबाट अलग राख्छ। जलप्रलयपछि परमेश्वरले आफ्ना मानिसहरूको निम्ति भएको उद्देश्य प्राप्त गर्नको निम्ति तिनीहरूसँग नयाँ किसिमले काम गर्न शुरू गर्नुभयो। उहाँले परमेश्वरलाई आदर र सबै मानवजातिलाई आशिष् ल्याउने विश्वासयोग्य राज्यको निर्माण गर्न शुरू गर्नुभयो।

फेरि एक पल्ट परमेश्वरले आफ्ना मानिसहरूसँग आफ्नो सम्बन्धको स्वभावको प्रदर्शित गर्नुभयो। सम्प्रभु परमेश्वरले मानिसहरूद्वारा काम गर्न चाहनुभयो। उहाँ आफू एकलैले सबै थोक गर्नसक्नुहुन्थ्यो, तर उहाँले मानिसलाई जिम्मेवारी दिनुभयो र मानिसलाई पृथ्वीको शासक हुनलाई नियुक्ति गर्नुभयो। यसले सिकाउँछ कि हाम्रो जीवन परमेश्वरको उद्देश्यसँग गाँसिएको छ। हामीले उहाँको इच्छा अनुसार गरेनौं भने हामीले शान्ति पाउनसक्तैनौं। उहाँले हामीलाई कृपा प्रदान नगरिकन, हामीलाई त्यसै त्याग्नुहुन्न। उहाँले हामीबाट जवाफ खोज्नु उहाँको स्वभावको भागनै हो। उहाँ आफूले एकलै काम गरेर नयाँ राज्य शुरू गर्नुभएको होइन। आफ्नो इच्छालाई मानिसहरूका बीचमा प्रकट गराउनको लागि उहाँले एक जना मानिसलाई भेट्टाउनुभयो। उहाँले विश्वासयोग्यहरूका पिता हुनलाई अब्राहामलाई चुन्नुभयो। र उहाँले अब्राहामलाई आफ्नो मित्र भनी बोलाउनुभयो।

## तपाईंको अभ्यासको निम्ति

१ तल दिइएको बयानलाई ठीक किसिमले पूरा गर्ने वाक्यहरूको अगाड़िको अक्षरमा घेरा लगाउनुहोस्। हामीलाई थाह छ कि मानिसहरू परमेश्वरका लागि महत्वपूर्ण छन्, किनभने

**क**) उहाँलाई तिनीहरूको सहायताको खाँचो छ।

**ख**) उहाँले अब्राहामलाई आफ्नो मित्र भन्नुभयो।

**ग**) उहाँले तिनीहरूबाट आराधना चाहनुहुन्छ।

घ) उहाँले तिनीहरूसँग जिम्मेवारी र आशिष्हरू बाँड्नुहुन्छ।

ङ) तिनीहरू असफल भएको खण्डमा उहाँले तिनीहरूलाई त्याग्नुहुन्छ।

***बोलावटको आवश्यकता***

जलप्रलयपछि नोआले परमेश्वरको लागि एक वेदी बनाए। निश्चयनै उनी र उनका परिवारले परमेश्वरलाई आराधना गरे र शुरूमा चाहिँ परमेश्वरको इच्छा पूरा गर्ने निर्णय पनि गरेका थिए। तर जलप्रलयपछि पनि पापले चाहिँ मानिसहरूलाई अधीन गरिन्नैरह्यो। तिनीहरू कमजोर थिए र आफ्ना जीवनमा आएको परीक्षालाई इन्कार गर्न सकेनन्। तिनीहरूले परमेश्वरलाई तिरस्कार गरे। तर सबै मानवजातिले अनुभव गरेजस्तै तिनीहरूले पनि आराधना गर्नुपर्ने आवश्यकताको महसूस गरे। तब तिनीहरूले चन्द्र, सूर्य र आफूले बनाएका मूर्तिहरूलाई पूज्न थाले।

यस्तो देखिन्छ कि मानिसहरूको दुष्टताको कारणले परमेश्वरको सृष्टि फेरि नाश हुनेछ। तर एक मात्र सृष्टिकर्ता परमेश्वरको सत्यतालाई सम्झने र बुझ्ने केही मानिसहरू पृथ्वीको यताउता थिए। अब्राहाम परमेश्वरमा विश्वास गर्नेहरूमध्ये एक थिए। उनका बाबुले मूर्तिपूजा गरे पनि अब्राहामले सो गर्न इन्कार गरे।

परमेश्वरले पृथ्वीका मानिसहरूलाई बिना आशा रहनदिनुभएन। तिनीहरूले पापै गर्दा पनि, उहाँ कृपा र दयाले भरिनुभएको थियो। उहाँले मानिसहरूलाई मूर्तिहरूबाट अलग पारी तिनीहरूलाई सत्यताको बाटो देखाउने योजना बनाउनुभएको थियो। उहाँको उद्देश्य एक व्यक्तिलाई अगुवाको रूपमा चुन्नु

थियो, जसले परमेश्वरको इच्छा पालन गरी सम्पूर्ण मानवजातिलाई आशिष् ल्याउनसक्थे।

अब्राहामले आफ्नो मानिसका मूर्तिहरूलाई पूजा गर्न तिरस्कार गरेको कुरा परमेश्वरले देख्नुभयो। तब परमेश्वरले भन्नुभयो, "तेरो देश र तेरा कुटुम्बहरूलाई छोड़ेर जा।" अब्राहामले दुष्टता र मूर्तिपूजालाई छोड़ेर परमेश्वरलाई पछ्याउने विश्वासयोग्य मानिसहरूको समूह शुरू गरेको परमेश्वरले चाहनुहुन्थ्यो।

अब्राहाम कल्दीहरूको ऊरबाट आफ्ना बाबु र नातेदार सँगसँगै हारान देशमा गए। तरै पनि तिनीहरूका बीचमा मूर्तिहरू अझै थिए। उनीसँग परमेश्वर फेरि यसो भन्दै बोल्नुभयो, "तँ आफ्नो देश र तेरा नातेदारहरूलाई छोड़ेर मैले तँलाई देखाउने देशमा जा।"

तपाईंले देख्नुभयो त, अब्राहामले पापको प्रभाव परेको ठाउँलाई छोड्नु आवश्यकनै थियो। तपाईं यस्तो खालको पापको प्रभावको वरिपरि बस्नुभयो भने तपाईंले आफ्नो मन र हृदयलाई जोगाइराख्न गाह्रो पर्छ। मानिसको कमजोरी र पापको प्रभावले मानिसहरूलाई अरूहरूको बाटो पछ्याउन लगाउँछ, यसरी सो काम गर्नु भूल हो भनी जान्दा जान्दै पनि तिनीहरूले गरिहाल्छन्। अब्राहामले पूर्ण रूपमा आफ्ना विगत दिनहरूलाई त्यागी आफैलाई परमेश्वरको योजना पूरा गर्ने काममा समर्पण गरेको परमेश्वर चाहनुहुन्थ्यो।

यसको उद्देश्य चाहिँ अब्राहामद्वारा लाखौं मानिसहरूले आशिष् पाउन सकून भन्ने हो। जब परमेश्वरले कोही व्यक्तिद्वारा काम गर्न चाहनुहुन्छ तब उहाँले आज्ञाकारी व्यक्तिलाईनै छान्नुहुन्छ। अब्राहाम नास्तिकमध्येका एक थिएनन्। उनले मूर्तिहरूको अगाड़ि निहुरिन वा तिनीहरूलाई ढोग्न इन्कार गरे। उनले चन्द्रमालाई पूज्न होइन तर विश्वको सृष्टिकर्ता, एक मात्र साँचो

परमेश्वरलाई आदर दिनको लागि स्वर्गतिर हेरेका थिए। अब्राहाम परमेश्वरका मित्र थिए र आफ्ना मानिसहरूलाई उनले अगुवाइ गरेको परमेश्वर चाहनुहुन्थ्यो।

## तपाईंको अभ्यासको निम्ति

तल सोधिएका प्रश्नहरूलाई केही शब्दहरूमा उत्तर दिनुहोस्।

२ जलप्रलयपछि किन मानिसहरू आफ्नै पापपूर्ण कामहरूमा फर्के?

..................................................................

..................................................................

३ किन मानिसहरूले मूर्ति पूजा गरे?

..................................................................

..................................................................

४ परमेश्वरले के गर्नुभयो?

..................................................................

..................................................................

५ अब्राहामले किन आफ्ना मानिसहरूलाई छोड्नु आवश्यक थियो?

..................................................................

..................................................................

***प्रतिज्ञा र मागहरू***

परमेश्वरलाई खुशी तुल्याउन के तपाईंले आफ्नो हृदयमा ठूलो चाहना राख्नुभएको छ? के उहाँलाई अझै राम्रोसँग चिन्नको लागि तपाईंमा गहिरो इच्छा छ त? तपाईं आफूले परमेश्वरलाई बोलाएको छु जस्तो लाग्ला, तर वास्तविकता चाहिँ यो हो कि उहाँले तपाईंलाई बोलाउनुभएको छ। परमेश्वरको बारेमा अझै बुझ्ने जुन खाँचो र चाहनाको अनुभव तपाईंमा छ, त्यो नै परमेश्वरले तपाईंप्रति देखाउनुभएको ठूलो सरोकारको नतिजा हो। परमेश्वरले यस्तै प्रकारलेनै सबै मानिसहरूलाई बोलाउनुहुन्छ। तिनीहरूमध्ये कसैले ध्यानपूर्वक नसुनेका हुनाले सुन्दैनन्। अरूहरूले सफासँग सुन्छन् र सबै कुराहरूलाई एकातिर पन्छाएर परमेश्वरको इच्छाको खोजीगर्दै आज्ञापालन गर्छन्।

अब्राहाममा आएको बोलावट यस्तै खालको बोलावट थियो, जुनचाहिँ परमेश्वरको आवाजसुन्ने हरेककहाँ आउँछ। तर अर्को किसिमले हेर्ने हो भने यो एक विशेष किसिमको बोलावट थियो, जस्तो बोलावट अरू मानिसहरूले कहिल्यै पाएका थिएनन्। यस बोलावटद्वारा परमेश्वरले सबै मानवजातिको लागि एक नयाँ दिनको शुरू गर्नुभयो। परमेश्वरले अब्राहामलाई भन्नुभयोः

*"म तँबाट एउटा ठूलो जाति खडा गर्नेछु,*
*र तँलाई आशिष् दिनेछु।*
*म तेरो नाउँ प्रसिद्ध गराउनेछु,*
*र तँ आशिषको मूल हुनेछस्।*
*तँलाई आशिष् दिनेहरूलाई म आशिष् दिनेछु,*
*र तँलाई सराप दिनेहरूलाई सराप दिनेछु।*
*तँद्वारा नै पृथ्वीका सबै कुलले*
*आशिष् पाउनेछन्।"*

अब्राहामको बोलावटमा उनलाई तीनवटा मुख्य प्रतिज्ञाहरू दिइएका थिए।

१ अब्राहाम र उनका सन्तानलाई देश दिन्छु भनी परमेश्वरले उनलाई प्रतिज्ञा गर्नुभयो।
२ परमेश्वरले अब्राहामलाई एक ठूलो जातिमा खड़ा गर्ने र उनको नामलाई प्रसिद्ध तुल्याउने प्रतिज्ञा गर्नुभयो।
३ परमेश्वरले अब्राहामलाई आशिष् दिने र अब्राहामद्वारा अरू मानिसहरूलाई आशिष् पुऱ्याउने प्रतिज्ञा गर्नुभयो।

परमेश्वरले आज पनि मानिसहरूलाई जब बोलाउनुहुन्छ, उहाँले यस्तै प्रतिज्ञाहरू तिनीहरूलाई दिनुहुन्छ। उहाँले तिनीहरूलाई जीवनको नयाँ बाटो देखाउनुहुन्छ। उहाँले तिनीहरूलाई भिन्नै र असल गुणहरू दिएर नयाँ व्यक्तिहरू बनाउनुहुन्छ। उहाँले तिनीहरूलाई आशिष् दिनुहुनेछ र तिनीहरूलाई आफ्ना परिवार, आफ्ना मित्रहरू र अन्य मानिसहरूका निम्ति आशिषित तुल्याउनुहुन्छ।

यी प्रतिज्ञाहरूका साथसाथै परमेश्वरले विभिन्न मागहरू पनि गर्नुभयो। परमेश्वरले अब्राहामलाई उनी आफू परिचित भएका, परम्परादेखि चलिआएका र उनलाई सुरक्षित लाग्ने कुराहरू त्याग्नु भनी आज्ञा गर्नुभयो। दैनिक खाँचोको जुटावटको निम्ति परमेश्वरमा भरोसा राख्नु भनी उहाँले अब्राहामलाई भन्नुभयो। सबैभन्दा महत्वपूर्ण कुरा चाहिँ अब्राहामले आफ्नो छोरा जन्मन्छ भनी परमेश्वरमा विश्वास गरेको उहाँ चाहनुहुन्थ्यो। नत्र भने उनको सन्तानबाट आउने आशिषको प्रतिज्ञाको कुनै पनि अर्थ हुने थिएन। अब्राहामको छोरा थिएनन्। उनकी पत्नी बाँझी थिइन्। तिनी छोराछोरी पाउन नसक्ने अवस्थामा पुगेकी थिइन्।

त्यसकारण हामी देख्छौं कि मागहरू पनि संख्यामा तीनैवटा थिए। अब्राहामले यी तीन प्रकारमा परमेश्वरको बोलावटको प्रतिउत्तर दिए:

१ उनले एक मात्र साँचो परमेश्वरमा विश्वास गरे।

२ उनले आफ्नो निम्ति परमेश्वरका प्रतिज्ञाहरूलाई पूर्णरूपमा स्वीकार गरे।

३ परमेश्वरका सबै निर्देशनहरूलाई पालन गरी समर्पित भएर काम गरे। यसको अर्थ आफ्नो देश र कुटुम्बहरूलाई छोड़ी कुनै नौलो देशमा गएर कहिल्यै पनि अस्तित्वमा नआएको राज्यलाई उनले स्थापना गर्नुपरेको थियो।

## तपाईंको अभ्यासको निम्ति

**६** तल दिइएको सूचीबाट ठीक शब्द छानी तलको खाली ठाउँमा भर्नुहोस्।

| | | |
|---|---|---|
| अब्राहाम | अन्यमानिसहरू | विश्वास |
| राज्य | कार्य | बोलावट |

**क)** परमेश्वरलाई खोज्ने प्रोत्साहन एक किसिमको .......................... हो जुन कुरा सुन्ने सबै मानिसहरूमा आउँछ।

**ख)** .................................... लाई आएको बोलावटमा एक प्रतिज्ञा पनि समावेश गरिएको थियो कि उनीबाट ................................ ले पनि आशिष् पाउनेछन्।

**ग)** अब्राहामले परमेश्वरमा मात्र .......................... गरेनन्, तर परमेश्वरका निर्देशनहरूका आज्ञा पालनमा .......................... द्वारा प्रतिउत्तर दिए।

## अब्राहामले आफ्नो विश्वास प्रकट गरे

*परमेश्वरको प्रतिज्ञाबारे कुनै शङ्काले उनलाई डगमगाउन सकेन, तर आफ्नो विश्वासमा दह्रिलो भएर उनले परमेश्वरलाई महिमा दिए। प्रतिज्ञा गर्नुभएको कुरा परमेश्वरले गर्न पनि सक्नुहुन्छ भन्ने अब्राहामलाई पूरा निश्चय थियो।*

अब्राहामले आफ्ना कुटुम्बहरूलाई छोड़ेर परमेश्वरको बोलावटलाई पछ्याउँदै एक नौलो देशमा गएका थिए। उनको आफ्नै देश थिएन र उनका सन्तानहरू पनि कोही थिएनन्। र पनि आफ्नै सन्तानबाट शुरू भई उनी चाहिँ धेरै जातिहरूका अगुवा हुनेछन् भन्ने प्रतिज्ञामा उनले विश्वास गरे। उनी विश्वासयोग्य मानिसहरूका पिता हुनेछन् भन्ने प्रतिज्ञालाई उनले स्वीकार गरे।

उनले आफूसँग आफ्नी पत्नी र आफ्नो भतिजो लूतलाई लिएर गएका थिए। उनले त्यस बेलाको चालचलन अनुसार आफूसँग बसाईं सर्दा प्रयोग गरिने पाल, र केही जनावरहरू पनि लिएर गएका थिए।

परमेश्वर अब्राहामकहाँ देखापर्नुभयो र विभिन्न समयमा उहाँ उनीसँग बोल्नुभयो, तर अब्राहामले केही पाठहरू आफै सिकोस् भनी अनुमति पनि दिनुभयो। बोलावटचाहिँ अगाड़ि बढ्ने थियो, र धेरै लामो समयसम्म अब्राहामचाहिँ यताउति नौला ठाउँहरूमा हिँड्नुपर्‍यो। अब्राहामलाई सिकाउनको निम्ति, अर्ती दिनको निम्ति, र विश्वासयोग्यहरूका वास्तविक पिता हुनलाई तयार पार्नको निम्ति परमेश्वरले उनको जीवनमा केही दुःख र परीक्षाहरू आउनलाई अनुमति दिनुभयो।

परमेश्वरले आशिष् दिनुभएको हुनाले अब्राहाम र उनका भतिजा लूतका भेड़ा बाखाहरू प्रशस्तै बढ़े। ठाउँ र पानीको

विषय लिएर अब्राहाम र लूतका गोठालाहरूका बीचमा झगड़ा उत्पन्न भयो। अब्राहाम शान्ति र दयाले भरिएका मानिस थिए। उनले लूतलाई भने, "हामी आपसमा झगड़ा नगरौं। हामीहरू सबैको लागि पुग्ने प्रशस्तै ठाउँ छ। हामी अलग होऔं। तिमी एकतर्फ जाऊ र म चाहिँ अर्को तर्फ जानेछु।"

अब्राहाम जेठा भएका हुनाले सबैभन्दा असल जमीन र पानीको राम्रो व्यवस्था भएको ठाउँ रोज्नसक्ने अधिकार उनमा थियो। तर "तिमी आफै चुन" भनी उनले लूतलाई बताए। परमेश्वरले आफूलाई अगुवाइ र सुरक्षा गर्नुहुन्छ भन्ने कुरा अब्राहामलाई थाह थियो। उनले आफैले चुन्ने कामहरूमा भरोसा राखेनन् र आफ्नै प्रकारले काम गर्ने कोशिश गरेनन्। उनले परमेश्वरमा भरोसा राखे।

लूत भिन्नै स्वभाव भएका व्यक्ति थिए। उनले आफ्नै निर्णयहरूमा भरोसा राखे र परमेश्वरको इच्छाको खोजी चाहिँ गरेनन्। उनले आफ्ना काकालाई आदर गरेनन्। उनी लोभी थिए र सबै असल कुराहरू आफ्नै लागि चाहन्थे। उनले सबैभन्दा असल र उब्जनी दिने जस्तो देखिने जमीनलाई रोजे। यर्दन नदीको मैदान र यसमा भएका शहरहरूले उनलाई लोभ्याएका थिए।

मानव स्वार्थ र घमण्डको कारणले नै उनले सो चुनेका थिए। यसले उनलाई परमेश्वरबाट टाढ़ा पुऱ्यायो। शहरहरू दुष्ट थिए र पछि परमेश्वरले तिनीहरूलाई नाश गर्नुभयो। लूतको परिवार तितरबितर भयो, कोही मरे र अरूहरूले ठूलो दुःखको सामना गर्नुभयो।

अब्राहाम कनान देशको उच्च पहाड़ी भूभागमा रहनथाले। मानिसहरूका दृष्टिमा त्यो भूमि त्यति आकर्षित थिएन। तर अब्राहाम विश्वाससाथ ती पहाड़हरूमा उक्ले र उनको जीवनको

निम्ति परमेश्वरले उत्तम कुराहरू जुटाइदिनुहुन्छ भनी उनले आफ्नो विश्वासलाई काममा लगाएका थिए। त्यहाँ परमेश्वर अब्राहामसँग यसरी बोल्नुभयोः

> *"अब तेरो आँखा उठाएर तैं भएको ठाउँबाट उत्तर, दक्षिण, पूर्व र पश्चिमतिर हेर, किनकि तैंले देखेका सबै ठाउँ म तँलाई दिनेछु। म तेरो सन्तानलाई पृथ्वीको धूलोसरह बढ़ाउनेछु। यहासम्म कि कसैले पृथ्वीको धूलो गन्नसक्छ भने तेरो सन्तान पनि गन्नसकिन्छ। उठ्, देशको चारैतिर जा, किनकि म त्यो तँलाई दिनेछु।"*

यसरी विश्वासमा हिंड्दा अब्राहामले त्यस ठाउँबाटै मानवजातिको निम्ति भएको परमेश्वरको उद्देश्यको दर्शनलाई समाते। मानिसको विश्वासलाई धार्मिकताको रूपमा स्वीकार गर्नुहुने परमेश्वरबाट उनले फेरि पनि आशिष् पाए।

## तपाईंको अभ्यासको निम्ति

७ विश्वासलाई *काममा* लगाउने उदाहरण दिने प्रत्येक ठीक बयानको अगाड़िको अक्षरमा घेरा लगाउनुहोस्।

**क**) परमेश्वरले आफूलाई छोरा दिनुहुनेछ भनी अब्राहामले विश्वास गरे।

**ख**) परमेश्वरले जानू भन्नुभएको हुनाले अब्राहाम एक नौलो देशमा गए।

**ग**) जलप्रलय हुनेछ भनी नोआले विश्वास गरे।

**घ)** नोआले जहाज बनाए।

**ङ)** परमेश्वरले उत्तम कुरा जुटाउनुहुन्छ भनी अब्राहामले विश्वास गरे; त्यसैले उनले लूतलाईनै आफूलाई मनपरेको ठाउँ छान्ने मौका दिए।

**८** परमेश्वरका प्रतिज्ञाहरूमा विश्वास गर्नलाई परमेश्वरले तपाईंलाई विश्वास देऊन् र यसरी तपाईंले अझै उत्तम किसिमले आफूलाई उहाँमा अर्पण गर्नसक्नुभएको होस्। तपाईं यी शब्दहरू सिक्न चाहनुहुन्छ होलाः

कृपा र दयाले भरिपूर हुनुभएका परमेश्वर, तपाईंलाई सदा सर्वदा प्रशंसा होस्। जसरी तपाईं अगमवक्ता अब्राहामकहाँ पुगेर उनलाई बोलाउनुभयो, त्यसैगरी तपाईंले मलाई पनि बोलाउनुहोस्। मेरो निम्ति के कुरा उत्तम छ सो तपाईं जान्नुहुन्छ। मलाई सत्यता र जीवनको बाटोतर्फ डोऱ्याउनुहोस्। आमिन।

## अब्राहामले परमेश्वरलाई सबै दिए

अब्राहाम विश्वासमा बढ्दै गए र परमेश्वरले उनलाई धेरै प्रकारले आशिष् दिनुभयो। उनको विश्वासको प्रदर्शन गर्नलाई केही मौकाहरू दिएर परमेश्वरले उनलाई जाँच पनि गर्नुभयो। प्रत्येक अवस्थामा अब्राहामले आफूलाई परमेश्वरका मित्रका रूपमा प्रकट गराए। उनले परमेश्वरसँग बोलेर, अरूहरूलाई प्रेम र सरोकार देखाएर, हरेक अवस्थामा परमेश्वरको इच्छामा आज्ञाकारी र समर्पित भएर यो गरेका थिए।

अब्राहामबाट एक ठूलो जाति खड़ा हुनेछ भनी परमेश्वरले घरिघरि उनलाई प्रतिज्ञा गर्नुभयो। अब्राहाम र उनकी पत्नी सारा वृद्ध भइसकेका हुनाले सन्तान जन्माउने सम्भावनानै थिएन।

तिनीहरूलाई छोरा पाउने ठूलो चाहना थियो। धैरै वर्ष बितिसकेपछि पनि तिनीहरूका कोही सन्तान जन्मेनन्, त्यसैले सन्तान जन्मने विषयमा उनीहरूले आशा मारिसकेका थिए।

> *त्यसपछि दर्शनमा अब्राहामकहाँ परमेश्वरको यो वचन आयोः अब्राहाम तँ नडरा। तेरो ढाल मनै हुँ, र तेरो इनाम अत्यन्त ठूलो हुनेछ। यो देश तेरो अधिकारमा दिनलाई तँलाई ल्याउने परमप्रभु मनै हुँ।*

> *त्यस दिन परमप्रभुले अब्राहामसँग करार बाँध्नुभयो। अब्राहामले परमप्रभुमाथि विश्वास गरे र त्यो तिनको निम्ति धार्मिकता गनियो।*

परमेश्वरले आफ्ना प्रतिज्ञाहरूलाई कहिल्यै खेर फाल्नुहुन्न। अब्राहामलाई कसरी अगुवाइ गर्नुपर्छ र उनको जीवनको महत्वपूर्ण अनुभवको निम्ति उनलाई कसरी तयार गर्नुपर्छ भन्ने बारेमा उहाँलाई थाह थियो। यो अनुभव उनको विश्वासको सबैभन्दा ठूलो जाँच हुनुपर्ने थियो। र यो अब्राहामको विश्वासको जाँचभन्दा पनि अझै ठूलो प्रदर्शन र पाठ हुनुपर्ने थियो। मानिस र परमेश्वरको बीचमा हुनुपर्ने साँचो सम्बन्धको बारेमा मानिसहरूलाई बताउनको निम्ति परमेश्वरले अब्राहामलाई प्रयोग गर्ने योजना बनाउनुभएको थियो। यसरीनै यो भयोः प्रतिज्ञाको छोरा जन्म्यो! अब्राहामको विश्वासको इनाम आयो। उनको सन्तानबाट ठूलो जाति खड़ा हुनेछ र सबै मानिसहरूले उनीबाट आशिष् पाउनेछन् भन्ने कुरा उनलाई थाह थियो। उनले प्रेमी बाबुका रूपमा आफ्ना छोरालाई माया गरे। यसको साथसाथै यी छोरा विशेष थिए किनभने उनीनै धैरै पुस्ताहरूका निम्ति आशाका पात्र थिए।

तब परमेश्वरले मानिसले बुझ्नै नसक्ने काम गर्नुभयो। उहाँले अब्राहामलाई उनको छोरा बलिदान गर्ने आज्ञा दिनुभयो।

परमेश्वरले यसरी अब्राहामको जाँच गर्नुभयो। उहाँले उनलाई "अब्राहाम" भनी बोलाउनुभयो तब उनले "हजूर म यहाँ छु" भनी जवाफ दिए। तब परमेश्वरले भन्नुभयो, "तेरो छोरा अर्थात् तैंले माया गरेको तेरो एउटै छोरोलाई लिएर मैले तँलाई देखाएको डाँड़ामा गई त्यसलाई होमबलि गर।"

अब्राहामको विश्वास यति ठूलो थियो कि उनले तुरुन्तै परमेश्वरका निर्देशनहरूलाई पालन गर्न शुरू गरे। उनले आफ्नो कामद्वारा विश्वासको प्रदर्शन गरे।

अर्को दिन बिहानै उठेर अब्राहामले आफ्नो छोरा र बलिदानको निम्ति दाऊरा र आगो बोक्नलाई दुई युवकहरू तयार गरे। उनले आफ्नो हातमा छुरी लिए। एक प्रेमी पिताले परमेश्वरको शक्तिद्वारा मात्र यस्तो काम गर्नसक्छन्। परमेश्वरले उनको निम्ति र सबै मानवजातिको निम्ति भएको योजना उत्तम प्रकारले पूरा गर्नुहुन्छ भन्ने कुरा अब्राहामलाई थाह थियो।

जब तिनीहरू डाँड़ामा पुगे अब्राहामले आफ्नो छोरालाई दाऊरा बोकाए। र बाबु-छोरा बलिदान चढ़ाउने ठाउँतर्फ अगाड़ि बढ़े।

अब्राहामका छोराले सोधे, "यी आगो र दाउरा ता छन्, तर होमबलिको थुमा चाहिँ खोई?" अब्राहामले जवाफ दिए, "छोरा परमेश्वरलेनै होमबलिको निम्ति थुमा जुटाइदिनुहुनेछ।" उनले यी शब्दहरू बोल्दा सबै मानवजातिका लागि यो सत्यता प्रकट गराएका थिए कि परमेश्वरलेनै होमबलिको निम्ति थुमा जुटाइदिनुहुन्छ। उनका छोरा पनिआज्ञाकारी र विश्वासले भरिएका व्यक्ति थिए। त्यसपछि उनले आफ्ना बाबुसँग कुनै प्रश्न गरेनन्।

अब्राहामले वेदी बनाए, र त्यहाँ दाउरा मिलाएर राखे त्यसपछि आफ्नो छोरालाई बाँधेर त्यस वेदीको दाउरामाथि

राखे। त्यसपछि उनलाई मार्नको निम्ति आफ्नो छुरी उठाए। के तपाईं त्यस्तो दृश्यलाई कल्पना गर्नसक्नुहुन्छ? छोराले कठोर बन्धनको अनुभव गर्नुपऱ्यो। अब केही छिनमानै उनको रगत बलिदान गरिएको थुमाको जस्तै बग्ने भयो। अब्राहामले आफ्ना प्रिय छोरालाई हेर्दै हृदय घायल बनाइराखेका थिए। तर उनी परमेश्वरको इच्छा र उद्देश्यमा समर्पित थिए। छुरी अलि अलि गरी तलतिर झारियो।

स्वर्गबाट "हे अब्राहाम, अब्राहाम" भन्ने आवाज आयो। "तैंले आफ्नो छोरालाई केही हानी नगर, मैले थाह पाएँ कि तैंले तेरो एकमात्र छोरालाई पनि मबाट रोकेर राखिनस्।"

तब अब्राहामले बलिदानको निम्ति ठीक हुने एउटा थुमालाई झाड़ीमा अल्झेर फँसेको देखे। अब्राहामले विचार गरेजस्तै गरी परमेश्वरले जुटाउनुभयो। अब्राहामले आफ्नो छोरालाई फुकाइदिए र त्यस बेदीमा चाहिँ त्यस जनावरलाई राखे। त्यस जनावरले आफ्नो शरीरमा दाउरा बिजाएको अनुभव गऱ्यो। बलिदानको रगत तलसम्मै बग्यो। परमेश्वरको उद्देश्य पूरा भयो। अब्राहामले त्यस ठाउँको नाम **परमप्रभुले जुटाउनुहुन्छ भन्ने राखे**, किनभने परमप्रभुलेनै बलिदान जुटाइदिनुभएको थियो।

अब्राहामले आफ्नो विश्वासको प्रमाण गरिसकेपछि पनि उनले लगातार रूपमा बलिदान गरेको किन परमेश्वर चाहनुहुन्थ्यो? यो स्पष्ट छ कि अब्राहामको विश्वासको जाँचभन्दा पनि यो अनुभव अझै ठूलो थियो। एक दिन परमेश्वरले न्यायको तरवारबाट मानवजातिको उद्धारको निम्ति एक सिद्ध बलिदान जुटाउनुहुन्छ भन्ने कुरालाई यस घटनाले स्पष्टसँग उल्लेख गरेको छ। परमेश्वरले कसरी कृपा देखाउनुहुन्छ र आफ्नो उद्देश्यलाई पूरा गर्नुहुन्छ भन्ने कुरा यसले प्रदर्शित गर्छ।

## तपाईंको अभ्यासको निम्ति

६ तल सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस्।

**क**) अब्राहामले कहिले आफ्नो विश्वासको इनाम पाउने आशा राखेका थिए? ........................................

**ख**) अब्राहामका सन्तान के हुनेछन् भनी परमेश्वरले प्रतिज्ञा गर्नुभयो? ........................................................

**ग**) परमेश्वरले अब्राहामलाई के गर्नू भन्नुभयो? ......... ...............................................................

**घ**) अब्राहामले के गरे? ..........................................

**ङ**) परमेश्वरले के जुटाउनुभयो? ..............................

यस पाठको शुरूमा तपाईंले यी शब्दहरू पढ्नुभएको थियोः *तपाईं परमेश्वरसँगको आफ्नो सम्बन्धमा पूर्ण निश्चित हुनसक्नुहुन्छ।* यो भनाई साँचो छ किनभने परमेश्वर परिवर्तन हुनुभएको छैन। उहाँले आफ्नो सृष्टिको मुकुट मानिसमा अझै चासो राख्नुभएको छ र अब्राहामले जस्तै सबै मानिसहरूले उहाँसँगै सम्बन्ध स्थापित गरेको परमेश्वर चाहनुहुन्छ। दुईवटा कारणले गर्दा अब्राहामले परमेश्वरसँगको मित्रतामा आनन्द मनाएः

१ किनभने परमेश्वरले आफूले सृष्टि गर्नुभएका मानिसहरूको वास्ता गर्नुहुन्छ र तिनीहरूसँग कुराकानी गर्नु उहाँको इच्छा हो।

२ किनभने अब्राहामले पूर्ण विश्वास, समर्पण र प्रेममा परमेश्वरलाई पछ्याउनुपर्ने खाँचोलाई महसूस गरेका थिए।

तपाईंका वरिपरि भएका घटनाहरूलाई देख्दा तपाईंलाई निराशा लाग्ला। तपाईंलाई कति कुराहरू अनिश्चित र तुलबुल लाग्ला। अब्राहामले सबैभन्दा पहिले परमेश्वरको बोलावट पाएको बेलामा उनलाई भएझैं तपाईंलाई पनि त्यस्तै अनुभव होला। अब्राहाम जस्तै तपाईं पनि परमेश्वरको सृष्टिको एक भाग हुनुहुन्छ। परमेश्वरले तपाईंलाई विश्वासको एक नयाँ जीवनमा अगुवाइ गर्न चाहनुहुन्छ। तपाईंले अहिले लिनसक्ने दुई व्यावहारिक कदमहरू छन्। पहिलो, तपाईंले निष्कपटतासाथ हृदयबाट प्रार्थना गर्नसक्नुहुन्छ। तपाईंको हृदय र मनलाई सत्यतातर्फ डोऱ्याउनको निम्ति तपाईंले परमेश्वरसँग बिन्ती गर्नसक्नुहुन्छ। तब तपाईंले परमेश्वरका महान् भक्त जनहरूका जीवन र शिक्षालाई लगातार रूपमा अध्ययन गर्नसक्नुहुन्छ। यस अध्ययनमालाको अर्को पाठ **योसेफको बारेमा छ – जसले प्रेममा सेवा गरेका थिए।** तपाईंले आफ्नो जीवनको निम्ति प्राप्त गर्नुपर्ने अगुवाइको बारेमा यस पाठमा अझै सिक्नसक्नुहुनेछ।

## तपाईंको अभ्यासको निम्ति

१० यो प्रार्थना पढ्नुहोस्। यदि तपाईं यसलाई आफ्नो व्यक्तिगत प्रार्थना बनाउन चाहनुहुन्छ भने यसलाई चर्को स्वरमा फेरि पढ्नुहोस् र त्यसपछि आफ्नो नाम लेखेर सही गर्नुहोस्।

## प्रार्थना

कृपा र दयाले भरिपूर हुनुभएका परमेश्वर, जो विश्वको प्रभु र सबै आत्माहरूका प्रभु हुनुहुन्छ, सदा सर्वदा तपाईंकै नाउँको प्रशंसा होस्। तपाईंकै नाउँमा तपाईंको चरणमा नम्र भएर आएको छु। जसरी तपाईंले अगमवक्ता अब्राहामलाई बोलाउनुभयो त्यसैगरी तपाईंमा समर्पित हुनलाई मलाई पनि बोलाउनुहोस् भनी म विन्ती गर्छु। म मेरो जीवन तपाईंमा अर्पण गर्छु, र तपाईं मेरो रक्षक हुनुहोस् भनी तपाईंमा विन्ती गर्छु किनभने मेरो आत्माको निम्ति के उत्तम छ सो तपाईं जान्नुहुन्छ। मलाई सत्य र जीवनको बाटोमा डोऱ्याउनुहोस्, यसरी मैले तपाईंसँग गहिरो सम्बन्धको अनुभव गर्न सकूँ। मेरा खुट्टाहरूलाई आत्मिक तीर्थयात्रामा राख्नुहोस् जसले गर्दा तपाईंले मेरो व्यक्तिगत जीवनको वास्ता गर्नुभएको छ र मलाई अझै ठूलो सचेतनातर्फ डोऱ्याउनुभएको छ भनी म जान्न सकूँ। आमिन।

............................
सही

## तपाईंका उत्तरहरूको जाँच गर्नुहोस्

५ तिनीहरूले मूर्ति पूजेका कारणले, पापपूर्ण प्रभावको कारणले। परमेश्वरका मानिसहरूलाई अगुवाइ गर्नको निम्ति।

१ ख) उहाँले अब्राहामलाई आफ्नो मित्र भन्नुभयो।

ग) उहाँले तिनीहरूबाट आराधना चाहनुहुन्छ।

घ) उहाँले तिनीहरूसँग जिम्मेवारी र सौभाग्यहरू बाँड्नुहुन्छ।

६ क) बोलावट

ख) अब्राहाम, अरू मानिसहरू

ग) विश्वास, काम

२ तिनीहरू कमजोरी थिए। पाप मानवजातिको अवस्था हो।

७ ख) परमेश्वरले जानू भन्नुभएको हुनाले अब्राहाम एक नौलो देशमा गए।

ग) नोआले जहाज बनाए।

ङ) परमेश्वरले उत्तम कुरा जुटाउनुहुन्छ भनी अब्राहामले विश्वास गरे, त्यसैले उनले लूतलाई आफूलाई मनपरेको ठाउँ छान्ने मौका दिए।

३ तिनीहरूले आराधना गर्नुपर्ने आवश्यकताको महसूस गरे, तर तिनीहरूले एक साँचो परमेश्वरलाई भने इन्कार गरे।

८ प्रार्थनालाई फेरि दोहोऱ्याउनुहोस्।

४ उहाँले अब्राहामलाई बोलाउनुभयो। उहाँले एक मानिसद्वारा काम गर्ने योजना बनाउनुभयो।

९ क) छोरा जन्मिएपछि

ख) एक महान् जाति

ग) आफ्नो छोराको बलिदान गर्नु

घ) परमेश्वरका निर्देशनहरूको पालन

ङ) बलिदानको थुमा

## पाठ ३

# योसेफ – उनले परमेश्वरको प्रेम देखाए

ल हेरत, त्यहाँ को आउँदै छ! त्यही स्वप्न-दर्शी हाम्रो भाइ ता हो नी। हाम्रा कुराहरू बुबाकहाँ पुऱ्याएर हामीलाई दुःखदिने मनसायलेनै त्यो यतातिर आउँदैछ। हामी यसलाई मारौं। यस जङ्गलमा कसैले पनि हामीलाई देख्दैन। हामी त्यसको त्यो लामो लबेदालाई पनि च्यातेर फालिदिऔं। जङ्गली पशुलेनै त्यसलाई हमला गरेको हो भनी सबैले विचार गर्नेछन्।

योसेफ नजीकै आउँदा दशजना बलिया र रिसालु मानिसहरूले उनको विरूद्धमा षड्यन्त्र रचिराखेका थिए। कोही पनि यस्तो खालको बल र दुष्टताबाट उम्कनसक्ने जस्तो देखिदैन्थ्यो। यस्तो

अवस्थामा एक व्यक्ति कमजोर र सहाराहीन थियो। दुष्टताले उनलाई जित्ने भयो।

तर दुष्टताको कुनै पनि शक्तिले परमेश्वरको इच्छालाई नाश गर्नसक्तैन। योसेफको जीवनमा परमेश्वरको उद्देश्य थियो। परमेश्वरले उनको वास्ता गर्नुभयो र आफ्ना मानिसहरूलाई आउने विनाशबाट बचाउनको निम्ति उहाँले विशेष योजनामा उनलाई प्रयोग गर्न लाग्नुभएको थियो। परमेश्वरले हामीलाई यो कुरा देखाउन चाहनुभएको थियो कि दुष्ट संसारको बीचमा पनि उहाँले मानव जातिको खाँचोलाई पूरा गर्नुहुन्छ। हामीले परमेश्वरमा भरोसा राखेर प्रेम र समर्पणमा उहाँलाई पछ्याउनुपर्छ भनी उहाँले सिकाउन चाहनुभएको थियो।

परमेश्वरले योसेफलाई कसरी सुरक्षित राख्नुभयो र उनको जीवन हाम्रो निम्ति एक पाठ बनाउनुभयो सो हामी हेर्नेछौं।

**यस पाठमा तपाईंले यी कुराहरूको अध्ययन गर्नुहुनेछ ...**

परमेश्वरद्वारा छोराको सुरक्षा हुन्छ
कमाराले परमेश्वरको इच्छाको आज्ञापालन गर्छ
भाइले परमेश्वरको प्रेम देखाउँछ

**यस पाठले तपाईंलाई यी कुराहरूमा सहायता पुऱ्याउनेछ ...**

* परमेश्वरको सरोकार र जुटावटका उदाहरणहरू दिन
* दैनिक कार्यहरूले परमेश्वरप्रतिको विश्वास र भक्तिलाई कसरी प्रदर्शित गर्छन् सो व्याख्या गर्न
* परमेश्वरमा व्यक्तिगत विश्वास राख्न र उहाँले तपाईंको निम्ति जुटाउनुभएको कुरालाई स्वीकार गर्न

## परमेश्वरद्वारा छोराको सुरक्षा हुन्छ

परमेश्वरले याकूबलाई धेरै किसिमले आशिष् दिनुभयो। उनका भेड़ा बाख्राहरू प्रशस्तै बढ़ेका थिए। उनका बाह्रजना छोराहरू थिए र उनको धन सम्पत्तिको प्रबन्ध मिलाउन तिनीहरूले सहायता पुऱ्याउँथे। पालेस्टाइनको त्यस विशाल क्षेत्रमा उनका दशजना छोराहरूले भेड़ा बाख्राहरूलाई चराउने र तिनीहरूका हेरचाह गर्ने जिम्मा लिएका थिए।

याकूबले आफ्ना छोराहरूमध्ये योसेफलाई धेरै माया गर्थे। आफ्ना बाबु र दाज्यूहरूका बीचमा समाचार आदान-प्रदान गर्ने जिम्मा योसेफलाई दिइएको थियो। आफ्ना दाज्यूहरूले गरेको दुष्ट कामहरूको बारेमा कहिलेकहीँ उनले आफ्नो बाबुलाई बताउँथे। तिनका दाज्यूहरूले तिनको विरोध गरे र तिनलाई मनपराउन छोड़े। जब तिनले उनीहरूलाई अनौठो सपनाको बारेमा बताए तब उनीहरूले तिनलाई अझै घृणा गर्न थाले।

सपनाहरूका सम्बन्धमा परमेश्वरले योसेफलाई विशेष योग्यता-हरू दिनुभएको थियो। पछि गएर यो कुरा प्रमाणित भयो कि परमेश्वरले योसेफलाई अरूहरूका सपनाहरूका अर्थ खोलिदिन सक्षम तुल्याउनुभयो र उनको आफ्नै सपनाको अर्थ पनि पूरा भयो।

योसेफले आफ्ना दाज्यूहरूसँगै खेतमा अन्नका बीटाहरू बाँधिराखेको सपना देखे। योसेफको बीटा चाहिँ अग्लो र सीधा भएर उभियो। उनका दाज्यूहरूका बीटाहरूले चाहिँ निहुरिएर योसेफका बीटालाई दण्डवत् गरेको उनले देखे। तब उनले चन्द्र, सूर्य र एघारैवटा ताराहरूले निहुरिएर उनलाई दण्डवत् गरेको योसेफ-ले सपना देखे। उनले आफ्नो सपना आफ्नो परिवारलाई बताए।

उनका दाज्यूहरूले कराएर भने, "यो के हो?" के हामीले यसलाई निहुरिएर ढोगिदिने? योसेफले आफू हामीभन्दा पनि ठूलो भएँ भनी विचार गर्छ र हाम्रा बाबुले पनि हामीलाई भन्दा

बढ़ी उसलाई माया गर्नुहुन्छ। तिनीहरूले डाह गरेर उनलाई घृणा गर्न थाले। अन्तमा, तिनीहरूले उनलाई मार्ने षड्यन्त्र रचे।

यस विवरणमा हामी मानवजातिको ठूलो कमजोरीको बारेमा देख्नसक्छौं जुन कुरा पापको कारणले यस संसारमा आएको थियो। योसेफले बड़ो घमण्डसाथ आफ्ना सपनाहरू दोहोऱ्याएका थिए। उनका दाज्यूहरूका हृदयमा पनि घमण्ड थियो। आफ्नो कान्छो भाइलाई ढोग्नुपर्ने कुरा तिनीहरूले विश्वासै गर्न सकेनन्। तिनीहरूको घमण्ड र डाह घृणामा परिणत भयो र तिनीहरूले उनलाई हत्या गर्ने विचार गरे।

योसेफ र उनका दाज्यूहरू हामीजस्तै मानव थिए। तिनीहरूका कामहरूले मानिसहरूका हृदयका पापको अवस्थालाई देखाउँछ। मानिसहरूले परमेश्वरको अगुवाइ विनानै आफ्नै खुशीमा काम गरे भने तिनीहरू संकष्टमा पर्छन्।

## तपाईंको अभ्यासको निम्ति

तल सोधिएका प्रश्नहरूका जवाफ एक वा केही शब्दहरूमा लेख्नुहोस्।

१ योसेफद्वारा देखाइएको मानव कमजोरी के थियो?

..........................................................................

२ योसेफका दाज्यूहरूले कस्तो खालका मानव कमजोरीहरू देखाएका थिए? ....................................................

३ सबै मानव कमजोरीहरू के बाट आउँछ?

..........................................................................

४ मानिसहरूले के गर्दा तिनीहरूमा संकष्ट र समस्याहरू आउँछन्? ...............................................................

सधैं झैं परमेश्वर कृपालु र दयालु हुनुहुन्थ्यो। उहाँले याकूबको परिवारको वास्ता गर्नुभयो। दुष्ट काम गर्नलाई षड्यन्त्र रच्ने दश जनालाई कृपा देखाएर हत्यागर्ने कामबाट तिनीहरूलाई जोगाउनुभयो। उहाँले योसेफलाई कृपा देखाएर उनको जीवन बचाइदिनुभयो। सम्पूर्ण याकूब परिवारलाई पनि उहाँले कृपा देखाएर तिनीहरूको भविष्यको बाटो बनाइदिनुभयो।

परमेश्वरले मानिसहरूलाई आफ्नो कृपा देखाउनुहुन्छ तर उहाँले सधैं दुष्टताको न्याय गर्नुहुन्छ भनी हामी अगमवक्ताहरूका जीवनबाट सिक्नसक्छौं। उहाँले मानिसहरूलाई पाप र यसका नतिजाहरूका बारेमा ज्ञान दिनुहुन्छ। हामी येशूको जीवन विवरणमा यो सत्यतालाई घरिघरि दोहोरिएको पाउँछौं। पापले संकष्ट ल्यायो तर परमेश्वरले यसबाट छुटकारा उपलब्ध गरिदिनुभयो।

योसेफले मानव कमजोरीबाट आउने घमण्डलाई देखाएता पनि उनी परमेश्वरमा विश्वास भएका एक व्यक्ति थिए जसले परमेश्वरको सेवा गरे। उनलाई दण्ड दिनको निम्ति होइन तर उनलाई आफ्नो नजीक ल्याउनको निम्ति परमेश्वरले उनको जीवनमा संकष्ट आउन दिनुभयो। आउने कामको निम्ति योसेफ बलियो र बुद्धिमान् होस् भन्ने परमेश्वरको चाहना थियो। आफ्ना दाज्यूहरूले आफूलाई मार्ने षड्यन्त्र रचेका छन् भन्ने कुरा थाहै नपाई योसेफ भेड़ा बाखा चराउने ठाउँमा गएका थिए।

एउटाले भन्यो, "हामी यसलाई मारेर इनारमा फालिदिऔं" जङ्गली चितुवाले त्यसलाई मारेर खाएछ भनी याकूबलाई विश्वास दिलाउनको लागि तिनीहरूले उनको लबेदालाई पशुको रगतमा चोपे। तिनीहरूले उनलाई सुक्खा इनारमा खसालिदिए।

तब व्यापारीहरूको एक दल त्यही बाटो भएर आयो। "हामी यसलाई कमारा बनाएर किन नबेचौं" भनी एक जनाले सल्लाह दिए। यसरी हामी यसलाई हामीबाट टाढ़ा धपाई केही आम्दानी पनि गर्नसक्छौं। यसरी तिनीहरूले उनलाई बाहिर ताने र सस्तो मोलमा बेचेर पठाए। ती व्यापारीहरूले उनलाई मिश्र देशमा लगे।

योसेफ एकलै मिश्रमा गएका थिएनन्। परमेश्वर त्यहाँ उनीसँग हुनुहुन्थ्यो र उहाँले उनलाई हेरचाह र अगुवाइ गर्नुभयो। उनले आफ्नो जीवनलाई मौकाको भाग्यले अधीन गरेको चाहेनन्। उनी यस सत्यतामा चेतनशील थिए कि परमेश्वरको हेरचाह र प्रेम बाबुले आफ्नो छोरालाई देखाएको हेरचाह र प्रेम जस्तै हो। अरू मानिसहरूले उनीसँग कमाराको व्यवहार गरेका भएता पनि उनले चाहिँ परमेश्वरसँगैको नजीकको सम्बन्धको अनुभव गरे। परमेश्वरले उनलाई बिर्सनुभएन। परमेश्वरले विशेष उद्देश्यको निम्ति उनको जीवनलाई सुरक्षित राख्नुभयो। परमेश्वरले आफ्नो इच्छा पूरा गर्नको लागि विभिन्न परिस्थितिहरूलाई आफ्नो अधीनमा राख्नुभयो। आफ्नो जीवनमा आउने सबै परिस्थितिहरूमा परमेश्वरको बुद्धि र दयामा भर पर्न सकिन्छ भनी योसेफले थाह पाए।

## तपाईंको अभ्यासको निम्ति

**५** ठीक उत्तरहरूको अगाड़िको अक्षरमा घेरा लगाउनुहोस्।
योसेफलाई सुरक्षित राख्नको लागि, परमेश्वरले यी कुराहरूद्वारा काम गर्नुभयो:

**क)** दया देखाउने दाज्यू

ख) सहायताको निम्ति योसेफको पुकारा

ग) फायदाको निम्ति इच्छा

घ) सुक्खा इनार

ङ) व्यापारीहरूको एक दल

## कमाराले परमेश्वरको इच्छाको आज्ञापालन गर्छ

योसेफको जीवन प्रक्रियामा कति ठूलो परिवर्तन आयो! उनी आफ्ना बाबुका प्रिय छोरा भए तापनि उनलाई अलिकति मूल्यमा बेचिएको थियो। उनलाई जवान र विना अनुभवका व्यक्ति भनी विचार गरिएको हुनाले कमाराले पाउने पूरा मोल पनि उनले पाएनन्। उनका सपनाहरू चकनाचूर भए। इज्जत पाउनुको सट्टा उनी कमारा पो बने। यी सबै घटनाहरूको कारणले उनमा ठूलो निराशा आउन सक्थ्यो। उनी विद्रोही भएर वदला लिने भावना राख्नसक्थे।

तर हामी उनको जीवन विवरणमा देख्नसक्छौं कि उनको घमण्ड नम्रतामा परिणत भए तापनि उनी निराश भएनन्। उनले आफ्ना दाज्यूहरूप्रति रीस प्रकट गरेनन्। उनले परमेश्वरको योजनालाई प्रश्न गरेनन्। उनले आफ्नो हृदयमा यो कुराको महसूस गरेका थिए कि परमेश्वरको उद्देश्यलाई मानवजातिले सधैंभरी बुझ्नसक्तैन। परमेश्वरले आशिष् ल्याउनको लागि अआनन्दित अनुभवहरूलाई बारम्बार प्रयोग गर्नुहुन्छ।

शुरूमा योसेफको निम्ति सबै कुराहरू ठीकै हुँदै गयो। उनलाई एक धनी मिश्री कप्तानले किनेर लगेका थिए। उनले आफ्नो काम ठीकसँग गरे र उनमा आनन्दित स्वभाव पनि थियो। ती कप्तानले योसेफका योग्यताहरूलाई थाह पाए र उनलाई आफ्नो परिवारको सम्पूर्ण कामको जिम्मा दिए। परमेश्वरले

उनको काममा आशिष् दिनुभयो र त्यस परिवारको धन सम्पत्ति प्रशस्तै बढ्यो।

तब उनको चरित्रमाथि ठूलो परीक्षा आयो। उनको मालिक-की पत्नीले उनलाई पापमा फँसाउने कोशिश गरी। त्यसले बड़ो साहस र दुष्ट प्रकारले यसो भन्दै परीक्षा गरी, "आऊ मसँगै सुत"।

"मैले यस्तो दुष्ट काम गर्नु हुँदैन, यस्तो काम केवल तपाईंका पतिको विरूद्धमा मात्र होइन तर परमेश्वरका विरूद्धमा पनि ठूलो पाप हो" भनी योसेफले आफूलाई त्यसबाट अलग गरे। यस्तो ठूलो परीक्षाको घड़ीमा योसेफले परमप्रभुमा शरण खोजे किनभने दुष्ट काम गर्नेहरूको उन्नति हुँदैन भनी उनलाई थाह थियो। योसेफ धर्मी मानिस थिए। त्यस कप्तानकी स्वास्नीले योसेफलाई आफ्नै इच्छाअनुसार चलाउनखोजी। त्यस्तै अर्को मौका पाएर योसेफलाई जवरजस्ती गरी पापमा फँसाउने कोशिश गरी। योसेफ त्यसबाट भाग्न चाहन्थे तर त्यसले उनलाई जानै दिइन। तिनी ढोकातिर भाग्न खोज्दा त्यसले उनको कमिजै च्यातिदिई। योसेफले पापलाई त्यागी धार्मिकताको पछि लागे।

त्यस स्त्री ज्यादै रिसाई र उल्टा योसेफलाईनै दोष लगाउन थाली। त्यसले त्यो कमिज आफ्नो लोग्नेलाई देखाई र भनी "त्यसले मलाई जवरजस्ती गर्ने कोशिश गऱ्यो र म चिच्याएँ र त्यसले आफ्नो लुगा मेरो हातमै छोड़ेर भाग्यो।"

## तपाईंको अभ्यासको निम्ति

६ तलका खाली ठाउँहरूमा भर्नुहोस्।

योसेफले यसरी परमेश्वरप्रतिको आफ्नो विश्वास र भक्तिलाई प्रदर्शन गरेः

**क**) दया देखाउने दाज्यूअघाड़ि उनले आफ्नो हृदयमा घमण्ड देखाए तापनि अहिले उनले .......................... को स्वभाव देखाए।

**ख**) उनका दाज्यूहरूले उनीसँग निर्दयी व्यवहार गरे तर उनले ......................... लिन खोजेनन्।

**ग**) उनले परमेश्वरको उद्देश्य बुझ्नसकेनन् तर उनले ........... ........................ गरेनन्।

**घ**) ठूलो परीक्षाको सामना गर्नुपर्दा पनि उनले .................... .............................. पाप गर्न इन्कार गरे।

योसेफ निर्दोषीनै भए पनि उनलाई भ्यालखानमा हालियो। यस्तो अवस्थामा पनि उनले परमेश्वरसँग गनगन गरेनन्। यी घटनाहरूमा परमेश्वरको उद्देश्य छ भनी उनले आफ्नो हृदयमा अनुभव गरेका थिए। उनले आफूले अधीन गर्न नसक्ने भविष्यमा आफूलाई अर्पण गरेका थिएनन्। उनले आफूलाई विश्वासमा परमेश्वरमा समर्पण गरेका थिए। परमेश्वरले उनको वास्ता गर्नुभयो र उनको निम्ति उत्तम हुने मार्गमा उनलाई डोऱ्याउनुभयो।

आफ्ना मालिकको घरमा जस्तै भ्यालखानमा पनि योसेफले मानिसहरूलाई गहिरो प्रभाव पारे। सबैलाई यो कुराको प्रमाणित भयो कि उनी एउटै साँचो परमेश्वरमा विश्वास भएका योग्य र बुद्धिमान् व्यक्ति थिए। योसेफलाई राखिएको भ्यालखानमा राजाका मुख्य पकाउने र मुख्य पियाउने दुई जनालाई पनि राखिएको थियो। एक रात तिनीहरूले बड़ो हलचल मचाउने किसिमको सपना देखे।

मुख्य पियाउनेले भने "यी सपनाहरूका अर्थ खोलिदिने कोही भएता हुनेथियो"!

योसेफले तिनीहरूलाई भने,"परमेश्वरले मात्र सपनाको अर्थ खोलिदिनसक्नुहुन्छ। तपाईंहरूले आ-आफ्ना सपनाहरू मलाई बताउनुहोस्, र परमेश्वरले तिनीहरूको अर्थ मलाई खोलिदिनुहुन्छ कि।"

मुख्य पियाउनेले भने, "मैले मेरो सपनामा तीनवटा हाँगाहरूमा पाकेको दाखलाई निचोरेर कचौरामा राखि राजाको बाहुलीमा टक्राएको देखें।" मैले मेरो सपनामा तीनवटा टोकरीमा रोटी बोकेको देखें र मेरो टाउकोमा भएको टोकरीबाट चराहरूले ठुँगी ठुँगी खाइरहेका थिए" भनी मुख्य पकाउनेले भने।

तीन हाँगाहरू र तीन टोकरीहरूले तीन दिनको प्रतिनिधित्व गर्छन् भनी योसेफले बताइदिए। तीन दिनमा मुख्य पियाउनेले राजाको सेवामा फेरि काम पाउनेछन्, र मुख्य पकाउनेलाई चाहिँ झुण्डाएर मारिनेछ।

मुख्य पियाउनेलाई योसेफले भने, "तपाईं राजाको दरवारमा पुग्नुभएपछि मलाई सम्झनु होला। म यहाँ झूटा आरोपमा बसिराखेको छु। मेरो मुद्दा राजाको अगाड़ि पनि पुगोस् भन्ने मेरो चाहना छ। मेरो बारेमा राजालाई पनि बताइदिनुहोला।" योसेफले सपनाको अर्थ खोलिदिए झैं तेस्रो दिनमा मुख्य पकाउनेलाई झुण्डयाईयो र मुख्य पियाउनेले फेरि राजाको सेवामा काम पाए र तिनले योसेफलाई बिर्सिए। तर परमेश्वरले आफ्नो विश्वासयोग्य दासको निम्ति अझै उत्तम योजना राख्नुभएको थियो। परमेश्वरले बिर्सनुहुन्न।

## तपाईंको अभ्यासको निम्ति

७ योसेफको जीवनबाट हामीले सिक्नसक्ने सत्यताका केही

बयानहरूलाई तल दिइएका छन्। प्रत्येक खाली ठाउँ भर्नको निम्ति दिईएको सूचीबाट उपयुक्त शब्द छान्नुहोस्। त्यसपछि तपाईंको आफ्नै जीवनमा प्रयोग हुने बयानहरूका अगाड़िका अक्षरमा घेरा लगाउनुहोस्।

| | | |
|---|---|---|
| विरोध | परमेश्वर | अनुभवहरू |
| शैतानको | विश्वासयोग्य | परिस्थितिहरू |
| मौका | आशिषहरू | |

**क)** हामीलाई .......................... दिनको लागि परमेश्वरले आनन्दित .......................... पनि प्रयोग गर्नुहुन्छ।

**ख)** .......................... परीक्षाहरूबाट विजयी हुनको लागि परमेश्वरले हामीहरूलाई सहायता गर्नुहुन्छ, तर हामीले त्यसको ................ गर्नैपर्छ।

**ग)** परमेश्वरको सहायताद्वारा हामी जुनसुकै ................ ................ पनि ................ हुनसक्छौं।

**घ)** हामी .......... मा होइन तर .......... समर्पित हुनुपर्छ।

## भाइले परमेश्वरको प्रेम देखाउँछ

योसेफले दुई वर्ष भ्यालखानमा बिताए। यो उनको जवानी र योग्यताको बरबादी थियो जस्तो हामीलाई लाग्ला। तर परमेश्वरले नोआ र अब्राहामको जीवनमा झैं उनको जीवनमा पनि काम गरिरहनुभएको थियो। उहाँले आफू बाहेक अरू धेरैको लागि योसेफलाई आशिषको पात्र बनाउनलाग्नुभएको थियो। योसेफको जीवनका घटनाहरूले परमेश्वरको स्वभाव र उद्देश्यको बारेमा मानवजातिलाई प्रकट गर्न सहायता गर्छ।

हामी यो देख्छौं कि नोआ र अब्राहाम जस्तै योसेफ पनि पापका नतिजाहरूद्वारा घेरिएका थिए। आफ्ना दाज्यूहरूको निर्दयता, परदेशमा कमाराको जीवन, शैतानको परीक्षा, झूटो आरोप र

भ्यालखान बास जस्ता अनुभवले योसेफलाई नाजुक अवस्थामा पुऱ्याएको थियो। तर परमेश्वरले उनको वास्ता गर्नुभयो। उनलाई छुटकारा दिनसक्ने शक्ति परमेश्वरमा मात्र थियो। छुटकारा पाउनको निम्ति योसेफले परमेश्वरमा विश्वास गरेर आफूलाई उहाँको इच्छामा सुम्पिनु पर्ने थियो। उनले परमेश्वरको बाटो रोजे र सो रोज्ने काम उनले आज्ञाकारितासाथ गरेका थिए।

फेरि योसेफको जीवनमा सपना महत्वपूर्ण बन्छ। यसबेला मिश्रका राजाले सपना देखे। उनले आफ्नो सपनामा चिल्ला र मोटा सातवटा गाईहरू नदीबाट बाहिर निस्किरहेका देखे। तब अरू सातवटा हड्डी र छाला मात्र भएका दुब्ला दुब्ला गाईहरू नील नदीबाट निस्के र ती सप्रेका सातवटा मोटा गाईहरूलाई खाइहाले।

त्यसपछि राजा निदाए र फेरि अर्को एउटा सपना देखे। सातवटा भरिला र असल अनाजका बाला एउटै डाँठमा उम्रिरहेका थिए। त्यसपछि सातवटा सेप्रा र पूर्वीय बतासले ओइलाएका सातवटा अन्नका बालाहरू पसाए। अनि ती सेप्रा बालाहरूले ती सातवटा असल र भरिला बालाहरूलाई निलिहाले।

सपनाहरूका कारणले राजा विचलित भए र उनले तिनीहरूलाई बिर्सन सकेनन्। यिनीहरूको विशेष अर्थ छ भनी उनलाई थाह थियो। सपनाहरूका अर्थ खोल्नलाई उनले जादूगरहरू र विद्वान्हरूलाई लिन पठाए, तर कसैले पनि सपनाको अर्थ खोल्न सकेन। अन्तमा मुख्य पियाउनेले योसेफलाई सम्झे र उनको बारेमा राजालाई बताए। तब राजाले उनलाई भने "त्यसलाई मकहाँ ल्याऊ, मेरा सपनाहरूको अर्थ मैले थाह पाउनै पर्छ।"

योसेफलाई भ्यालखानबाट ल्याइयो। आफूसँग जादूगरको शक्ति नभएको कुरा योसेफले राजालाई बताइदिए। योसेफले भने, "म गर्न-सक्तिन, तर परमेश्वरले मात्र सपनाको अर्थ खोलिदिनसक्नुहुन्छ।"

यसरी परमेश्वरले योसेफलाई सपनाको अर्थ प्रकट

गरिदिनुभयो र योसेफले राजालाई यसको अर्थ बताइदिए। "सातवटा मोटा गाईहरू र सातवटा भरिला अन्नका बालाहरूले सहकालका सात वर्षहरूको प्रतिनिधित्व गर्छन्। सात वर्ष सम्म त्यहाँ प्रशस्तै उब्जनी हुनेछ। प्रत्येक खेती पहिलेको भन्दा धेरै हुनेछ। दुब्ला गाईहरू र सेप्रा बालाहरूले अनिकालका सात वर्षहरूको प्रतिनिधित्व गर्छन्। त्यहाँ सात वर्षसम्म डरलाग्दो अनिकाल हुनेछ र सारा देशभरिनै भोखमारी चल्नेछ।"

परमेश्वरले योसेफलाई केवल सपनाको अर्थ मात्र होइन तर सल्लाह दिनको लागि बुद्धि पनि दिनुभयो। योसेफले भने हजूरले एक असल प्रबन्धकलाई नियुक्त गर्नु आवश्यक छ। उनले आउने सहकालका वर्षहरूका सबै अनाजहरू सञ्चय गरून्। यसरी अनिकालका वर्षहरूमा मिश्रमा प्रशस्तै अनाज हुनेछ।"

राजा योसेफसँग खुशी भए। परमेश्वरलेनै योसेफलाई अगुवाइ गर्नुभएको हो भनी उनले थाह पाए। तब राजाले योसेफलाई भने, "तिम्रो बुद्धि परमेश्वरबाट आएको हो, त्यसकारण तिमी जस्तो बुद्धिमान् मानिस अरू कोही भेटिंदैन।" यसरी राजाले योसेफलाई पूरै देशको मालिक तुल्याए र योसेफले अनिकालका वर्षहरूका लागि अन्न सञ्चय गर्न थाले। कमाराका रूपमा पनि योसेफ विश्वासयोग्य र आज्ञाकारी थिए। अब परमेश्वरले उनलाई सम्पत्ति र शक्तिको मानिसको रूपमा आफ्नो चरित्र प्रमाणित गर्न उनलाई ठूलो मौका दिनलाग्नुभएको थियो।

## तपाईंको अभ्यासको निम्ति

**८** तल दिइएका बयानहरूलाई पढ्नुहोस्। यदि बयानहरू

**ठीक** छन् भने, त्यसको अगाड़िको अक्षरमा घेरा लगाउनुहोस्। यदि बयान **बेठीक** छ भने अर्को छुट्टै पानामा ठीक उत्तर लेख्नुहोस्।

**क**) योसेफलाई धेरै वर्ष झ्यालखानमा बिताउन कर लगाइएको थियो।

**ख**) परमेश्वरले योसेफका अनुभवहरूलाई उनको व्यक्तिगत फायदाको निम्ति मात्र प्रयोग गर्नुभयो।

**ग**) योसेफ बुद्धिमान् भएका हुनाले उनले सपनाको अर्थ खोल्न सकेका हुन्।

**घ**) परमेश्वरले मानिसको वास्ता गर्नुहुन्छ भन्ने कुरा योसेफको जीवनले प्रदर्शन गर्छ।

**ङ**) योसेफको जीवनले हामीलाई पापबाट स्वतन्त्र पार्ने शक्ति परमेश्वरमा छ भन्ने कुराको प्रदर्शन गर्छ।

परमेश्वरलेनै यी घटनाहरूको अगुवाइ गर्नुभएको हुनाले सबै कुरा सम्भव भएको थियो। एक दिन योसेफ झ्यालखानमा विदेशी र कमाराको रूपमा रहेका थिए। अर्को दिन उनी मिश्रका शासक बने।

कुनै कुनै मानिसहरूलाई यस्तो किसिमले इज्जत र अधिकार दिइयो भने तिनीहरू घमण्डी र बदलालिने स्वभावका हुनसक्छन्। तर योसेफले नम्रतासाथ परमेश्वरको योजनालाई स्वीकार गरे। उनले अरूहरूलाई प्रेम देखाएर परमेश्वरप्रतिको आफ्नो समर्पणलाई प्रकट गरे।

सहकालका सात वर्षहरू सिद्धिए। प्रशस्त उब्जनी भएको कारणले मिश्र देशभरिका धनसारहरू अन्नले भरिए। तब अनिकाल आयो। योसेफले प्रबन्ध मिलाएका धनसारहरूबाट अन्न किन्नको लागि मानिसहरू टाढ़ा टाढ़ाबाट आउनथाले।

एक दिन योसेफले आफूले काम गरिराखेको ठाउँबाट आँखा उठाएर हेर्दा अन्न किन्न आउनेहरूका बीचमा आफ्ना दशजना दाज्यूहरूलाई पनि देखे।

तपाईंले के गर्नुहुन्थ्यो होला? तपाईंलाई मार्ने षड्यन्त्र गर्ने, तपाईंलाई इनारमा फालिदिने, र परदेशमा कमाराको रूपमा बेची पठाउने व्यक्तिहरूलाई तपाईंले के गर्नुहुन्थ्यो होला? के तपाईं तिनीहरूलाई दण्ड दिन चाहनुहुन्छ? बदला लिन चाहनुहुन्छ?

योसेफमा यस्तो कुरा गर्ने विचारै पनि आएन! उनको जीवन परमेश्वरको हातमा थियो।

परमेश्वरको दयाले उनको हृदय भरिएको थियो। त्यहाँ घमण्ड गर्ने वा बदला लिने विचारको ठाउँनै थिएन।

योसेफका दाज्यूहरूले चाहिँ उनलाई चिनेनन्। उनले तिनीहरू-मध्येका कान्छो चाहिँलाई चोरि गरेको दोष लगाई तिनीहरूको जाँच गर्ने निर्णय गरे। तिनीहरू सबै आफ्नो भाइको बचावटमा आए र उसको अपराधको सट्टामा आफूले दण्ड भोग्ने मञ्जुरी दिए।

यसले योसेफलाई यो कुराको प्रमाण दियो कि तिनीहरूले आफ्ना पहिलेका पापहरूबाट पश्चाताप गरी आफ्नो बाटो बदलेका रहेछन्। यसरी उनले आफैलाई तिनीहरूका अगाड़ि प्रकट गरे। उनले भने, "हेर, तिमीहरूले मिश्रमा बेचेका तिमीहरूका भाइ मनै हुँ। हामी सबैको प्राण रक्षाको निम्ति परमेश्वरले मलाई तिमीहरूका अगि यहाँ पठाउनुभएको हो। कति पनि अबेर नगरी सबै परिवारलाई यहाँ लिएर आओ। आफ्नो छोराले गर्नुपर्ने कर्तव्य पूरा गरी म मेरा पितालाई आवश्यकीय कुराहरू जुटाएर आदर गर्न चाहन्छु।"

यसरी योसेफले आफ्नो पूरै परिवारलाई मिश्रमा ल्याउने बन्दोबस्त मिलाए र त्यहाँ तिनीहरूका लागि उनले घर पनि

तयार पारिदिए। योसेफ तिनीहरूले आदरणीय स्थान र असल जमीन पाएको हेर्न चाहन्थे। तिनीहरू सबै उनीप्रति कृतज्ञ भए र उनको अगाडि झुके।

योसेफको सपना सत्य भयो! तर आफ्नो परिवारको अवस्थामा उनी घमण्डी भएनन्। एक घमण्डी शासकले जस्तै उनले तिनीहरूका दण्डवत्को चाहना गरेनन्। उनलाई थाह थियो कि परमेश्वरले आफ्ना मानिसहरूलाई बचाउनको लागि यी सबै कुराहरू गर्नुभएको थियो। योसेफ एक प्रेमी भाइ र छोरा थिए। परमेश्वरले कसरी सहाराहीनलाई सहायता गर्नुहुन्छ, उहाँमा भरोसा राख्नेहरूलाई सबै परिस्थितिहरूमा जुटाउनुहुन्छ र उहाँको नाउँको पुकारा गर्नेहरूलाई उहाँले सधैं क्षमा दिनुहुन्छ भन्ने जस्ता सत्यताहरूलाई आफ्नो जीवनबाट नमूनित हुनुपर्छ भनी योसेफलाई थाह थियो।

## तपाईंको अभ्यासको निम्ति

६ यो स्पष्ट छ कि जब हामी अगमवक्ताहरूको जीवनलाई अध्ययन गर्छौं, हामी हाम्रो जीवनमा प्रयोग गर्न सकिने सिद्धान्त उनीहरूबाट सिक्छौं। यी सिद्धान्तहरूमध्ये दुईवटा तल दिइएका छन्। तपाईंलाई व्यक्तिगतरूपमा महत्वपूर्ण लागेका सिद्धान्तहरूलाई थप्दै जानसक्नुहुन्छ?

क) परमेश्वरले मेरो वास्ता गर्नुहुन्छ।

ख) मैले परमेश्वरमा भरोसा राखेंभने उहाँले मलाई अगुवाइ गर्नुहुन्छ।

ग) ..........................................................

घ) ..........................................................

ङ) ..........................................................

## प्रार्थना

सबै कुरा जान्नुहुने, बुद्धिमान् भन्दा पनि अझै बुद्धिमान्, योसेफलाई सुरक्षा गर्नुहुने मित्र, परमेश्वर, सबै परिस्थितिहरू र कठिनाइहरूमा तपाईंमा शरण लिन मलाई सिकाउनुहोस्। तपाईंलाई खुशी तुल्याउने व्यक्तिगत चरित्रहरूको निर्माण गर्न मलाई सहायता गर्नुहोस्। यस पृथ्वीमा भएको जीवन यात्राको अनुभवलाई बिना प्रश्ननै म स्वीकार गर्न सकूँ, र तपाईंको सिद्ध बुद्धिमा मेरो जीवनलाई पूर्ण रूपमा अर्पण गर्न मलाई सिकाउनुहोस्। तपाईं र तपाईं मात्र मेरो जीवनको प्रभु हुनुहुन्छ। जसरी तपाईंले योसेफलाई सहायता गर्नुभयो त्यसैगरी मलाई पनि सहायता गर्नुहोस्, यसरी म मेरा शब्दहरू र कामहरूद्वारा लगातार रूपमा मेरा वरिपरिभएकाहरूका निम्ति आज्ञाकारिता, नम्रता, र दयाको प्रकट गर्न सकूँ। आमिन।

## तपाईंका उत्तरहरूको जाँच गर्नुहोस्

५ क) दया देखाउने दाज्यू

ग) फायदाको निम्ति इच्छा

घ) सुक्खा इनार

ङ) व्यापारीहरूको एक दल

१ घमण्ड

६ **क)** नम्रता

**ख)** बदला

**ग)** परमेश्वरलाई प्रश्न

**घ)** परमेश्वरको विरूद्धमा पाप

२ घमण्ड, डाह र घृणा

७ **क)** आशिष्‌हरू, अनुभवहरू

**ख)** शैतानका, विरोध

**ग)** परिस्थितिहरूमा, विश्वासयोग्य

**घ)** मौका, परमेश्वर

३ पाप

८ **क)** बेठीक झ्यालखानमा उनको समय त्यसै खेर गएको थियो।

**ख)** बेठीक उनका अनुभवहरू अरूहरूलाई आशिष् दिन र सिकाउनको लागि प्रयोग गरिएका छन्।

**ग)** बेठीक परमेश्वरले मात्र सबै अर्थहरू खोलिदिनुहुन्छ।

**घ)** ठीक

**ङ)** ठीक

४ तिनीहरूले आफ्नै मनखुशी गरेर परमेश्वरको आज्ञा भङ्ग गरे।

९ तपाईंका व्यक्तिगत उत्तरहरू

# पाठ ४
# मोशा – उनले परमेश्वरको वचन प्राप्त गरे

के परमेश्वर तपाईंसँग बोल्नुहुन्छ?

हो, उहाँलाई मौका दिने हरेकसँग परमेश्वर बोल्नुहुन्छ। यहाँ *बोल्नुको* अर्थ "कुराकानी गर्नु" वा सम्बन्धमा आउनु हो। यसमा विभिन्न किसिमका बोलाइहरू समावेश भएका हुन्छन्। परमेश्वर सपनाहरूद्वारा योसेफसँग कसरी बोल्नुभयो भन्ने कुरा यसभन्दा पहिलेको पाठमा हामीले सिकिसकेका छौं। परमेश्वरले योसेफलाई यसरी आफू र आफ्नो इच्छा प्रकट गर्नुभयो।

परमेश्वरले नोआलाई जल प्रलयको बारेमा बताउनुभयो भन्ने कुरा हामीलाई थाह छ। उहाँले अगुवाइ गर्ने शिक्षकले

जस्तै जहाज निर्माणको निम्ति आवश्यकीय निर्देशनहरू बड़ो धीरजसाथ दिनुभयो। परमेश्वर घरि घरि अब्राहामसँग बोल्नुभयो। नयाँ जाति शुरू गर्नको निम्ति परमेश्वरले अब्राहामलाई स्पष्टसँग बोलाउनुभयो। आफ्नो छुरी बन्द गरेर आफ्नो छोरालाई बचा भन्ने परमेश्वरको आवाज कति प्रेमी र स्वागतयोग्य थियो।

विभिन्न व्यक्तिहरूसँग बोलेर परमेश्वरले तीनवटा उद्देश्यहरू पूरा गर्नुभयो। उहाँले तिनीहरूलाई आफ्नो अस्तित्वको चेतना दिनुभयो। उहाँले तिनीहरूसँगको संगतिको चाहना गर्नुहुन्छ भनी तिनीहरूलाई थाह दिनुभयो। विशेष योजनाहरू सञ्चालन गर्नको लागि उहाँले तिनीहरूलाई आदेशहरू दिनुभयो।

अब परमेश्वर केही व्यक्तिहरूसँग मात्र होइन तर सबै ठाउँका सबै मानिसहरूसँग बोल्न चाहनुहुन्छ। उहाँले विशेष निर्देशनहरू मात्र दिने इच्छा गर्नुहुन्न, तर पृथ्वीभरिनै आफ्नो इच्छालाई प्रकट गर्न चाहनुहुन्छ। यसैको निम्ति उहाँले आफ्नो वाणीलाई लिखित रूपमा प्रकट गर्नुभयो। मानिसहरूसँग सामान्य व्यवहार गर्नको निम्ति परमेश्वरले एक मानिसलाई चुन्नुभयो।

यस पाठमा हामीले सम्पूर्ण मानव इतिहासमा सबैभन्दा महत्वपूर्ण र चाखलाग्दा अध्यायहरूलाई विचार गर्नेछौं। यो मोशाको जीवन र कार्य हो जसले सबैभन्दा पहिले परमेश्वरबाट लिखित प्रकाशको वचनलाई प्राप्त गरेका थिए।

**यस पाठमा तपाईंले यी कुराहरूको अध्ययन गर्नुहुनेछ ...**

किन परमेश्वरले मोशालाई बोलाउनुभयो हामी वचनद्वारा सत्यता सिक्छौं हामी वचनको आदर र आज्ञापालन गर्छौं।

**यस पाठले तपाईंलाई यी कुराहरूमा सहायता पुऱ्याउनेछ ...**

* परमेश्वरले मोशालाई किन बोलाउनुभयो सो व्याख्या गर्न

* व्यवस्थाका पुस्तकहरू सम्बन्धी सत्यताहरू प्रयोग गर्न
* परमेश्वरको वचनप्रति कृतज्ञ हुन। परमेश्वरको वचन बुझ्न र आज्ञाकारी हुन।

## किन परमेश्वरले मोशालाई बोलाउनुभयो

परमेश्वरका मानिसहरू फेरि संकष्टमा परे। परमेश्वरले जल प्रलयको समयमा नोआलाई बोलाएर तिनीहरूलाई सुरक्षा गर्नुभयो। परमेश्वरले अब्राहामलाई बोलाएर तिनीहरूलाई मूर्तिपूजा-बाट अलग राख्नुभयो। उहाँले योसेफलाई बोलाएर तिनीहरूलाई अनिकालबाट बचाउनुभयो। अब तिनीहरूले निर्दयी र दुष्ट वातावरणको कमारोपनबाट छुटकारा पाउनु परेको थियो। यसरी परमेश्वरले तिनीहरूलाई अगुवाइ गर्नको निम्ति मोशालाई बोलाउनुभयो।

*इस्राएलीहरूले दासत्वमा गरेको सुस्केराको पुकार परमेश्वरमा पुगेको छ। उहाँले तिनीहरूलाई हेर्नुभयो र मिश्रीहरूको अत्याचार-मा परेको देख्नुभयो। तब उहाँले मोशालाई भन्नुभयो, "मैले मेरा मानिसहरूमाथि भएको अत्याचार देखेको छु। त्यसकारण तिनीहरूलाई ल्याउनको लागि म तँलाई मिश्रमा पठाउँदैछु।"*

मोशा एक बलिया र बुद्धिमान् मानिस थिए। उनी सानो बालक भएको बेलामा परमेश्वरले उनलाई गर्नुभएको सुरक्षाको बारेमा उनले आफ्नी आमाबाट सुनेका थिए। उनले परमेश्वरका मार्गहरू जानेका थिए र उहाँप्रति समर्पित पनि थिए। र पनि परमेश्वरको बोलावट प्राप्त गर्दा उनले आफ्नो नम्रता देखाए। उनले परमेश्वरसँग यसरी प्रश्न गरे, "तपाईंका मानिसहरूलाई फर्काएर ल्याउनसक्ने म को हुँ र? मानिसहरूले मैले भनेको कुरा पत्याउँदैनन् होला। परमप्रभु तपाईंलेनै मलाई पठाउनुभएको हो भनी म तिनीहरूलाई कसरी बताउँनु? तिनीहरूले मेरा प्रभुको नाम सोधे भने म के भन्नु?"

अब्राहामका परमेश्वरका नाममा जानू भनी परमेश्वरले मोशालाई बताउनु भयो। मानिसहरूले उनलाई विश्वास गर्न सकून् भनेर परमेश्वरले उनलाई आश्चर्यकाम गर्ने शक्ति दिनुभयो।

हामीले हेरिसकेका छौं कि परमेश्वरको सेवामा विशेष कामहरू गर्नको निम्ति अरू मानिसहरूलाई बोलाइएको थियो। तर मोशालाई दिइएको जस्तै आज्ञा त्यसभन्दा पहिले परमेश्वरले कसैलाई पनि दिनुभएको थिएन।

उनको काम सीधै अगुवाइ गर्नु र प्रेरणा दिनु थियो। अरूहरूको निम्ति भएको परमेश्वरको इच्छाको बारेमा बताउन र परमेश्वरसँग सम्बन्ध स्थापना गर्नेतर्फ तिनीहरूलाई डोऱ्याउनको निम्ति उनलाई पठाइएको थियो। तीन किसिममा सेवा पुऱ्याउनको निम्ति परमेश्वरले उनलाई प्रयोग गर्नुभयोः उहाँको *नामको* प्रकाश, उहाँको शक्ति र उहाँको *व्यवस्था*।

पवित्र लेखाईमा *नाम* शब्दले कुनै व्यक्तिको चरित्र र भित्रि स्वभावको बारेमा सम्बोधन गर्छ। यसले अस्तित्व र उद्देश्यको संकेत गर्छ। "म हुँ" नाम प्रयोग गर्नु भनी परमप्रभुले मोशालाई भन्नुभयो। यसले परमेश्वरको अपरिवर्तनशीलता र विश्वासयोग्यताको बारेमा बताउँछ। मोशाले गरेका सबै काम र उनले लेखेका सबै वचनहरू परमेश्वरको चरित्रमानै आधारित थिए।

उहाँले मोशाद्वारा प्रकट गर्नुभएको आश्चर्यकर्म र विपतीहरूद्वारा परमेश्वरको *शक्ति* प्रकट गरिएको थियो। यसभन्दा पहिले आश्चर्यकर्महरू गर्नको लागि परमेश्वरले मानिसहरूलाई प्रयोग गर्नुभएको थिएन। "मोशासँग अब्राहामका परमेश्वर प्रकट हुनुभयो भनी तिनीहरूले विश्वास गरून्" भनेर यी आश्चर्यकर्मका चिन्हहरू प्रयोग गर्नू भनी उहाँले मोशालाई अराउनु भयो। परमेश्वरको शक्तिद्वारा मोशाको लौरो सर्प बन्यो। उनको हातमा

पनि कोर लाग्यो र त्यसपछि उनी नीको भए। भूमिमा खन्याउँदा नदीको पानी पनि रगत बन्नेछ भन्ने प्रतिज्ञा उनले पाए। शक्तिका यी चिन्हहरूले मोशाको कार्यलाई निश्चित गराएका थिए। पछि गएर परमेश्वरले आफ्नो शक्तिलाई सिनै पर्वतमा शारीरिक रूपमा प्रकट गरेर आफ्नो लिखित वचनको निश्चयता दिनुभयो।

परमेश्वर आफैले आफ्नो *व्यवस्था* मोशालाई दिनुभयो। मोशाले मानिसहरूलाई परमेश्वरको बाटोमा अगुवाइ गर्नुपर्‍यो। त्यसैले ती मानिसहरूका कामलाई निर्देशन गर्न परमेश्वरले मोशालाई विभिन्न नियमहरू उपलब्ध गरिदिनुभयो। यी नियमहरूको पालन गर्नाले तिनीहरूले सफलता र सहायता पाउँथे र तिनीहरू परमेश्वर र एक अर्कासँग मिलापमा रहन सक्थे। यसरी मोशाका काम र वचनहरू परमेश्वरको स्वभावमै आधारित थिए र यी कुराहरू आश्चर्यपूर्ण कुराहरूबाट निश्चित र परमेश्वरको व्यवस्थाद्वारा मानिसहरूका बीचमा प्रयोग गरिएका थिए।

## तपाईंको अभ्यासको निम्ति

१ तल दिइएका बयानहरूलाई पूरा गर्न दिइएको खाली ठाउँ भर्नुहोस्ः

**क**) परमेश्वरले आफ्नो .......................................... .......................................... को प्रकाशद्वारा मोशालाई सेवाको निम्ति सुसज्जित पार्नुभयो।

**ख**) सबैभन्दा पहिले परमेश्वरले मोशालाईनै आफ्नो वचन .......................................... लगाउनुभयो।

ग) परमेश्वरले सबैभन्दा पहिले मोशाद्वारानै ................
........................................................ गर्नुभयो।

जब परमेश्वरले उहाँको कार्य गर्न मानिसहरूलाई बोलाउनुहुन्छ, यसमा उहाँले एउटाभन्दा बढ़ी उद्देश्य राख्नुभएको हुनसक्छ। परमेश्वरका मानिसहरू दासत्वपनमा चिच्याइरहेका हुनाले उहाँले मोशालाई बोलाउनुभयो भन्ने कुरा हामीले हेरिसक्यौं। तब, मोशालाई बोलाउनुको एक कारणचाहिँ अब्राहामका सन्तानलाई दासत्वबाट छुटकारा दिनु हो। फिरऊनको देशबाट उम्केर तिनीहरूका निम्ति भएको परमेश्वरको योजना पछ्याउन तिनीहरूका लागि एक अगुवाको खाँचो थियो।

यद्यपि, यो स्पष्ट छ, कि परमेश्वरका अन्य उद्देश्यहरू पनि थिए। उहाँले मोशालाई फिरऊन राजाकहाँ गएर उहाँको आराधना गर्नको लागि उहाँका मानिसहरूलाई छुटकारा दिनू भन्ने माग गर्न पठाउनुभयो। राजाले आफ्नो हृदय कठोर पार्नेछन् र मानिसहरूलाई जान दिने छैनन्। तब परमेश्वरले दिनुभएका आश्चर्यकर्महरूलाई मोशाले प्रयोग गर्नेछन्। परमेश्वरले यसरी घोषणा गर्नुभयोः म मेरो हात उठाएर फिरऊनको देशमा आश्चर्यकर्म गर्नेछु र मेरा मानिसहरूलाई त्यहाँबाट बाहिर ल्याउनेछु, तब मिश्रीहरूले मनै परमप्रभु हुँ भनी जान्नेछन्। योचाहिँ मोशालाई बोलाउनुको दोस्रो उद्देश्यको नमूना हो। परमेश्वरले थोरै मानिसहरूलाई मात्र होइन, तर सबै ठाउँका सबै मानिसहरूलाई आफ्नो विषयमा प्रकट गर्न चाहनुहुन्छ।

मोशाको बोलावटको तेस्रो र धेरै महत्वपूर्ण उद्देश्यचाहिँ परमेश्वरले उनीद्वारा लिखित व्यवस्था दिन चाहनुहुन्थ्यो। तब परमेश्वरले प्रकट गर्नुभएको उहाँको चरित्र, उहाँको शक्ति, र आराधना र मानव कार्यका निम्ति उहाँको निर्देशनहरूलाई लिखित रूपमा संकलन गर्न परमेश्वरले उनलाई सहायता गर्नुभयो।

मानव जातिलाई प्रकट भएको यही प्रकाशलेनै तिनीहरूलाई अगुवाइ गर्नेछ।

यसबाट हामी यो सिक्छौं, कि त्यसबेला दासत्वमा परेका मानिसहरूको सरोकार राखेर मात्र परमेश्वरले मोशालाई बोलाउनुभएको होइन, तर आज हामीहरूको सरोकार पनि उहाँले राख्नुभएको थियो। मोशाद्वारा परमेश्वरबाट आएको प्रकाशलाईनै आज हामी व्यवस्थाका पुस्तकहरू भन्छौं। परमेश्वरको अचम्मको प्रबन्धको कारणले शुरूकै वचनहरू आज हामीसँग छन्। परमेश्वर हामीसँग बोल्नु भएजस्तै यी वचनहरू आज हामीसँग बोल्छन्। हाम्रो जीवनमा उहाँको सत्यतालाई स्वीकार गर्नु हाम्रो कर्तव्य र सौभाग्य हो।

## तपाईंको अभ्यासको निम्ति

२ प्रत्येक **ठीक** बयानको अगाड़िको अक्षरमा घेरा लगाउनुहोस्।

**क**) अब्राहामका सन्तानहरू पापपूर्ण देशमा कमाराहरू भएर रहेका थिए।

**ख**) मानिसहरू आफूले आफूलाई उद्धार गर्न नसकेका हुनाले, परमेश्वरले तिनीहरूको उद्धारको निम्ति योजना उपलब्ध गरिदिनुभयो।

**ग**) मानिसहरूलाई संगठित गर्न र अगुवाइ गर्न परमेश्वरले मोशालाई बोलाउनुभयो।

**घ**) मोशाद्वारा परमेश्वरले आफ्नो शक्ति देखाउनुभयो।

ङ) लिखित वचनद्वारा मानिसहरूसँग बोल्नको लागि परमेश्वरले मोशालाई बोलाउनुभएको थियो।

परमेश्वरले योजना गर्नुभएझैं सबै कुराहरू ठीक ठीक पूरा भए। "मानिसहरूलाई जान देऊ" भन्दै मोशा फिरऊन राजाकहाँ गए। फिरऊनले मानिसहरूलाई जान दिएनन्, र मोशाले परमेश्वरको शक्तिमा आश्चर्य कामहरू गरे। फिरऊनको कठोर हृदयको कारणले मिश्र देशमाथि डरलाग्दो विपत्ति आयो। भ्यागुता र झिँगाहरूले घरहरू भरिए। गाई वस्तुहरू मरे। मानिसहरूले घाउ खटीराबाट ठूलो दुःख भोग्नुपर्‍यो। असिना र सलहहरूले अन्न बाली नाश पारे र सारा देशलाई नै अँध्यारोले ढाक्यो।

"फिरऊनमाथि म अर्को विपत्ति ल्याउनेछु" भनी परमेश्वरले मोशालाई भन्नुभयो। त्यसपछि तिनीहरूलाई त्यसले जानदिनेछ। त्यो विपत्तिचाहिँ देशमा भएका पहिले जन्मेका सबैको मृत्यु हुने थियो। परमेश्वरले मोशालाई भन्नुभयो, कि यस विपत्तिको घटनाचाहिँ मानिसहरूका लागि एक पाठ र चिन्ह हुनुपर्ने थियो। यसबाट तिनीहरूले पापको विरूद्धमा भएको परमेश्वरको क्रोध र उहाँमा विश्वास गर्ने र उहाँको आज्ञा पालन गर्नेहरूमाथि हुने उहाँको सुरक्षाको बारेमा सिकाउँछन्।

परमेश्वरले मोशालाई भन्नुभयो, "प्रत्येक परिवारले एउटा एउटा पाठो मारेर त्यसको रगतलाई तिनीहरूका घरको ढोकामा लगाउन। त्यस रात म मिश्रभित्र भएर जानेछु, र मिश्रका मानिस र पशु दुवैका प्रथम जन्मेकालाई मार्नेछु, र मिश्रका सबै देवता-हरूका विरूद्धमा म इन्साफ गर्नेछु। जब म तिमीहरूका घर-हरूमा रगत देख्नेछु, तब तिमीहरूलाईचाहिँ छोड़िदिनेछु, र मैले मिश्रलाई प्रहार गर्दा नाश गर्ने कुनै विपत्तिले तिमीहरूलाई छुनेछैन।"

मानव जीवनको सट्टामा पशुको बलिदान दिइएको हामी फेरि देख्छौं। जसरी अब्राहामका छोराले मृत्युबाट छुटकारा

पाएका थिए, त्यसै गरी परमेश्वरका जनहरूले पनि थुमाको रगतद्वारा डरलाग्दो विपत्तिबाट छुटकारा पाएका थिए। यी सबै कुराहरूबाट परमेश्वरले के भन्न चाहनुभएको छ त? यस रहस्यमा कस्तो सत्यता अड़िएको छ? यहाँ हामी देख्छौं, कि धेरै वर्ष पछि परमेश्वरले उपलब्ध गरिदिनुहुने सिद्ध बलिदानको बारेमा यसले बताउँछ!

परमेश्वरको वाणी अनुसार मोशा र परमेश्वरका जनहरूले सबै बन्दोबस्त मिलाए। परमेश्वरले भन्नुभएझैं मृत्युको डरलाग्दो रात आइपुग्यो। परमेश्वरका मानिसहरूले परमेश्वरमा विश्वास गरेर उहाँका आज्ञाहरू पालन गरेका हुनाले तिनीहरूले चाहिँ सुरक्षा पाए। तब फिरऊन राजा बड़ो संकष्टमा चिच्याए, "तिमीहरू सबै मेरा प्रजाहरूका बीचबाट निक्लेर गइहाल। तिमीहरूका सबै धनसम्पत्तिहरू लिएर मिश्रबाट गइहाल!

यसरी परमेश्वरले आफ्ना मानिसहरूलाई दासत्वको जुवाबाट छुटकारा गराउनको लागि मोशालाई प्रयोग गर्नुभयो र त्यहाँबाट स्वतन्त्र भएपछि तिनीहरूले परमेश्वरको वचन पाए र उहाँको योजनाअनुसार उहाँलाई आराधना गरे।

लाखौं मानिसहरू आफ्ना भेड़ा बाख्राहरू सहित मिश्र देश छोड़ेर हिँड़ेको दृश्यलाई हामी कल्पना गर्न सक्छौं। एक्कासि फिरऊनले आफ्नो मन बदले र तिनीहरूलाई समात्न र फर्काएर ल्याउनको लागि आफ्ना सिपाहीहरू पठाए। जब तिनीहरूले सिपाहीहरू आफूतिर आउँदै गरेको देखे, डरले थरथर काम्दै तिनीहरूले प्रभुलाई पुकारा गरे। अब तिनीहरू फेरि सहाराहीन अवस्थामा आइपुगे।

लड़ाइँ गर्ने मिश्री सिपाहीहरू तिनीहरूका पछाड़ि थिए र समुद्रचाहिँ तिनीहरूको अगाड़ि थियो। तिनीहरू आफूले आफूलाई बचाउनसक्ने कुनै सम्भावनानै थिएन।

आफ्नो लौरो समुद्रतर्फ तेर्स्या भनी परमेश्वरले मोशालाई आज्ञा गर्नुभयो। पानी दुई भागमा विभाजित भयो र त्यहाँ ओबानो भूमि देखापऱ्यो, र यसरी अब्राहामका सन्तानले समुद्र पार गरे। तर फिरऊनका सिपाहीहरूले समुद्रको त्यही ओबानो भूमिमा हिँड्ने प्रयास गर्दा परमेश्वरले पानीलाई फर्काइ दिनुभयो र तिनीहरू सबै पानीमा डुबेर मरे।

अब अन्तमा परमेश्वरका मानिसहरूले पूर्ण छुटकारा पाए। मोशाले मानिसहरूलाई संगठित गरी, यात्राका विभिन्न अनुभवहरूद्वारा अगुवाइ गर्दै, तिनीहरूका दैनिक खाँचोहरूका लागि परमेश्वरमा भरोसा गर्न सिकाउँदै तिनीहरूलाई अगाड़ि लगेका थिए। परमेश्वरले अगुवाइ गर्नुभएको बाटोमा तिनीहरू हिँड़े र सिनैको मरूभूमिमा बस्ने छाउनी बनाए।

परमेश्वरले मोशालाई पहाड़बाट बोलाउनुभयो र तिनी परमेश्वरलाई भेट गर्न उक्ले। उनले परमेश्वरबाट प्रत्यक्षरूपमा वचनहरू सुने र परमेश्वरको यो सन्देश मानिसहरूकहाँ लिएर आए। परमेश्वरले धूवाँको बादल, मेघ गर्जन, बिजुली चम्काइ र तुरहीको ठूलो आवाजबाट आफ्नो उपस्थितिको निश्चयता दिनुभयो।

परमेश्वरलाई गरिनुपर्ने सेवा र आराधना र दैनिक जीवनमा जिउने नियमहरू सम्बन्धी सबै निर्देशनहरू परमेश्वरले मोशालाई दिनुभयो। मोशाले पहाड़बाट ढुङ्गाका दुई पाटीहरू लिए, जसलाई साक्षीका पाटीहरू पनि भनिन्छ। ती पाटीहरूका दुवै पट्टि कुँदेर लेखिएको थियो। परमेश्वर आफैले ती पाटीहरूमा कुँदेर लेख्नुभएको थियो।

फिरऊनबाटको छुटकारा र पहाड़मा प्राप्त भएको ढुङ्गाको पाटीको विवरणले परमेश्वरसँग भएको हाम्रो सम्बन्धको विषयका तीन महत्वपूर्ण सत्यताहरूको प्रकट गर्छ। पहिलो, थुमालाई मार्ने र त्यसको रगत ढोकाको चौकोसमा लगाउने कार्यले परमेश्वरको

वचनमा मानिसले राख्नुपर्ने विश्वासको बारेमा बताउँछ। दोस्रो, समुद्र पारगर्ने कुराले परमेश्वरको शक्तिको नमूनित गर्छ। तेस्रो, साक्षीका पाटीहरूले यो कुराको निश्चयता दिन्छन्, कि परमेश्वरको आवाज सुन्नेहरूलाई उहाँले निश्चित अगुवाइ र निर्देशनहरू दिनुहुन्छ।

## तपाईंको अभ्यासको निम्ति

**३** तल दिइएका प्रत्येक वाक्य पूरा गर्नको लागि दिइएका ठीक शब्दहरू छान्नुहोस्।

| | |
|---|---|
| मानिसको विश्वास | विपत्ति |
| परमेश्वरको लेखाइ | बलिदानहरू |
| वादविवादहरू | परमेश्वरको शक्ति |

**क)** धेरै ........................................... पछि फिरऊनले मानिसहरूलाई जानदिए।

**ख)** ................................ को कार्य स्वरूप रगत ढोकाको चौकोसमा छर्किएको थियो।

**ग)** ........................................... को काम स्वरूप समुद्र दुई भागमा विभाजित भयो।

**घ)** ........................................ साक्षीका पाटीहरू थिए।

## हामी वचनबाट सत्यता सिक्छौं

मोशा पहाड़बाट तल झरेपछि के भयो भन्ने कुरा हामी पछि हेर्नेछौं। तर सबैभन्दा पहिले, परमेश्वरले मोशालाई

दिनुभएको सन्देशको मुख्य विषयवस्तुलाई विचार गरौं। यी सत्यताहरूलाई छोटकरीमा मात्र हामी यहाँ उल्लेख गर्नसक्छौं। त्यसकारण, मुख्य बुँदाहरूको रूपरेखालाई मात्र हामी यहाँ प्रस्तुत गर्छौं। केही महत्वपूर्ण प्रश्नहरूका उत्तर यसले तपाईंलाई दिन्छ। पछि गएर व्यवस्थाको पुस्तक र अन्य पवित्र लेखाइहरूलाई पूर्ण रूपमा अध्ययन गर्न यसले तपाईंलाई सहायता पुऱ्याउँछ। तपाईंले यस्तो अध्ययन चाखलाग्दो र सहायतापूर्ण भेट्टाउनुहुनेछ। व्यवस्था, भजनसंग्रह र सुसमाचारका खण्डहरू प्राप्त गर्ने कोशिश गर्नुहोस्।

### *व्यवस्थामा प्रकट भएका सत्यताहरू*

१ हामीले कुनै पनि देवताहरूलाई होइन तर परमेश्वरलाई मात्र पुज्नुपर्छ। परमेश्वर एउटै मात्र हुनुहुन्छ। त्यहाँ अरू कोही पनि छैन।

हामीले कुनै पनि सन्तहरू वा स्वर्गदूतहरू वा अन्य कुनै पनि व्यक्तिहरूलाई आराधना गर्नुहुँदैन।

हामीले कुनै किसिमका मूर्तिहरू पनि राख्नुहुँदैन। व्यवस्था (तोरा) ले यस विषयमा स्पष्टसँग बताएको छः "तैंले आफ्नो निम्ति खोपेर कुनै किसिमको मूर्ति नबनाउनू, अनि माथि आकाश अथवा तल पृथ्वी र पृथ्वीमनि पानीमा भएको कुनै आकारको प्रतिमूर्ति नबनाउनू। तँ तिनीहरूका सामुन्ने ननिउरनू, तिनीहरूको पूजा नगर्नू।"

हाम्रा हृदयमा कुनै पनि थोकले परमेश्वरको ठाउँ लिन्छ भने त्यो मूर्तिपूजा हो। यदि हामीले परमेश्वरलाईभन्दा रूपैयाँ-पैसा, जग्गा जमीन, र अन्य सम्पत्तिहरूलाई बढ़ी ध्यान दियौं भने त्यहीनै हाम्रो निम्ति मूर्तिपूजा बन्नसक्छ।

२ परमेश्वरले आफ्ना मानिसहरूसँग आफ्नो करार पुनर्स्थापित गर्नुभयो र तिनीहरूले विश्वासयोग्य भएर उहाँलाई सेवा गरून्जेल-सम्म तिनीहरूलाई आशिष् दिने प्रतिज्ञा पनि उहाँले गर्नुभयो।

३ आफ्ना आज्ञाहरूलाई बुझ्न, विश्वास गर्न र आज्ञापालन गर्नको लागि परमेश्वरले मानिसहरू र राज्यहरूलाई बोलाउनुभयो।

मानव जातिको लागि आफ्नो सन्देशको सुयोग्य जगको निर्माण गर्नलाई परमेश्वरले व्यवस्था (तोरा) को तयारी गर्नुभयो। यसले परमेश्वरको व्यवस्थाको स्पष्ट र एकत्रित बयान दिनुको साथसाथै मानिससँगको उहाँको व्यवहारको बारेमा पनि बताउँछ। यसरी व्यवस्थाः

**क**) अरू सबै धर्मशास्त्र बाइबलको आधार हो।

**ख**) परमेश्वर र मानिस, र मानिस र मानिसको बीचको सम्बन्ध-को आधार हो, यो सफलदायी जीवनको साँचो पनि हो।

४ परमेश्वरले चिन्हात्मक रूपमा बलिदानहरूको प्रयोग गर्नलाई विशेष निर्देशनहरू दिनुभयो। जनावरहरूको बलिदानले यो कुरा देखायो, कि पापले मृत्यु ल्याउँछ र परमेश्वरले पापको दण्ड दिनुनै हुन्छ। विधिवत बलिदान गर्नाले मानिसले यो बुझेको छ भन्ने थाह हुन्थ्यो र परमेश्वरले पापको क्षमा गर्नुहुन्छ भनी उसलाई निश्चयता पनि हुन्थ्यो।

५ मानिसको पापपूर्ण अवस्था र आत्मिक अलगपनको निम्ति परमेश्वर आफैले आफैलाई दिनुहुने रहस्यको बारेमा पनि बलिदानको विधिले बताएको छ। अब्राहामको छोरालाई छुटकारा गर्ने सट्टाको बलिदानलाई याद गर्नुहोस्? मोशाका मानिसहरूलाई विपत्तिबाट छुटकारा दिने सट्टाको बलिदानलाई विचार गर्नुहोस्? जनावरहरूको बलिदानको विधिले हामीलाई घरिघरि यही कुराको याद दिलाउँछ, कि सबै मानव जाति-

लाई पापको बन्धन र नरकको डरलाग्दो विपत्तिबाट बचाउन परमेश्वर आफैले सट्टाको सिद्ध बलिदान जुटाउनुहुनेछ।

मोशालाई दिइएको प्रकाश चाहिँ पछि आउने प्रकाशको शुरू मात्र थियो। यदि हामीले होशियारीसाथ परमेश्वरको वचनलाई सुन्यौं र उहाँको वचनको आज्ञापालन गऱ्यौं भने परमेश्वरले आफैलाई पूर्ण र सिद्ध रूपमा हाम्रो बीचमा प्रकट गर्ने योजना गर्नुभएको छ भन्ने कुरा हामी स्पष्टसँग बुझ्न सक्छौं।

## तपाईंको अभ्यासको निम्ति

**४** तल दिइएका बयानहरूमध्ये कुनचाहिँ **बेठीक** छ त्यसको वरिपरि घेरा लगाउनुहोस्। त्यसपछि **ठीक** उत्तरलाई दिइएको खाली ठाउँमा लेख्नुहोस्।

**क**) कुनै पनि मूर्तिहरू वा सन्तहरूलाई पूजा गर्नुहुँदैन।

**ख**) भजनसंग्रह र सुसमाचारहरू मोशाका सन्देशहरूमा आधारित छन्।

**ग**) सबै मूर्तिहरू काठ, ढुङ्गा वा धातु जस्ता पदार्थहरूबाट बनाइएका स्वरूपहरू हुन्।

......................................................................

......................................................................

## हामी वचनको आदर र आज्ञापालन गर्छौं

अब हामी मोशाको बारेमानै विचार गरौं। मोशाले साक्षीका दुइ पाटीहरू प्राप्त गरेपछि, ती लिएर पहाड़बाट तल

झरे। मानिसहरू बसेको छाउनीको परैबाट होहल्ला र चिच्याइएको आवाज सुने। मानिसहरू के गरिरहेका थिए त? उनलाई विश्वास गर्न पनि गाह्रो पऱ्यो! तिनीहरूले सुनको बाछाको मूर्ति बनाएका थिए। त्यसको वरिपरि नाच्दानाच्दै तिनीहरूले त्यस मूर्तिलाई ईश्वरकै रूपमा पूजा गर्न थाले।

मोशा ज्यादै निराश र क्रोधित भए, र उनले आफ्ना हातबाट ढुङ्गाका पाटीहरू फ्याँकिदिए र ती पाटीहरू टुक्रा टुक्रा भएर फुटे। के यहीनैं परमेश्वरको लिखित प्रकाशको अन्त थियो त? निश्चयनै होइन! मोशा एक सच्चा अगुवा थिए। उनले त्यस छाउनीलाई आफ्नो अधीनमा ल्याए। तब उनले मानिसहरूका क्षमाको निम्ति विन्ती गर्दै परमेश्वरसँग प्रार्थना गरे। परमेश्वरले मानिसहरूमाथि विपत्ति ल्याएर तिनीहरूलाई दण्ड दिनुभयो, तर पनि उहाँ दयालु हुनुहुन्थ्यो। उहाँले मोशाको प्रार्थनाको उत्तर दिनुभयो र लिखित रूपमा आफ्नो वचन प्रकट गर्ने योजनालाई सञ्चालन गरिनै रहनुभयो।

परमेश्वरले मोशालाई भन्नुभयो, "पहिलेको जस्तो ढुङ्गाका दुइवटा पाटी काटेर ले। म ती पाटीमा त्यही कुरा लेख्नेछु, जो तैंले फुटाएको पहिलेको पाटीमा लेखिएका थिए।" परमेश्वरले यसरी देखाउनुभयो, कि उहाँको वचन नाश वा परिवर्तन हुनसक्तैन। उहाँले आफ्नै हातद्वारा फेरि पनि पाटीमा लेख्नुभयो। र परमेश्वरले मोशालाई यो पनि भन्नुभयो, कि उनको मुखमा उहाँ हुनुहुनेछ, जसको अर्थ भूल गर्नबाट उहाँले उनलाई जोगाउनुहुनेछ। यसरी हामी निश्चित हुनसक्छौं कि परमेश्वरको वचनमा कुनै पनि भूलहरू छैनन्।

परमेश्वरको लिखित वचन पहिले देखिनै दिइएको थियो भनी मोशाले घोषणा गरेका छन्। यो परमेश्वरबाट आएको हो र परमेश्वरलेनै यसलाई सधैंभरि सुरक्षित राख्नुहुनेछ। यसलाई दिनुहुने परमेश्वर सर्वशक्तिमान् हुनुहुन्छ र जस्तोसुकै अवस्थामा

पनि उहाँले आफ्नो वचनलाई सुरक्षित राख्नसक्नुहुनेछ। हामीले हेरिसकेका छौं, कि परमेश्वरले आश्चर्यकर्महरू र चिन्हहरूद्वारा आफ्नो वचनलाई निश्चित तुल्याइसक्नुभएको छ। उहाँले भन्नुभयो, "सबै पुस्ताहरूका लागि यी मेरा आज्ञाहरू हुन्।"

अब हामीले फर्किएर इतिहासलाई हेऱ्यौं भने, यो कुरा पत्ता लगाउन सक्छौं, कि वास्तवमा परमेश्वरले आफ्नो वचनलाई सुरक्षासाथ सञ्चय गरेर राख्नुभएको छ। यस वचन हामीकहाँ शुद्ध र सिद्ध भई आइपुगेको छ र यसलाई नाश गर्ने कोशिश गर्दा पनि मानिसहरू सफल भएका छैनन्।

दुष्ट उद्देश्य भएका मानिसहरूले परमेश्वरको वचनको अर्थलाई बङ्गाएर यसका रहस्यपूर्ण सत्यताहरूलाई आफ्नै अर्थ दिने प्रयास गरेका छन्। यद्यपि, परमेश्वरलाई इन्कार गर्न सकिंदैन। उहाँ सबै थोकमाथि विजयी हुनुहुन्छ र उहाँको वचन अनन्तसम्म अपरिवर्तनशील छ।

प्राचीन पाण्डुलिपिहरूमा पाइएको जस्तै आज पनि हामीले व्यवस्थाको पुस्तक पढ्दा त्यही सन्देश प्राप्त गर्छौं। विद्वान्हरूले प्रष्ट पारेका छन् कि अगमवक्ता मोशालाई दिइएको व्यवस्थाजस्तै यसको सुरक्षा पनि एक आश्चर्यकर्म नै हो, जसले परमेश्वरको शक्ति र धर्मशास्त्र बाइबलको सत्यताको प्रदर्शन गर्छ।

## तपाईंको अभ्यासको निम्ति

५ व्यवस्था परमेश्वरबाट आएको हो भनी व्याख्या गर्ने प्रत्येक वाक्यको अगाडिको अक्षरमा घेरा लगाउनुहोस्।

**क**) व्यवस्थाको कुनै कुनै खण्ड परमेश्वरको आफ्नै हातद्वारा लेखिएको थियो।

**ख**) पूरै व्यवस्थानै ढुङ्गाका पाटीहरूमा लेखिएका थिए।

**ग**) परमेश्वरको वचनलाई आश्चर्यकर्महरूद्वारा निश्चित तुल्याइएको थियो।

**घ**) व्यवस्थाको सन्देश कहिल्यै पनि परिवर्तन हुँदैन।

मानिसहरूले परमेश्वरको वचन प्राप्त गरून्, बुझून् र यसको आज्ञापालन गर्न सकून् भनी मोशाले आफ्नो जीवनको प्रायजसो समय मानिसहरूलाई सहायता गर्ने काममा दिएका छन्। मोशाले भने, "परमेश्वरका यी आज्ञाहरू, विधिहरू, र व्यवस्थाहरू तिमीहरू सबैलाई सिकाउनको निम्ति मलाई निर्देशन गरिएको छ, यसरी तिमीहरूका सन्तान र तिनीहरूका सन्तानहरूले उहाँका आज्ञाहरू पालन गरी दीर्घायुको आनन्द लिनसक्नेछन्। होशियारीसाथ आज्ञा पालन गर र तिमीहरूलाई भलो होस्।"

मोशाले लिखित वचन पूजाहारीहरूलाई दिए र यसलाई पढ्नू र अरूहरूलाई सिकाउनू भनी विशेष निर्देशन पनि तिनीहरूलाई दिइएको थियो। आफ्नो जीवनको अन्त्यतिर पुग्दा भविष्यको निम्ति मोशाको यही मात्र एउटा आशा थियो। आज सबै मानिसको आशा पनि यहीनैं हो। परमेश्वरको वचन पढ्नु सबै मानिसहरूको कर्तव्य र सौभाग्य हो।

किन? के पवित्र पुस्तक पढ्नमा केही विशेष मूल्य छ त? धार्मिक विधिहरूको निम्ति धार्मिक पुस्तकहरू पढ़िनुपर्छ भनी कोही कोही मानिसहरूले विचार गर्छन्। अन्य कतिपय मानिसहरूले धार्मिक पुस्तकहरूलाई धार्मिक वस्तुको रूपमा आदर दिन्छन् तर तिनीहरूलाई पढ्दैनन्। तर हामीले परमेश्वरको वचन पढ्नुको कारणचाहिँ फरक छ। हामीलाई थाह छ कि पुस्तकलेनै हामीलाई परमेश्वरको नजीक ल्याउनसक्तैन। पुस्तकमा

भएको सन्देशनै महत्वपूर्ण र शक्तिशाली हुन्छ। हामी धार्मिक विधिको रूपमा परमेश्वरको वचनलाई पढ्दैनौं, तर आफ्नो लिखित वचनद्वारा परमेश्वर हामीसँग बोल्नुभएको होस् भनी उहाँको सन्देश सुन्नको लागि हामी उहाँको वचन पढ्छौं। आफ्ना मानिसहरूले मूर्तिलाई पूजा गरिराखेको देखेपछि मोशाले ढुङ्गाको पाटीलाई फुटाइदिएका थिए। परमेश्वर आफैलेनै ढुङ्गाका यी पाटीहरूमा लेखिदिनुभएको थियो, मोशाका लागि यी अति नै बहुमूल्य थिए। र पनि मोशालाई यो थाह थियो कि, परमेश्वरको व्यवस्थाको आज्ञापालन गर्नु ढुङ्गाको पाटीमा लेखेर राख्नुभन्दा अझ धेरै महत्वपूर्ण थियो। मोशाले यी पाटीहरू फुटाउँदा यसरी चिच्याएका हुनसक्छन्: यदि यिनीहरूमा लेखिएको सन्देशलाई मानिसहरूले पालन गरेनन् भने यिनीहरूको अर्थनै के भयो र?

परमेश्वरले फेरि पनि ढुङ्गाका पाटीहरूमा लेखिदिनुभयो, र यसले देखाउँछ, कि उहाँको लिखित वचन हामीसँग भएको होस् भनी उहाँ चाहनुहुन्छ। यस वचनलाई हामीले पढेको उहाँ चाहनुहुन्छ। मोशाले जस्तै हामीले पनि यस वचनलाई प्रेम र आदर गरेको परमेश्वर चाहनुहुन्छ। उहाँले आफ्नो वचनद्वारा हामीसँग व्यक्तिगत रूपमा बोलिरहनुभएको छ भन्ने कुरा हामीले जान्न सकौं भन्ने उहाँको इच्छा छ। यसका शिक्षाहरू हामीले बुझ्नसकौं भनी हामीले प्रार्थना गरेको उहाँ चाहनुहुन्छ, र तिनीहरूलाई हामीले बुझिसकेपछि, हाम्रो दैनिक जीवनमा तिनीहरूलाई पालन गरेको उहाँले चाहनुहुन्छ।

## तपाईंको अभ्यासको निम्ति

**६** परमेश्वरको वचनबाट पूर्ण सहायता पाउनको लागि हामीले

के गर्नसक्छौं? यहाँ तीनवटा छोटो उत्तरहरू दिनुहोस्।

..............................................................................

..............................................................................

..............................................................................

## प्रार्थना

हे परमेश्वर, मोशाका अगुवा र महान् म हुँ, तपाईं मात्र शक्तिशाली र बुद्धिमान् हुनुहुन्छ। तपाईं बाहेक अरू कुनै परमेश्वरनै छैन र तपाईंको सत्यताको रहस्यमा मलाई अगुवाइ गर्नलाई तपाईंको वचनबाहेक अरू कुनै पनि बाटो छैन भनी म नम्रतासाथ स्वीकार गर्छु। किनभने तपाईंको वचन मात्र बाटो, सत्य र जीवन हो। मेरो आत्माको भोजनको निम्ति बाइबलका खण्डका सन्देशहरूलाई खोज्ने साहस र आत्मिक प्रेरणा मलाई दिनुहोस्। तपाईंको दास मोशा र उनका मानिसहरूले गरेजस्तै विश्वासमा तपाईंको वचनलाई स्वीकार गर्न र यसलाई व्यवहारमा प्रयोग गर्नको लागि मलाई सहायता गर्नुहोस्। तपाईंको गौरवमय शक्तिमा शरण लिन मलाई सहायता गर्नुहोस्, जुन शक्तिले मलाई पापको बन्धन र शक्तिबाट स्वतन्त्र पार्न सक्छ। अनन्त जीवनको स्वर्गराज्यतर्फ मलाई अगुवाइ गर्ने तपाईंको वचनको निश्चयतामा मलाई डोऱ्याउनुहोस्। आमिन

## तपाईंका उत्तरहरूको जाँच गर्नुहोस्

४ **ग)** परमेश्वरलाईभन्दा बढ़ी हामीले अरू कुराहरूलाई ध्यान दियौं भने त्यो मूर्तिपूजा हो।

१ **क)** नाम, शक्ति र व्यवस्था

**ख)** लेख्न

**ग)** आश्चर्य कर्महरू

५ **क)** यवस्थाको कुनै खण्ड परमेश्वरको आफ्नै हातद्वारा लेखिएको थियो।

**ग)** परमेश्वरको वचनलाई आश्चर्यकर्मद्वारा निश्चित तुल्याइएको थियो।

**घ)** व्यवस्थाको सन्देश कहिल्यै पनि परिवर्तन हुँदैन।

२ सबै बयानहरू ठीक छन्।

६ *सुझाव दिइएका उत्तरहरू:* यसलाई पढ्नुहोस्। अध्ययन गर्नुहोस्। यस विषयमा अझै सिक्नुहोस्। बुद्धिको निम्ति प्रार्थना गर्नुहोस्। यसका शिक्षाहरूको आज्ञा पालन गर्नुहोस्।

३ **क)** विपत्ति

**ख)** मानिसको विश्वास

**ग)** परमेश्वरको शक्ति

**घ)** परमेश्वरको लेखाइ

# पाठ ५
# दाऊद – उनले पश्चात्ताप गरे र क्षमा पाए

"हे परमेश्वर मलाई रगतको दोषबाट सुरक्षा गर्नुहोस्! मलाई हत्याको दोषबाट छुटकारा गर्नुहोस्!" भनी दाऊद राजाले प्रार्थना गरे।

एउटा राजाले आफूले हत्या गरेको कुरा स्वीकार गरिरहेका थिए। दाऊद राजाले सबैले सुन्ने गरी आफ्नो दोषको स्वीकार गरिराखेका थिए। आफ्नो दोष लेखाइमा सधैंभरि सञ्चय भएर रहने भए तापनि उनले यसको बारेमा लेखेर नै राखे।

के मानिसहरूले आफ्ना दुष्ट कामहरूलाई लुकाएर हत्याको दोषबाट भाग्न चाहँदैनन् र? आफू दोषी छैनौं भनी के तिनीहरूले

वहानाहरू बनाउँदैनन् र? हो, यस्तो गर्नु तिनीहरूका लागि सामान्य कुरानै हो। मानिसहरूलाई आफ्नो अधीनमा राख्नको निम्ति राजाले आफ्ना कमजोरीहरूलाई ढाकछोप गर्ने कुरा सामान्यनै देखिन्छ। तर दाऊद प्रायजसो राजाहरू भन्दा धेरै फरक थिए। उनी परमेश्वरको हृदयको एक टुक्रा जस्तै थिए, अर्थात् उनको स्वभाव परमेश्वरलाई खुशी तुल्याउने खालको थियो। पापलाई परमेश्वरको दृष्टिबाट लुकाउन सकिंदैन र पापले प्रभुलाई दुःखी तुल्याउँछ भन्ने कुरा उनलाई थाह थियो।

दाऊदको स्वभावका यी गुणहरूले परमेश्वरलाई खुशी तुल्याएको थियोः

> आफ्ना कामहरूमा उनी साहसी थिए, तर आफ्नो स्वभावमा चाहिँ नम्र। उनले पापको महसूस र स्वीकार गरे। उनले आफ्नो दोषको स्वीकार मात्र गरेनन् तर त्यसबाट साँचो रूपमा गहिरो प्रकारले पश्चाताप पनि गरे। उनले आफ्नो पापको क्षमाको निम्ति परमेश्वरसँग विन्ती मात्र गरेनन्, तर परमेश्वरले आफ्ना प्रार्थनाहरूको सुनाइ गर्नुभएको छ भनी विश्वास गरे। उनले विश्वका प्रभु र सर्वज्ञानी परमेश्वरलाई धन्यवाद र प्रशंसा चढाए। उनले आफ्ना प्रभुसँग नजीकतामा संगति गरे।

हामीले पनि यी कदमहरू अपनाएर परमेश्वरलाई कसरी खुशी पार्न सकिन्छ भन्ने कुरा दाऊदको जीवनबाट सिक्नसक्छौं। तब दाऊदले जस्तै हामी पनि भन्नसक्छौं "मेरो प्राणले परमेश्वरमा मात्र विश्राम पाउँछ– उहाँबाट नै मेरो उद्धार आउँछ।"

**यस पाठमा तपाईंले यी कुराहरू सिक्नुहुनेछ ...**

परमेश्वरको विरूद्धमा गरिएको पापले अलग पार्छ
परमेश्वरमा पश्चात्ताप गर्नाले पुनर्मिलाप हुन्छ
परमेश्वरसँगको संगतिले आनन्द ल्याउँछ

**यस पाठले तपाईंलाई यी कुराहरूमा सहायता पुऱ्याउनेछ ...**

* मानिस पापको निम्ति कसरी जिम्मेवारी छ सो बुझ्न
* *स्वीकार* र *पश्चात्ताप* जस्ता शब्दहरूलाई परिभाषित गर्न
* परमेश्वरको क्षमा कसरी पाउन सकिन्छ सो व्याख्या गर्न
* परमेश्वरसँगको संगतिको अनुभव गर्न

## परमेश्वरको विरूद्धमा गरिएको पापले अलग पार्छ

दाऊदका अनुभवहरू र उनले लेखेका अचम्मका भजनहरू बुझ्नको लागि हामीले उनको शुरूको गोठाले जीवनको बारेमा विचार गर्नुपर्छ। आठ जना दाज्यू-भाइहरूमध्ये उनी कान्छो भएका हुनाले, उनका बाबुले उनलाई साधारण कामको जिम्मा दिए। उनका दाज्यूहरू सेनामा भर्ती हुँदा, उनी चाहिँ भेड़ाकै रेखदेखमा बसे। उनले आफ्ना बाबु र दाज्यूहरूका बीचमा खबर आदान-प्रदान गर्थे। उनको जीवन विवरणबाट हामी थाह पाउँछौं कि उनी विश्वासयोग्य, आज्ञाकारी, र आफ्नो काममा निपुण थिए। यसको साथसाथै संगीत र कवितामा पनि उनको विशेष खुबी थियो। उनी बीणा बजाउँथे र भजनहरू लेख्थे। र पनि आफ्नो परिवारको निम्ति चाहिँ उनी साधारण केटा नै थिए। गाउँको साधारण घरमा कान्छो भाइको स्थान उनको थियो।

त्यसकारण, परमेश्वरले आफ्ना मानिस अर्थात् अब्राहाम, इसहाक र याकूबका सन्तानहरूलाई अगुवाइ गर्नको निम्ति दाऊदलाई चुन्नुहुँदा उनको परिवार र छिमेकीहरू दङ्ग परेका थिए। नयाँ राजालाई अभिषेक गर्नको निम्ति पठाइएको आफ्नो दासलाई परमेश्वरले भन्नुभयो, "मैले चाहेको व्यक्ति दाऊदनै हो, राजा हुनको लागि परमेश्वरद्वारा चुनिएको हो भनी देखाउनको निम्ति त्यसलाई तेलले अभिषेक गर्।"

मानिसहरू किन अचम्भित भएका थिए भन्ने कुरा हामी बुझ्नसक्छौं। कसरी एक जवान भेड़ा गोठालो राजा बन्न सक्छ? अब्राहाम, योसेफ र मोशा जस्ता महान् व्यक्तिहरूले अगुवाइ गरेर ल्याएका मानिसहरूमाथि कसरी उनले शासन गर्नसक्छन्? यसभन्दा पहिलेका पाठहरूमा हामीले हेरिसकेका छौं, कि परमेश्वरले बड़ो होशियारीसाथ आफ्ना मानिसहरूका अगुवाइ र सुरक्षा गर्नुभयो। उहाँले महान् व्यक्तिहरूलाई आफ्ना अगमवक्ताका रूपमा चुन्नुभयो र तिनीहरूलाई विशेष काम पनि दिनुभयो। उहाँले तिनीहरूद्वारा आफू, आफ्नो प्रेम, आफ्नो शक्ति र आफ्नो बुद्धि प्रकट गर्नुभएको छ।

जल प्रलयको समयमा पृथ्वीमा जीवन बचाउनको निम्ति परमेश्वरले नोआलाई चुन्नुभयो। परमेश्वरले अब्राहामलाई मूर्तिपूजाको देशबाट निकालेर, उनका सन्तानलाईनै ठूलो जाति बनाउने प्रतिज्ञा गर्नुभयो। परमेश्वरले योसेफलाई मिश्र देशको शासक बनाएर आफ्ना मानिसहरूलाई अनिकालबाट जोगाउनुभयो। तब आफ्नो लिखित प्रकाश प्राप्त गर्नको निम्ति परमेश्वरले मोशालाई बोलाउनुभयो।

परमेश्वरका मानिसहरू वास्तवमा महान् भएको समयमा हामी आउँछौं। परमेश्वरले अब्राहाम, इसहाक र याकूबका सन्तानहरूलाई आशिष् दिनुभयो र याकूबका बाह्र छोराहरूबाट बाह्र कुलहरूको निर्माण भयो। परमेश्वरको नाउँमा तिनीहरूले आफ्ना वरिपरि भएका मूर्तिपूजक र परमेश्वरको निन्दा गर्ने देशहरूका विरूद्धमा पवित्र युद्ध गरिरहेका थिए। तब फेरि एक जना बलियो र बुद्धिमान् अगुवाको खाँचो पऱ्यो। त्यसैले त तिनीहरूका राजा हुनका निम्ति परमेश्वरले गोठाले केटालाई चुन्नुहुँदा मानिसहरू दङ्ग परेका थिए। तब केही समय पछिनै तिनीहरूले यसको कारण बुझिहाले। दाऊद परमेश्वरमाथि भरोसा राख्ने र उहाँलाई प्रेम गर्ने व्यक्ति थिए, र परमेश्वरले

उनलाई आफ्नो शक्ति र बुद्धिले भर्नुभएको थियो। केही समय पछिनै यस गोठाले केटा सारा देश भरिनै सबैभन्दा साहसी र सफल सिपाही बने।

राजाको रूपमा उनलाई अभिषेक गरिएको भए तापनि आफ्नो सिंहासन पाउनुभन्दा पहिले उनी आफ्नै परिवारमा रहे। उनले लगातार रूपमा भेड़ा चराउने काम र आफ्ना बाबु र दाज्यूहरूका बीचमा खबर आदान-प्रदान गर्ने काम गरिनै रहे। सेनामा भएका आफ्ना दाज्यूहरूलाई सामन लिएर जानको निम्ति उनका बाबुले उनलाई अह्राए। उनी युद्ध क्षेत्रमा आइपुग्दा त्यहाँ कुनै पनि युद्ध नभइराखेको उनले देखे। यसको सट्टामा त सबै सेनाहरू त्यस सानो मैदानको वरिपरि एक अर्कालाई हेरेर उभिईराखेका थिए। युद्ध क्षेत्रको रेखा अगाड़िपट्टि एक डरलाग्दो पलिश्ती सिपाही उभिईराखेको थियो, जसले परमेश्वरका सेनाका विरूद्धमा धम्की दिइराखेको थियो।

"मसँग लड़ाइँ गर। मसँग लड़ाइँ गर्नलाई एक जना मानिस पठाओ" भन्दै त्यसले धम्की दिइरहेको थियो। त्यो पलिश्ती वीर नौ फीटभन्दा अग्लो, काँसाको टोप लगाएको, र ठूलो भाला र तरबार बोकेको व्यक्ति थियो। उसले आफ्नो मनपरीसाथ परमेश्वर-को निन्दा गरिरहेको थियो। सबै सेनाहरू त्यससँग डराएका थिए।

परमेश्वरका सेनालाई धम्की दिने ईश्वरहीन व्यक्ति चाहिँ यो को हो? म गएर त्यससँग युद्ध गर्नेछु।" भनी दाऊदले भने।

त्यस वीरसँग युद्ध गर्नलाई दाऊद ज्यादै नै जवान र कलिलो छन् भनी सबैले विचार गरे। र पनि उनले यही कुरामा जोड़ दिइरहे, कि परमेश्वरलेनै उनलाई बल दिनुहुन्छ। भालु र सिंहले भेड़ालाई आक्रमण गर्दा तिनीहरूलाई मार्नको निम्ति परमेश्वरले मलाई सहायता गर्नुभयो, र यस पलिश्ती वीरलाई जित्नको निम्ति पनि परमेश्वरले मलाई शक्ति दिनुहुनेछ।" तब उनी त्यस वीरसँग युद्ध गर्नलाई गए र उनले आफ्नो साथमा

गोठालोले लिने घुँयत्रो र केही ढुङ्गाहरू लिएर गएका थिए।

दाऊद अगाडि बढ्दैजाँदा यसो भन्न थाले, "तँ ता मसँग लड्न तरबार, भाला र बर्छा लिएर आएको छस्, तर म तँसँग लड्न तैंले धम्क्याएका इस्राएलका फौजका परमेश्वर, सेनाहरूका परमप्रभुको नाउँमा आएको छु। यो परमेश्वरको युद्ध हो!" यसो भन्दै उनले आफ्नो घुँयत्रोमा ढुङ्गा राखे र त्यस वीरलाई ताकेर हाने र निधारमै लागेको हुनाले त्यो घोप्टो परेर भूइँमा लड्यो। विरोधी पक्षका सेनाहरू काम्दै भागे, किनभने दाऊदले एकमात्र साँचो परमेश्वरको शक्तिमा युद्ध गरेका हुन् भनी तिनीहरूलाई थाह थियो।

## तपाईंको अभ्यासको निम्ति

१ विशेष कामको निम्ति बोलाइएका मानिसहरूमा हुनुपर्ने गुणहरू दाऊदमा भएका हुनाले परमेश्वरले उनलाई राजा हुनको निम्ति चुन्नुभएको हो। प्रत्येक अगमवक्तामा यी गुणहरू थिए भन्ने कुरा हामी पाउँछौं। परमेश्वरसँग नजीक हुन र हाम्रो जीवनमा उहाँको इच्छा थाह पाउनको लागि हामीमा पनि यी गुणहरू हुनु आवश्यक छ। दाऊद र अरू अगमवक्ताहरूमा भएका गुणहरू देखाउने बयानहरूका अगाडिको अक्षरमा घेरा लगाउनुहोस्।

**क**) तिनीहरू आज्ञाकारी थिए।
**ख**) तिनीहरूले परमेश्वरमा विश्वास र भरोसा गरे।
**ग**) तिनीहरूले कविताहरू लेखे।
**घ**) तिनीहरूले आफ्नो विश्वासलाई काममा लगाए।
**ङ**) तिनीहरू नम्र र साहसी थिए।

दाऊदले वीर पलिश्तीलाई मारेपछि सेनामा उनको दर्जा पनि बढ़ाइएको थियो। तिनीहरूलाई आफ्नो अधीनमा ल्याउन खोज्ने मूर्तिपूजक देशहरूमाथि उनले विजय हासिल गरे। परमेश्वरले उनको लागि सबै कुराको बन्दोबस्त मिलाउनुभयो र उनले राजाको स्थान पनि प्राप्त गरे। चालीस वर्षसम्म परमेश्वरको शक्ति-द्वारा उनले शासन गरे। उनले मूर्तिहरूलाई नाश गरे र एकमात्र साँचो परमेश्वरको आराधनाको संगठन गरे। उनले पवित्र शहरको रूपमा यरूशलेम शहरलाई स्थापित गरे, र त्यहाँ परमेश्वरको नाउँलाई आदर गरियो। विश्वासयोग्य मानिसहरू आराधना गर्नको लागि त्यहाँ आए। धैरै मानिसहरू त्यस पवित्र शहरमा तीर्थयात्रा गर्न जान्थे। यी सबै सफलताहरू र विजयताहरूमा दाऊदले लगातार रूपमा परमेश्वरलाईनै महिमा दिइनै रहे। उनले बड़ो शक्तिशाली र अनुग्रही शब्दहरूमा परमेश्वरलाई चढ़ाएका प्रशंसा र धन्यवाद भजनसंग्रहका पुस्तकहरूमा उल्लेख गरिएका छन्।

आफूले लेखेको एउटा भजनमा दाऊदले यसो भनेका छन्, "सबै देशहरूले मलाई घेरेका छन्, तर परमप्रभुको नाउँमा मैले तिनीहरूलाई काटें। तिनीहरूले मलाई चारैतिरबाट घेरे, तर मैले तिनीहरूलाई परमप्रभुको नाउँमा काटें। तिनीहरूले मलाई घँचेड़े र म लड्नै लागेको थिएँ, तर परमप्रभुले मलाई सहायता गर्नुभयो। परमप्रभु मेरो बल र मेरो गीत हुनुहुन्छ, उहाँ मेरो उद्धार बन्नुभएको छ।"

दाऊदले आफ्नो कविताका शब्दहरूमा यसो भनेका छन्, "मेरा प्रभु म तपाईंलाई उच्च पार्नेछु, म सधैंभरि तपाईंको नाउँको प्रशंसा गर्नेछु, हाम्रा प्रभुको स्तुति प्रशंसा गर्नु कति असल कुरा हो। परमेश्वरलाई धन्यवाद चढ़ाओ, उहाँको स्तुति प्रशंसा गाओ, उहाँका अचम्मका कामहरूको वर्णन गर।"

दाऊदले जस्तै गरी थोरै मानिसहरूले मात्र आफ्नो सारा हृदय र जीवनबाट परमेश्वरलाई प्रेम र भक्ति चढ़ाएका छन्।

परमेश्वरसँग उनको घनिष्ठ सम्बन्ध थियो र परमेश्वरको स्वभावलाई उनले गहिरो किसिमले बुझेका थिए। यदि हामी परमेश्वरको बारेको व्यक्तिगत ज्ञान थाह पाउन चाहन्छौं भने दाऊदका भजनहरूबाट हामी अझै सिक्नसक्छौं। जब हाम्रा हृदयहरू परमेश्वरको नजीक आउन, उहाँका सत्यताहरू सिक्न र उहाँको प्रकाश बुझ्न चाहन्छन्, तब हामी दाऊदका शब्दहरू पढ़ेर यसमा अचम्भित हुन्छौं।

## तपाईंको अभ्यासको निम्ति

२ दाऊदको भजनबाट यी शब्दहरू कण्ठ गर्नुहोस्। यसलाई तपाईं आफ्नो व्यक्तिगत प्रार्थनाको रूपमा पनि दोहोऱ्याउन सक्नुहुन्छ।

हे परमप्रभु, मलाई तपाईंका मार्गको शिक्षा दिनुहोस्,
  र म तपाईंको सत्यतामा हिँड्नेछु।
हे परमप्रभु मेरा परमेश्वर, मेरो सम्पूर्ण हृदयले
  म तपाईंको प्रशंसा गर्नेछु,

यिनै राजा दाऊदले एक निर्दोषी मानिसको हत्या गरे र आफू हत्यारा हुँ भन्ने कुराको महसूस गरी वेदनामा यसो भन्दै कराए "हे परमेश्वर, मलाई रगतका दोषबाट छुटकारा दिनुहोस्" भन्ने कुरा विश्वास गर्न पनि हामीलाई गाह्रो पर्छ। यी महान् व्यक्तिको सिद्धतालाई के भयो?

यसको उत्तरचाहिँ यो हो, कि वास्तवमा दाऊद सिद्ध थिएनन्। त्यहाँ एकमात्र सिद्ध हुनुहुन्छ, कहिल्यै पनि भूल नगर्ने

एकमात्र हुनुहुन्छ। परमेश्वर बाहेक त्यहाँ अर्को सिद्ध कोही पनि छैन! दाऊद बलिया, योग्य, बुद्धिमान्, साहसी र धार्मिक, आराधनामा विश्वासयोग्य, र परमेश्वरको इच्छामा समर्पित भएका व्यक्ति थिए। तर उनी मानव जातिनै थिए, र सबै मानव जातिजस्तै उनमा पनि पाप गर्न सक्ने स्वभाव थियो। हामीहरू सबैलाई जस्तै उनलाई पनि शैतानद्वारा परीक्षा आएको थियो, र उनी त्यस परीक्षामा सफल हुनसकेनन्।

राजाको दरवारको छानामा साँझको सफा हावा लिने र शहरको दृश्य हेर्ने एक ठाउँ थियो। एक साँझ दाऊद त्यहाँ हिँड्रिरहेका बेलामा उनले एउटी स्त्रीलाई नुहाइ राखेकी देखे। तिनी ज्यादै सुन्दरी थिइन्। दाऊदको मनमा तिनीप्रतिको चाहना बढ़ेर गयो। त्यो स्त्री को हो? भनी तिनले प्रश्न गरे। तिनी सिपाही उरियाहकी पत्नी बेतशेबा हुन् भनी दरवारका एक जना सिपाहीले जवाफ दिए।

अब शैतानद्वारा परीक्षित भएका दाऊदको मनमा त्यस स्त्रीप्रतिको अभिलाषा बढ्दैगयो। त्यस स्त्रीका पति उरियाह लड़ाइँमा मरेको उनी चाहन्थे। दाऊदले विचार गर्न थाले, कि उरियाह एक सिपाही त हो, उसलाई लड़ाइँमै मार्न सकिन्छ। कुनै पनि सिपाही लड़ाइँमा मर्नसक्छ। उरियाह लड़ाइँमा मर्ला भन्ने सन्तोषमा दाऊद रहन चाहेनन्। ऊ मर्नैपर्छ भन्ने कुरा निर्णय उनले गरे। उरियाहलाई खतरनाक ठाउँ अर्थात् हमलाको पहिलो तिमै राखिदिनू भनी उनले कप्तानलाई आज्ञा दिए। त्यो योजना सफल भयो। उरियाह लड़ाइँमा मारियो।

केही समय सम्म त केही पनि भएको छैन जस्तो गरी दाऊदले बहाना बनाए। उरियाहको मृत्युको बारेमा खबर ल्याउने सिपाहीलाई उनले भने, "यसले तँलाई निराश नतुल्याओस्। तरवारले कसैलाई पनि नाश गर्न सक्छ। कप्तानलाई साहस दिनको निम्ति यो कुरा गएर बताइदेऊ।"

तर दाऊद आफैचाहिँ निराश भए। उनी आफैले आफैलाई उत्साह दिनचाहन्थे। उनले भूल काम गरेका छन् र यसबाट परमेश्वर बेखुशी हुनुहुन्छ भन्ने कुरा उनलाई थाह थियो। उनी परमेश्वरको नजीक जिएका थिए, तर आफ्नो पापले आफूलाई परमेश्वरबाट टाढ़ा लगेको जस्तो उनलाई लाग्यो। उनले यस्तो घड़ीमा एक महत्वपूर्ण सत्यता सिके, पापले मानिसलाई परमेश्वरबाट अलग पार्छ। यदि हामीले हाम्रा विचारहरू र कामहरूलाई दुष्ट परीक्षाहरूले प्रभाव पार्न दिएर पाप गऱ्यौं भने, हामी परमेश्वरको नजीक भएर उहाँको मित्रताको अनुभव गर्नसक्तैनौं। पापले हाम्रो जीवनलाई दूषित पार्छ, र परमेश्वर जो पवित्र र शुद्ध हुनुहुन्छ, उहाँ अपवित्र कुराहरूसँग रहनसक्नुहुन्न। दाऊद सुत्नै सकेनन्। उनले दिन रात परमप्रभुको गह्रौ हातको अनुभव गरे, उनले भने, "गर्मीको तापले रसलाई सुकाए जस्तै मेरो बल पनि सुकिराखेको थियो।"

परमेश्वर हामीबाट टाढ़ा हुनुभएको अनुभव गर्नु हाम्रो लागि कति दुःखको कुरा हो। कहिले कहीँ दाऊदले जस्तै हामीले पनि केही पनि खराबी भएको छैन भन्ने विचार गर्छौं। तर हाम्रा हृदयमा भने हामीले खोक्रोपन र अलगपनको अनुभव गरिराखेका हुन्छौं। यसले हामीलाई पापको वास्तविकतामा सचेत तुल्याउँछ र हामीले उहाँको पवित्रतालाई खोजी गर्नु कति महत्वपूर्ण छ भन्ने कुरा बताउँछ।

## तपाईंको अभ्यासको निम्ति

३ **ठीक** बयानहरूका अक्षरहरूका वरिपरि घेरा लगाउनुहोस्। **बेठीक**सँग लेखिएको उत्तरलाई सच्याउनुहोस्।

**क**) धार्मिक विधिहरूले दाऊदलाई परीक्षाबाट सुरक्षित राखेको थियो।

**ख**) दाऊद बलिया थिए, तर पापले उनलाई कमजोरी तुल्यायो।

**ग**) दाऊदको अनुभवले हामीलाई देखाउँछ कि परमेश्वर हामीसँग कहिले बेखुशी हुनुहुन्छ भन्ने कुरा हामीलाई थाह हुन्छ।

**घ**) पापको कारणले आफू परमेश्वरबाट अलग भएको दाऊदले अनुभव गरे।

.................................................................

.................................................................

.................................................................

## परमेश्वरमा पश्चात्ताप गर्नाले पुनर्मिलाप हुन्छ

परमेश्वरबाट अलग भएपछि एक व्यक्ति बेखुशी र डरपोक बन्छ। यस्तो व्यक्तिसँग परमेश्वर पनि दुःखित बन्नुहुन्छ। परमेश्वरले आफ्नो साथी हुनलाई उसलाई सृष्टि गर्नुभएको हो भन्ने कुरालाई सम्झनुहोस्। नोआको समयमा पृथ्वीमा भएका मानिसहरूका पापपूर्ण अवस्था देखेर परमेश्वरलाई दुःख लागेको थियो। दाऊदको पापले पनि परमेश्वरलाई दुःखित तुल्याएको थियो। परमेश्वरले दाऊदलाई प्रेम गर्नुभयो र उनलाई त्याग्नु भएन। मानिसलाई पापको दण्ड दिनु मात्र परमेश्वरको उद्देश्य होइन। उहाँको उद्देश्य चाहिँ तिनीहरूलाई पापबाट शुद्ध पार्नु हो, यसरी तिनीहरू परमेश्वर सँगसँगै हिँड्रेर सृष्टिको उद्देश्यलाई पूरा गर्न सक्नेछन्।

यसै कारणले परमेश्वरले दाऊदलाई शारीरिक दण्ड दिनु भएन। तर उनलाई पश्चात्तापमा ल्याउनको लागि परमेश्वर

उनीसँग बोल्नुभयो। दाऊदले सुनेको कथाले उनलाई आफ्नो पापको विषयमा सम्झना दिलाओस् भनेर परमेश्वरले सो कथा दाऊदलाई भनिदिने बन्दोबस्त मिलाउनुभयो।

त्यो कथा धनी र गरीबको विषयमा थियो। एउटा धनी मानिसका धेरै भेड़ा बाख्राहरू थिए र अर्को एउटा गरीबको चाहिँ पाठी बाहेक उसँग अरू केही थिएन। गरीबले त्यस पाठीलाई धेरै माया गर्‍थ्यो र आफू सँग सँग हुर्काएको थियो।

एक दिन धनीको घरमा एक जना पाहुना आए। आफ्ना पाहुनाका लागि खानेकुरा तयार गर्ने निश्चय उनले गरे। यस भोजको निम्ति आफ्नो भेड़ा मार्नचाहिँ उनले चाहेनन्। उनले त्यस गरीबसँग भएको एउटा मात्र पाठी मारेर आफ्ना पाहुनाको निम्ति भोज तयार पारे।

यो कथा सुनेपछि दाऊदले भने, "कस्तो डरलाग्दो काम, जसले यस्तो गर्‍यो त्यो ता मृत्युको योग्य छ! त्यस पाठीको सट्टामा उसले चार वटा अरू पाठीहरू फिर्ता दिनुपर्छ, किनभने उसले निर्दयतासाथ यस्तो काम गरेको छ।"

परमेश्वरको वचन दाऊदकहाँ आयो, "तँ त्यही मानिस होस्! मैले तँलाई राजाको रूपमा अभिषेक गरें र तेरा शत्रुहरूबाट छुटकारा दिएँ। तैंले अरू पनि धेरै स्त्रीहरू पाउनसक्थिस्। तर तैंले उरियाहलाई लड़ाइँमा तरवारले मारिस् र त्यसकी स्वास्नीलाई चाहिँ आफ्नी स्वास्नी हुनलाई ल्याइस्।"

"मैले पाप गरें, मैले परमेश्वरको विरूद्धमा पाप गरें" भनी दाऊदले पश्चात्ताप र नम्रतासाथ स्वीकार गरे।

उनी महान् राजा भएका हुनाले सुन्दरी बेतशेबा सहित उनको राज्यमा भएका सबै कुराहरू उनकै अधिकारका हुन् भनी उनी दावी गर्नसक्थे। र पनि दाऊदले आफ्नो हृदयमा यो कुरा

थाह पाएका थिए कि परमेश्वर मात्र वास्तवमा महान् राजा हुनुहुन्छ र सबै थोक उहाँकै हुन्।

दाऊदले महसूस गरे कि उनले एक कमजोर र गरीब मानिसको विरूद्धमा मात्र पाप गरेका होइनन्, तर उनले परमप्रभुको विरूद्धमा पनि ठूलो पाप गरेका छन्। आफूले पापै गरेको छैन भनी उनले बहाना गर्न चाहेनन्। उनलाई आफ्नो हृदयको अवस्था पूरा थाह थियो आफूले गरेका कामको पूरै जिम्मेवारीलाई उनले स्वीकार गरे। उनले त्यस धनी मानिसलाई भनेजस्तै उनी आफै पनि मृत्युका योग्य थिए। उनको विवेकको तरवारले उनलाई दिनरात घोचिराखेको थियो। उनी वेदनामा यसरी चिच्याएका थिए, "मैले पाप गरें र म मृत्युको योग्य छु।"

आफ्नै शक्तिद्वारा आफ्नो जीवनमा भएको पापलाई शुद्ध पार्ने कुनै पनि उपाय छैन भन्ने कुरा दाऊदलाई थाह थियो। परमेश्वरबाट अलग हुनुपरेको अनुभव दाऊदको निम्ति बड़ो डरलाग्दो थियो। आफ्ना दोषहरूको स्वीकार गर्दै उनले यस्तो प्रार्थना गरे, "म मेरा पापहरूको स्वीकार गर्छु, मलाई धुनुहोस्, ... मलाई शुद्ध पार्नुहोस्, ... ममा एउटा नयाँ हृदय सृष्टि गर्नुहोस्।" परमेश्वरको क्षमाको निम्ति उनले प्रार्थना गरे।

परमप्रभुलाई होम बलिको बलिदान चढ़ाउने विचार दाऊदले गरे। मोशाको व्यवस्थामा आज्ञा गरे अनुसार धार्मिक बलिदान चढ़ाउनु एक किसिमको रीतिनै थियो। यद्यपि उनलाई थाह थियो, कि पशुको बलिदान गरेर धार्मिक कर्तव्य पूरा गर्दैमा यसले मानिसको भलाइको बारेमा बताउँदैन। बलिदानले मानिसको भलाइ-लाई होइन तर परमेश्वरको कृपालाई बताइराखेको हुन्छ। हामीले पहिल्यै उल्लेख गरे जस्तै दाऊदको विचारमा अचम्मको रहस्य घुसेको थियो। यस धार्मिक बलिदान परमेश्वरको दयालाई मानव जातिकहाँ प्रकट गर्नलाई आउनुहुने व्यक्तिको एक सुन्दर नमूना पनि हो। यसको बारेमा हामी अर्को पाठमा अझै सिक्नेछौं।

दाऊदले आफ्नो हृदयका विचारहरूलाई कसरी व्यक्त गरे, अब हामी सो विचार गरौं। उनले भने, "म होमबलिका बलिदानहरू लिएर आउँछु, तर परमेश्वरले मबाट यो चाहनुभएको छैन। पूरा हृदयबाटनै आफ्ना पापको पश्चात्ताप गर्ने हृदयको बलिदान परमेश्वर चाहनुहुन्छ। चूर्ण हृदयनै परमेश्वरका निम्ति बलिदानहरू हुन्।"

परमप्रभुसँग सीधै रूपमा बोल्नलाई दाऊद कहिल्यै हिचकिचाएनन्। उनले भने, "हेर्नुहोस्, तपाईं भित्री भागहरूमा सत्यताको चाहना गर्नुहुन्छ। तपाईंको उपस्थितिबाट मलाई नहटाउनुहोस्। तपाईंको उद्धारको आनन्द मलाई फेरि दिनुहोस्।"

यी सबै शब्दहरू दाऊदकै भजनहरूबाट आएका हुन्, र वास्तवमा यिनीहरू परमेश्वरलाई चढ़ाइएका प्रार्थना थिए। दाऊद इमानदार र परमेश्वरसँगको संगतिमा रहने व्यक्ति थिए र परमप्रभुले उनलाई प्रेरणा दिएअनुसार साधारण शब्दहरूमा आफ्ना विचारहरूलाई व्यक्तगर्ने क्षमता उनमा थियो। हामी यी भजनहरूलाई बुझ्न सक्छौं र हाम्रा आफ्नै जीवनहरूमा तिनीहरूलाई प्रयोग गर्नसक्छौं। हामीले ती भजनहरूको अध्ययन गर्दा परमेश्वरसँग हुनुपर्ने हाम्रो सम्बन्धको बारेमा हामी धेरै सिद्धान्तहरू सिक्नसक्छौं।

दाऊदका यी शब्दहरूबाट हामी स्पष्टसँग देख्नसक्छौं कि आफ्नो पापको कारणले परमेश्वरबाट अलग हुनपरेको अनुभव उनले गरेका थिए। उनको यस अनुभवबाट हामीले सिक्नसक्ने पहिलो सिद्धान्त चाहिँ यो हो कि परमेश्वरबाट अलग भएको अनुभवमा उनले ठूलो संकष्टको सामना गर्नुपरेको थियो। परमेश्वरको नजीक आउन उनले ठूलो चाहना गरे। तब उनले आफ्नो पापको स्वीकार गरे र आफू यस पापको दोषी छु भन्ने कुरा

मानी लिए। उनले पश्चात्ताप गरे, अर्थात् आफूले गरेको पापको निम्ति साँचैनै दुःखित भए, आफूले पाप गरेको छु भनी परमेश्वरको अगाड़ि स्वीकार गरे। कुनै मानिसहरूले "मैले बिराएँ" भनी त्यसै भन्छन् होला। तिनीहरूले आफ्ना कान तान्दै आँखाहरू घोप्टो पार्छन् होला। तर दाऊदले आफ्नो पापको स्वीकार गर्दा उनको हृदय वेदनाले भरिएको थियो र उनी यसरी चिच्याएका थिए, "म मेरा पापहरूको स्वीकार गर्छु। मेरा पापहरूका कारणले म घायल भएको छु।"

आफैले आफैलाई शुद्ध पार्न सकिंदैन भन्ने कुरा दाऊदले महसूस गरे। उनलाई शुद्ध पार्नसक्ने कुनै पनि असल कामहरू त्यहाँ थिएनन्। कुनै पनि धार्मिक विधिले उनलाई परमेश्वरको अगाड़ि शुद्ध पार्न सक्दैनथ्यो।

अन्त्यमा, उनले परमेश्वरको कृपामा भरोसा राखे र उहाँसँग क्षमा मागे। उनलाई यो विश्वास थियो, कि यसरीनै उनले परमेश्वरको उपस्थिति र उद्धारको निश्चयताको अनुभव गर्नसक्थे। उनले यसरी प्रार्थना गरे, "तपाईंको दयाअनुसार मलाई आफ्नो कृपा देखाउनुहोस्।"

दाऊदका अनुभवहरू हाम्रा निम्ति अत्यन्तै महत्वपूर्ण छन् किनभने, ऐतिहासिक रूपमा सत्य ठहरिएका घटनाहरू मात्र हामीसँग छैनन्, तर दाऊदले यी सत्यताहरूको व्याख्या पनि दिएर गएका छन्। यी घटनाहरूका बारेमा उनको हृदयमा भएका कुराहरू उनले हामीसँग बाँड़ेका छन्। हामीले अनुमान गर्नु वा अचम्म मान्नुपर्दैन। पाप गरेर परमेश्वरबाट अलग हुनु कस्तो हो भन्ने कुरा उनले अनुभव गरेका थिए। हामीलाई दोष, पापको जवाफदेहीता, स्वीकार, पश्चात्ताप र परमेश्वरको कृपालु क्षमाको अर्थ थाह छ। दाऊदका यी महत्वपूर्ण भजनहरूलाई परमेश्वरले सुरक्षासाथ संचय गरेर राख्नुभएको हुनाले हामीलाई यस विषयमा थाह हुनसकेको हो।

## तपाईंको अभ्यासको निम्ति

४ उरियाहसँग आफूले गरेको व्यवहार पछि दाऊदले यी शब्दहरू लेखेका थिए। ती पढ्नुहोस् र तिनीहरूका अर्थलाई विचार गर्नुहोस्। तिनीहरूलाई कण्ठ गर्नुहोस्। यसलाई तपाईं आफ्नै प्रार्थनाको रूपमा पनि प्रयोग गर्नसक्नुहुन्छ।

हे परमेश्वर, तपाईंको अचूक करुणाअनुसार
    ममाथि कृपा गर्नुहोस्,
तपाईंको अपार अनुकम्पामा
मेरो सबै अधर्मबाट मलाई पूर्ण
    रूपमा धोइदिनुहोस्,
र मेरो पापबाट मलाई शुद्ध
    गरिदिनुहोस्।

हे परमेश्वर, ममा शुद्ध हृदय
    सृजनुहोस्,
मलाई तपाईंको उपस्थितिबाट
    नहटाउनुहोस्,
नता मबाट तपाईंका पवित्र आत्मा
    लैजानुहोस्।
तपाईंको मुक्तिको आनन्द मलाई फेरि
    दिनुहोस्,

## परमेश्वरसँगको संगतिले आनन्द ल्याउँछ

परमेश्वरको क्षमाको सन्देश दाऊदकहाँ स्पष्टसँग आएको थियोः परमेश्वरले तेरा पापहरू धुनुभएको छ। तँ मर्ने छैनस्। दाऊद परमेश्वरप्रति कृतज्ञ भए र परमेश्वरको कृपा र दयाको निम्ति उहाँलाई धन्यवाद चढ़ाए। उनले भने, "मेरो धन्यवादको बलिदान म तपाईंलाई चढ़ाउँछु, किनभने तपाईंले मेरो प्राणलाई मृत्युबाट छुटकारा दिनुभएको छ।"

तर यो दाऊदको अनुभवको अन्त थिएन। परमेश्वर दयालु र अनुग्रहकारी हुनुहुन्छ भन्दैमा पापलाई चाहिँ दण्ड नदिइने होइन। पापलाई जहिले पनि दण्ड दिइनै पर्छ। दाऊद र बेतशेबाको बीचमा भएको पापपूर्ण सम्बन्धबाट जन्मेको बालकको मृत्यु भयो। दाऊद वेदनाले भरिए र उनलाई ज्यादै दुःख लाग्यो। र पनि उनले परमेश्वरको दण्डलाई बुझे र त्यस न्यायलाई नम्रतासाथ स्वीकार गरे। त्यसपछि परमेश्वरले दाऊदलाई अर्को छोरा दिनुभयो, जसको नाम सुलेमान राखियो र इतिहासमा उनी सबैभन्दा बुद्धिमान् व्यक्ति बने। यसरी दाऊदको जीवनद्वारा परमेश्वर हामीसँग बोल्नुहुन्छ। यसबाट परमेश्वरले हामीलाई पाप कति डरलाग्दो छ, दण्ड निश्चयनै आउँछ र परमेश्वरको दया कति महान् छ भन्ने कुरा बताउनुहुन्छ।

परमेश्वरको संगतिमा दाऊद पुनर्स्थापित भए। उनले यस्ता खालका अतुल्य भजनहरू लगातार रूपमा लेख्न थाले, जसद्वारा परमेश्वरले मानव जातिको निम्ति महत्वपूर्ण सन्देशहरू पठाउनुभएको छ। ती सन्देशहरूमध्ये एउटा सन्देशलाई हामी यहाँ विचार गरौं। यो यस्तो सन्देश हो, जसले हामीलाई प्रार्थनाको स्वभाव र मूल्यको बारेमा बताउँछ। यसले हामीलाई बताउँछ, कि परमेश्वरसँगको संगतिले हाम्रा हृदयहरूमा आनन्द

ल्याउँछ। यसले हामीलाई बताउँछ, कि परमेश्वरले हामीलाई चाहनुहुन्छ, हामीलाई उहाँको खाँचो छ, र उहाँलाई पुकार्नेहरूका निम्ति त्यहाँ ठूलो आशा छ। परमेश्वरको इच्छाअनुसार उहाँको सेवा गर्न चाहनेहरूका निम्ति अहिले र भविष्यको लागि ठूलो आशा राखिएको छ।

दाऊदले लेखेका कुराहरूले हामीलाई देखाउँछन् कि प्रार्थनाद्वारा मानिसको हृदयले साँचै परमेश्वरको हृदयसँग कुराकानी गर्न सक्छ। आफ्ना मानिसहरूले आफूसँग कुरा गरेको र आफूले आफ्ना मानिसहरूसँग कुरा गरेको परमेश्वर चाहनुहुन्छ। परमेश्वर र मानिसको बीचमा भएको संगति एक प्रेमी बाबु र छोराको बीचमा भएको संगति जस्तै हो। तिनीहरू एकैसाथ हुँदा आनन्दित हुन्छन्। हेरचाह गर्ने बाबुले जस्तै परमेश्वरले सधैंनै हाम्रा कुराहरू सुन्नुहुन्छ। हाम्रा समस्याहरू र विचारहरू लिएर हामी उहाँकहाँ आएको परमेश्वर चाहनुहुन्छ। परमेश्वरसँग संगति गर्न र उहाँको आराधना र उहाँलाई प्रेम गर्न परमेश्वरले हामीलाई सृष्टि गर्नुभएको हो।

प्रार्थना एक किसिमको यात्रा जस्तो हो। मानिसले परमेश्वरलाई अझै गहिरो रूपले चिन्ने इच्छा गर्छ। आफ्ना सृष्टिकर्तासँग ऊ अझै गहिरो रूपले आत्मिक सम्बन्धमा हिँड्न चाहन्छ। आफूले लेखेका भजनहरूमा दाऊदले धेरैपल्ट यी विचारहरूलाई व्यक्त गरेका छन्। उदाहरणको लागि, उनले यसो भनेका छन्, "जसरी मुडुली मृगले खोलाको पानीको तृष्णा गर्छ, त्यसै गरी हे परमेश्वर, मेरो प्राण पनि तपाईंप्रति तिर्खाएको छ। मेरो प्राण जीवित परमेश्वरप्रति तिर्खाएको छ। म कहिले गएर परमेश्वरलाई भेटूँ?" उनलाई र विश्वासयोग्य सबैलाई परमेश्वरले उत्तर दिनुहुन्छ भन्ने दाऊदलाई निश्चयता थियो। "तिनीहरू प्रशस्तसँग तृप्त हुनेछन्। तपाईंले आफ्नो आनन्दको नदीबाट तिनीहरूलाई पिउन दिनुहुनेछ, किनभने जीवनको मुहाननै तपाईं हुनुहुन्छ।'।

क्षमा र परमेश्वरसँगको गहिरो सम्बन्धको निम्ति दाऊदले जसरी प्रार्थना गरेका थिए, त्यसै गरी हाम्रा व्यक्तिगत खाँचोको निम्ति परमेश्वरसँग प्रार्थना गर्ने उत्साह भजनसंग्रहले हामीलाई दिन्छ। "सबै समयमा परमप्रभुमा भरोसा राख। उहाँको अगाड़ि आफ्नो हृदय पोख।"

परमेश्वरमाथि भरोसा राखिएको छ भन्ने सत्यतालाई प्रार्थनाले प्रकट गर्छ। प्रार्थना गर्नु भनेको कुनै विधि वा रीति पूरा गर्नु होइन। यो यस्तो वास्तविक कार्य हो जसले देखाउँछ, कि हामीलाई परमेश्वरको खाँचो छ र हामीलाई सत्यता र आनन्दमा अगुवाइ गर्नको निम्ति हामीले उहाँमा भरोसा राख्नुपर्छ। यो जीवनको मुहानमा पुऱ्याउने यात्रा हो।

दाऊदले यसरी गाएका थिए: "तपाईंले मलाई जीवनको बाटो चिनाउनुभएको छ र तपाईंले आफ्नो उपस्थितिमा मलाई आनन्दले भर्नुहुनेछ।"

तपाईंले परमेश्वरको विरूद्धमा पाप गर्नुभएको छ भन्ने कुरा स्वीकार गर्न अब तपाईं तयार हुनभएको छ होला। किनभने तपाईंलाई थाह छ कि कोही पनि परमेश्वरको दृष्टिबाट लुकेर बस्नसक्तैन। तपाईं भित्रि दोष र वेदनाले छट्पटिरहनु भएको छ। रातमा तपाईं शान्ति खोज्नुहुन्छ, तर यसलाई पाउन-सक्नुभएको छैन। तपाईंले धार्मिक विधिहरू पालन गर्नुभएको छ र पनि आराम पाउनुभएको छैन। आफ्नो गहिरो वेदनाको आँशुमा सुत्नलाई तपाईं बलजफत गर्नुहुन्छ। आफ्नो हृदयमा तपाईं भाँचिनुभएको छ र तपाईंको निम्ति परमेश्वरको हृदय पनि भाँचिएको छ।

अब तपाईंले दु:ख भोग्नुपर्दैन। परमेश्वर तपाईंका पिता हुनुहुन्छ भन्ने सत्यतालाई अब तपाईं थाह पाउन सक्नुहुन्छ। उहाँले तपाईंलाई आफ्नो प्रेममा क्षमा दिन र तपाईंको हृदयलाई

आनन्दले भर्न चाहनुहुन्छ। आफूले गरेका पापहरूलाई उहाँको अगाड़ि स्वीकार गर्नुहोस्। उहाँसँग क्षमा माग्नुहोस्। उहाँले तपाईंका पापको क्षमा गर्नुहुन्छ र आफ्नै उपायद्वारा पापको न्यायको बाटो पनि उपलब्ध गरिदिनुभएको छ भनी विश्वास गर्नुहोस्। परमेश्वरलाई धन्यवाद दिनुहोस् र अझै सत्यताको बाटोमा जान उहाँको अगुवाइको निम्ति उहाँमा भरोसा राख्नुहोस्। परमेश्वरले सम्पूर्ण मानव जातिको लागि दिनुभएको आफ्नो प्रकाशको सुन्दर रहस्यलाई तपाईंकहाँ प्रकट गरिदिनुहुनेछ।

भजन संग्रहका यी शब्दहरूलाई, अब तपाईंले आफ्नो इच्छा-अनुसार परमेश्वरको अगाड़ि दोहोऱ्याउनुहोस्। यी शब्दहरू दयालु, कृपालु र सारा विश्वका प्रभुको अगाड़ि तपाईंको आफ्नै व्यक्तिगत प्रार्थना बन्नसकोस्ः

"हे परमेश्वर, म दल दले हिलोमा गाड़िएको छु ... र म रोई रोई थाकिसकेको छु, अब मलाई बचाउनुहोस्।

"मेरो हृदयका वेदनाहरू बढ़ेका छन् ... मेरो दुःखलाई हेर्नुहोस् र मेरा सबै पापहरूलाई क्षमा गर्नुहोस्।"

"मैले मेरो संकष्टमा परमप्रभुको पुकारा गरें र ... उहाँले मेरो चित्कार सुन्नुभयो।"

"तपाईंले मलाई जीवनको मार्ग देखाउनुहुनेछ।"

"हे मेरो आत्मा, परमप्रभुलाई धन्यको भन, जसले क्षमा गर्नुहुन्छ, निको पार्नुहुन्छ, उद्धार गर्नुहुन्छ र मुकुट लगाइदिनुहुन्छ।"

## तपाईंका उत्तरहरूको जाँच गर्नुहोस्

४ उनलाई परमेश्वरको मार्गको बारेमा स्पष्टरूपमा बताउन।

१ क) तिनीहरू आज्ञाकारी थिए।

ख) तिनीहरूले परमेश्वरमा विश्वास र भरोसा गरे।

ग) तिनीहरूले आफ्नो विश्वासलाई काममा लगाए।

घ) तिनीहरू नम्र र साहसी थिए।

३ क) तपाईंका उत्तरहरू: केही सुझावहरू यस्ता हुनसक्छन्: कुनै न कुनै बेला सबै मानव जातिलाई परीक्षा आउँछ। धार्मिक विधिहरूले शैतानबाटको परीक्षालाई हटाउनसक्तैनन्। असल मानिसहरूलाई पनि परीक्षा आउँछ भन्ने कुरा योसेफको जीवनबाट पनि देख्न सकिन्छ, तर परमेश्वरको सहायताद्वारा यसलाई इन्कार गर्न पनि सकिन्छ।

ख) ठीक

ग) ठीक

घ) ठीक

२ तपाईंले कण्ठ गर्नुभएका दाऊदका शब्दहरूलाई दोहोऱ्याउनुहोस।

# पाठ ६

# यशैया– उनले उद्धारको बारेमा भविष्यवाणी गरे

हे पृथ्वी सुन्!
किनकि परमप्रभुले बोल्नुभएको छ।

हामीलाई सन्देश सुनाउनको लागि परमेश्वरले पठाउनुभएका अगमवक्ताका वाणीहरूलाई हामीले कति सुनेका छौं? अगमवक्ताहरूका जीवन र उदाहरणहरूबाट हामीले धेरै नै कुरा सिकिसकेका छौं। तर परमेश्वरले आफ्ना दासहरूबाट प्रकट गर्नुभएका सन्देशहरूनै हाम्रा निम्ति सबैभन्दा महत्वपूर्ण छन्।

परमेश्वर बोल्नुभएको छ। उहाँले आफ्नो वचन पठाउनुभयो। उहाँले आफैलाई पवित्र परमेश्वरका रूपमा प्रकट गर्नुभएको छ,

जसले पापको न्याय गर्नुनै हुन्छ, र पनि उहाँ पिता जस्तै दयालु परमेश्वर हुनुहुन्छ, जसले आफ्ना छोराछोरीहरूलाई दया देखाउनुहुन्छ। उहाँ हामीकहाँ आएर हामीलाई सहायता गर्न चाहनुहुन्छ भन्ने सत्यता हामीले सिकिसकेका छौं। हामीलाई अगुवाइ गर्नको निम्ति उहाँले आफ्नो वचन हामीलाई दिनुभएको छ। यदि हामीले हाम्रा पापको स्वीकार गऱ्यौं, उहाँको आज्ञा पालन गऱ्यौं र उहाँको प्रकाशलाई स्वीकार गऱ्यौं भने उहाँले हामीलाई हाम्रा दोषबाट छुटकारा गर्नुहुनेछ।

अगमवक्ताहरूबाट हामीले कति सुनेका छौं त! र पनि त्यहाँ अझ धेरै बाँकी छ। यस पाठमा हामी यशैयाबाट सुन्नेछौं। उनको नामको अर्थ "**परमेश्वर उद्धारको स्रोत हुनुहुन्छ**" भन्ने हो। हाम्रो निम्ति भएको उनको विशेष सन्देश यही होः उद्धार परमेश्वरको अनुग्रह र शक्तिबाट मात्र आउँछ र यो हाम्रो आफ्नै बल र धार्मिक विधिहरूबाट आउँदैन।

## यस पाठमा तपाईंले यी कुराहरू सिक्नुहुनेछ ...

दर्शन र बोलावट
चेताउनी र प्रतिज्ञा
उद्धारकर्ता र निमन्त्रणा

## यस पाठले तपाईंलाई यी कुराहरूमा सहायता पुऱ्याउनेछ ...

* अगमवक्ता यशैयाको बारेमा थाहपाउन
* बलिदानको अर्थ व्याख्या गर्न
* साँचो मुक्तिदाताको वर्णन गर्न
* तपाईंले व्यक्तिगत रूपमा यशैयाका अगमवाणीहरूको सत्यता र तिनीहरूका अर्थ थाह पाउन।

## दर्शन र बोलावट

आफ्ना अगमवक्ताहरूका रूपमा परमेश्वरले कति जना व्यक्तिहरूलाई छान्नुभयो भन्ने कुरा हामीलाई पक्का थाह छैन। हामीले नाम नजानेका यस्ता धेरै व्यक्तिहरू हुनसक्छन्। तर यशैयाको काम सम्बन्धी कुनै पनि शंका छैन। अगमवक्ताहरूमध्ये उनी एक महान् अगमवक्तानै थिए, र मानव जातिलाई आशा र उद्धारको सन्देश दिन परमेश्वरले विशेष गरी उनलाई छान्नुभएको थियो।

देशको शासन कार्यमा महत्वपूर्ण भाग लिएको परिवारबाट यशैया आएका थिए, किनभने प्रायजसो उनको जीवन राजाको दरवारको जीवनसँग सम्बन्धित छ। उनी धेरै राजाहरूका लागि एक प्रख्यात इतिहासकार थिए। उनी एक निपुण लेखक पनि थिए, किनभने उनको लेखाइमा सुन्दरता र सांस्कृतिक झल्केको पाइन्छ। उनको भाषा कवितामय र उनको वर्णन नाटकीय छ। प्राकृतिक प्रेमी र मानव व्यवहारलाई होशियारसाथ निरीक्षण गर्ने व्यक्तिको रूपमा उनले निपुणतासाथ लेखेका छन् र साधारण मानिसहरूले पनि उनको लेखाइलाई बुझ्नसक्छन्। र पनि, एक योग्य शिक्षित व्यक्तिको रूपमा उनले लेखेका कुराहरूलाई इतिहासकार र विद्वान्हरूले पनि बड़ो उत्सुक्तासाथ ध्यान दिएका छन्। उनले करीब साठी वर्ष जति परमेश्वरको वचनलाई वाणी र लेखाइमा घोषणा गरे र आफ्नै जीवन कालमै धेरै अगमवाणीहरू पूरा भएका पनि देखे।

हामीले सिकिसकेका छौं कि परमेश्वर आफूले चुनेकाहरूसँग तिनीहरूका ठूलो खाँचोको समयमा बोल्नुहुन्छ र अरूहरूको जीवनमा प्रभाव पार्न तिनीहरूलाई प्रयोग गर्नुहुन्छ। पाप र मूर्तिपूजाको कारणले आफ्ना मानिसहरू नाश हुने खतरामा भएको अवस्थामा आफ्ना अगमवक्ताहरूद्वारा परमेश्वर बोल्नुहुन्छ

भन्ने कुरालाई हामीले हेरिसकेका छौं। यशैयाको अनुभवमा पनि यी अवस्थाहरू सत्यनै थिए। मानिसहरूले डरलाग्दा शत्रुहरूसँग लड़ाइँ गरिराखेका थिए। त्यसको साथसाथै तिनीहरूमध्ये धेरै जना परमेश्वरको अगाड़ि अनाज्ञाकारी भएर मूर्तिहरू पूजिराखेका थिए। अरूहरूसँगको सम्बन्धमा पनि तिनीहरू विचारहीन र निर्दयी थिए।

सबैभन्दा डरलाग्दो कुरा ता तिनीहरूले आफ्ना पाप र आवश्यकतालाई हेर्न पनि इन्कार गरेका थिए। तिनीहरूले धर्मको नाउँमा लगातार रूपमा बलिदानहरू चढ़ाइरहे, धार्मिक विधिहरू पालन गरे र उपबास पनि बसे। तिनीहरू घमण्डी थिए र परमेश्वरले तिनीहरूलाई विशेष अधिकार दिनुभएको छ जस्तो बहाना पनि तिनीहरूले बनाए। यशैयाले यी सबै कुराहरू महसूस गरे र "हे पृथ्वी सुन्" भन्दै मानिसहरूलाई बताउन थाले।

तब परमेश्वरले उनलाई अचम्मको दर्शन दिनुभयो। यशैयाले भने, "मैले परमप्रभुलाई अग्लो र उच्च सिंहासनमा विराजमान हुनभएको देखें। उहाँदेखि मास्तिर सराफहरू खड़ा थिए– प्रत्येकका ६, ६ वटा पखेटा थिए। दुइटाले तिनीहरूले आफ्नो मुख ढाकेका थिए, दुइटाले आफ्ना खुट्टा ढाकेका थिए र दुइटाले तिनीहरू उड्दथे। अनि एउटाले अर्कोलाई यसो भन्दै तिनीहरू कराउँदथे, "सेनाहरूका परमप्रभु पवित्र, पवित्र, पवित्र हुनुहुन्छ, सारा पृथ्वी उहाँको महिमाले भरिपूर्ण छ।"

यशैया अचम्भित भए। तब कराउनेहरूको सोरले सँघारहरूका जग हल्लिए, र भवन धूवाँले भरियो। आफू पवित्र परमेश्वरको उपस्थितिमा छु भन्ने कुरा यशैयालाई थाह थियो। उनी डरले काम्दै, यसो भनेर कराए, "हाय! म नष्ट भएँ, किनभने म अशुद्ध ओठ भएको मानिस हुँ, अनि अशुद्ध ओठ भएका मानिसहरूका बीचमा म बस्तछु, र मैले मेरो आँखैले सेनाहरूका परमप्रभु महाराजधिराजलाई देखें।"

तब एउटा सराफ उड़ेर वेदीमा गए र आगोको भुँग्रो हातमा लिए। तिनले आफ्नो जिब्रोले त्यस भुँग्रोलाई लिए र त्यसले यशैयाको ओठ छोइदिए। तब सराफले यशैयालाई भने, "यसले तिम्रो ओठ छोएको छ। अब तिम्रो अधर्म मेटियो, र तिम्रो पापको प्रायश्चित भयो।"

तब परमप्रभुले भन्नुभयो, "म कसलाई पठाऊँ, अनि हाम्रो निम्ति को जाने?"

यशैयाले भने, "म यहाँ छु। मलाई पठाउनुहोस्।" परमेश्वरले भन्नुभयो "जा, गएर मानिसहरूलाई मेरो वचन सुनाइ दे। तिनीहरूका दुष्ट चालचलनको कारणले तिनीहरूमाथि आउने दण्डको बारेमा तँ गएर तिनीहरूलाई चेताउनी दे। तर यो पनि तिनीहरूलाई भनिदे कि परमेश्वर तिनीहरूसँग हुनुहुन्छ र सत्य सुन्नलाई आफ्नो कान खोल्ने र सत्य चिन्नलाई आफ्नो आँखा खोल्नेलाई उहाँले उद्धार पठाउनुहुनेछ। उहाँले "**इम्मानुएल**" नाम भएको उद्धारकर्तालाई पठाउनुहुनेछ, र जसको अर्थ हुन्छ, "परमेश्वर हामीसँग"।

## तपाईंको अभ्यासको निम्ति

१ तल दिइएको तालिकाबाट उपयुक्त शब्दहरू छानी वाक्य पूरा गर्नुहोस्ः

| | | |
|---|---|---|
| पाप | सन्देशवाहक | उद्धारकर्ता |
| पवित्रता | परमेश्वर | न्याय |
| रीस | स्वर्गदूतहरू | युद्ध |
| राजा | यशैया | दर्शन |

**क)** आफ्नो दर्शनमा यशैयालाई थाह थियो कि उनी ......... .............................. को उपस्थितिमा थिए।

**ख)** सराफहरूको वचनले यशैयालाई याद दिलायो कि परमेश्वरको महत्वपूर्ण चरित्र उहाँको .................. ....................................... हो।

**ग)** यसले यशैयालाई आफ्नो र आफ्ना मानिसहरूका ...... .............................. को विषयमा सचेत तुल्यायो।

**घ)** परमेश्वरले गर्नुभएको प्रश्नले देखायो कि ............... ..... हुनको लागि उहाँलाई कुनै व्यक्तिको खाँचो थियो।

**ङ)** परमेश्वरको उद्देश्य आउने ......................... को निम्ति मानिसहरूलाई चेताउनी दिनु थियो।

**च)** परमेश्वरले ......................................... पठाउने प्रतिज्ञा गर्नुभयो।

## चेताउनी र प्रतिज्ञा

"म हाजिर छु, मलाई पठाउनुहोस्" भनी जब यशैयाले भने, उनले परमेश्वरको बोलावटलाई स्वीकार गरेका थिए। "परमेश्वरको सन्देशवाहक हुन म चाहन्छु" भनी उनले भनेका थिए। अत्यन्तै महत्वपूर्ण प्रकाश दिनुभएर उनको आज्ञाकारिता र स्वइच्छालाई परमेश्वरले आदर गर्नुभयो। परमेश्वरले उनलाई अगमवक्ताहरूमध्ये एक महान् अगमवक्ता हुनलाई बोलाउनुभयो।

यशैयाको दर्शन र उनको बोलावटबाट हामी धेरै कुरा सिक्नसक्छौं। पहिलो कुरा, परमेश्वरले आफ्ना मानिसहरूको वास्ता गर्नुहुन्छ भन्ने बारेमा हामी धेरै सिक्छौं। उहाँले तिनीहरूका पाप र कष्ट देख्नुहुन्छ। तिनीहरूको अनाज्ञाकारिताको

तिनीहरू आफैले आफैमाथि विनाश ल्याइराखेका छन् भनी थाह पाएर यशैयाले तिनीहरूलाई चेताउनी दिन चाहेका थिए। तिनीहरू दुष्टताको बन्धनमा परे र सहाराहीन भए। यशैयाले परमेश्वर र उहाँका मानिसहरूलाई प्रेम गरेका हुनाले परमेश्वरको सन्देशवाहक हुने इच्छा उनले गरे। अगमवक्ताको रूपमा उनले तिनीहरूलाई एकसाथ ल्याउनलाई प्रयास गरे।

## तपाईंको अभ्यासको निम्ति

**२** तल दिइएका ठीक बयानहरूका अगाड़िको अक्षरमा घेरा लगाउनुहोस्। परमेश्वरको निम्ति सन्देशवाहक हुन यशैया तयार थिए किनभने

**क**) उनले परमेश्वरलाई प्रेम गरे र उहाँलाई खुशी पार्न चाहन्थे।

**ख**) पापले दण्ड ल्याउँछ भनी मानिसहरूलाई चेताउनी दिन उनी चाहन्थे।

**ग**) उनलाई थाह थियो कि परमेश्वरले मानिसहरूलाई प्रेम गर्नुभयो र तिनीहरूले उद्धार पाएको उहाँ चाहनुहुन्थ्यो।

**घ**) उनलाई थाह थियो कि मानिसको धर्मकर्मले तिनीहरूलाई उद्धार गर्न सक्तैन।

**३** तल दिइएका यी शब्दहरू यशैयाको अगमवाणीबाट दिइएका हुन्। तपाईंले तिनीहरूलाई कण्ठ पनि गर्नसक्नुहुन्छ।

तिनीहरू आफैले आफैमाथि विनाश ल्याइराखेका छन् भनी थाह पाएर यशैयाले तिनीहरूलाई चेताउनी दिन चाहेका थिए। तिनीहरू दुष्टताको बन्धनमा परे र सहाराहीन भए। यशैयाले परमेश्वर र उहाँका मानिसहरूलाई प्रेम गरेका हुनाले परमेश्वरको सन्देशवाहक हुने इच्छा उनले गरे। अगमवक्ताको रूपमा उनले तिनीहरूलाई एकसाथ ल्याउनलाई प्रयास गरे।

## तपाईंको अभ्यासको निम्ति

**२** तल दिइएका ठीक बयानहरूका अगाड़िको अक्षरमा घेरा लगाउनुहोस्। परमेश्वरको निम्ति सन्देशवाहक हुन यशैया तयार थिए किनभने

**क**) उनले परमेश्वरलाई प्रेम गरे र उहाँलाई खुशी पार्न चाहन्थे।

**ख**) पापले दण्ड ल्याउँछ भनी मानिसहरूलाई चेताउनी दिन उनी चाहन्थे।

**ग**) उनलाई थाह थियो कि परमेश्वरले मानिसहरूलाई प्रेम गर्नुभयो र तिनीहरूले उद्धार पाएको उहाँ चाहनुहुन्थ्यो।

**घ**) उनलाई थाह थियो कि मानिसको धर्मकर्मले तिनीहरूलाई उद्धार गर्न सक्तैन।

**३** तल दिइएका यी शब्दहरू यशैयाको अगमवाणीबाट दिइएका हुन्। तपाईंले तिनीहरूलाई कण्ठ पनि गर्नसक्नुहुन्छ।

परमप्रभु घोषणा गर्नुहुन्छ, "धिक्कार! ती अट्टेरी
छोराछोरीहरूलाई . . .
अर्थात् परमप्रभुको शिक्षा नसुन्ने छोराछोरी . . .
तापनि तिमीहरूमाथि अनुग्रह गर्न परमप्रभु इच्छा
गर्नुहुन्छ।
तिमीहरूमाथि दया देखाउन उहाँ उठ्नुहुन्छ,
किनकि परमप्रभु इन्साफ गर्नुहुने परमेश्वर
हुनुहुन्छ।
उहाँको प्रतीक्षा गर्ने सबै धन्यका हुन्।

मानिसहरूले उनका चेताउनीहरू बुझून् भनेर अगमवक्ताले यो कथा भनेः

एउटा मानिसले दाखको खेती गर्ने निर्णय गऱ्यो। उसले मलिलो जग्गा रोज्यो। उसले यसलाई खन्यो, यसमा भएका ढुङ्गाहरू टिप्यो, र सबैभन्दा असल दाखको विरूवा लगायो। यस बगैंचा र यसमा फलेका फलहरूको हेरचाह गर्नलाई उसले एउटा अग्लो पाले घर पनि बनायो। आफूले आशा गरेको फलको कटनीको निम्ति उसले सबै तयारीहरू गऱ्यो। अर्को प्रकारले भन्ने हो भने दाखबारीको निम्ति दिइनुपर्ने आवश्यक ध्यान उसले दिएको थियो।

यस्तो कामको निम्ति उसले के पाउने आशा राखेको थियो त? निश्चयनै उसले मीठा र सुन्दर दाखहरूको आशा गरेको थियो। तर रसै रसले भरिएको पाकेको फलको हाँगा लिएर त्यस फललाई चाख्दा त उसले अमिलो र रड्डी फल पाउँदा उसलाई कस्तो लाग्यो होला अनुमान गर्नुहोस्! किन यस्तो भयो होला? उसलाई कति नरमाइलो र खालीपनको अनुभव भयो होला!

अब उसले के गर्ला जस्तो तपाईंलाई लाग्छ? त्यस मानिसले भन्यो, "म त्यस दाखबारीको बार उखेलिदिनेछु, र

त्यसलाई नाश पार्नेछ। म त्यसका पर्खाल भत्काइदिनेछु, र त्यो कुल्चीमिल्ची गरिनेछ। म त्यसलाई उजाड़ पारेर छोड्नेछु। त्यो छिमोलिनेछैन, गोड़िनेछैन र त्यसमा सिउँड़ी र काँढ़ाहरू उम्रनेछन्। म बादललाई पनि त्यसमा पानी नपरोस् भनेर आज्ञा गर्नेछु।'' परमेश्वर र मानिसहरूका बीचमा घटेको घटनाको दृष्टान्त यही हो भनी यशैयाले बताएका छन्।

यशैयाले यो कुरा व्याख्या गर्दै गए कि दाखबारीले प्रेमी परमेश्वरद्वारा रोपिएका र वास्ता गरिएका मानिसहरूको प्रतिनिधित्व गर्छ। तिनीहरूलाई सहयोग गर्नको निम्ति सम्भव भएजति उहाँले सबैथोक गर्नुभयो। उहाँले तिनीहरूबाट प्रेम र आज्ञाकारिताको आशा गर्नुभएको थियो, तर त्यसको सट्टामा त तिनीहरू विद्रोही पो बने। यस विषयमा परमेश्वरले के गर्नुहुनेछ त? उहाँले तिनीहरूलाई चेताउनी दिनुभयो। यशैयाले यो कुरा बताइदिए। परमेश्वरले यसो भन्नुभयोः

''विद्रोही र पापीहरूलाई एकैसाथ नाश गरिनेछ र परमप्रभुलाई त्याग्नेहरू नष्ट हुनेछन्।''

''तिमीहरू पातहरू सुकेको देवदार र पानी विनाको बगैंचाजस्तै हुनेछौ। बलियो मानिस पराल झैं र उसको काम चाहिँ आगोको फिलिङ्गा झैं हुनेछ। तिनीहरू दुवै जल्नेछन् र कसैले पनि आगो निभाउन सक्नेछैन।''

मानिसहरू तीन किसिमले पतन भएका हुनाले परमेश्वर तिनीहरूसँग दुःखित र निराश हुनुभयो भनी यशैया भन्छन्ः

१ तिनीहरूले परमेश्वरमा होइन, तर आफैमाथि भरोसा राखी घमण्ड गरेका थिए।
२ तिनीहरूले गरीब र सहाराहीनलाई ठगी सबै थोकहरू आफ्नै निम्ति लिएर लोभी र घमण्डी भएका थिए।
३ तिनीहरूले पशुहरूको बलिदान र धार्मिक विधिहरूद्वारा

आफूले गरेका दुष्ट कामहरूलाई हटाउने प्रयास गरेका थिए। तिनीहरूले बलिदान र प्रार्थनाको अर्थ र महत्वलाई बुझेका थिएनन्।

परमेश्वरको चेताउनीको आवाज यसो भन्दै यशैयाकहाँ आयो, "यी मानिसहरू मेरो नजीक आएर आफ्ना ओठ र मुखले मेरो आदर गर्छन्, तर तिनीहरूका हृदय भने मबाट टाढ़ा राखेका छन्। र मप्रतिको तिनीहरूको श्रद्धा केवल मानिसहरूले तिनीहरूलाई रटाएको आज्ञा मात्र हो।"

## तपाईंको अभ्यासको निम्ति

४ तलको उद्धृतलाई पूरा गर्ने खाली ठाउँमा उपयुक्त शब्द समूहहरूले भर्नुहोस्।

**क)** .............................. एकैसाथ नाश गरिनेछ, र ........................ नष्ट हुनेछन्।

**ख)** तिमीहरू पातहरू सुकेको देवदार र ......................... ...................... जस्तै हुनेछौ।

**ग)** यी मानिसहरू आफ्नो ओठ र मुखले मेरो आदर गर्छन्, तर ..................................................

आफ्ना छोराछोरीहरूसँग ठीक व्यवहार गर्ने एक असल बाबुले जस्तै परमेश्वरले पनि चेताउनीका वचनहरू बोल्नुभयो र अगमवक्ता यशैयाले यी वचनहरूलाई मानिसहरूका अगाड़ि घोषणा गरे। तर परमेश्वरको हृदय दयाले भरिएको थियो।

"तिमीहरूप्रति भएको मेरो अटल प्रेम कहिल्यै हल्लिने छैन" भनी परमप्रभुले बताउनुभयो। यहाँ चेताउनीका वचनहरूका साथसाथै प्रतिज्ञाका वचनहरू पनि आएको हामी देख्छौं।

परमेश्वरले भन्नुभए झैं यशैयाले पनि बताए कि "मानिसहरू घाँसजस्तै हुन्, र तिनीहरूको सबै महिमा मैदानको फूलजस्तै हो। घाँस सुकिहाल्छ र फूल ओइलाइहाल्छ, तर हाम्रा परमप्रभुको वचन सधैंभरि अटल रहिरहन्छ।"

यस समयमा परमेश्वरले आफ्ना मानिसहरूलाई दिनुभएको प्रतिज्ञाको वचन यही नै थियो कि आफ्ना मानिसहरूका उद्धारकर्ताका रूपमा परमेश्वर आफैले आफैलाई प्रकट गराउनुहुनेछ। पशुहरूको बलिदानले तिनीहरूलाई उद्धार गर्न सकेन। परमेश्वरले तिनीहरूका पाप देखाएर आउने दण्डको बारेमा तिनीहरूलाई चेताउनी दिनुभयो। हो, साँचैनै मानिसहरू हावामा उड़ेका घाँसजस्तै कमजोरी भएका थिए र तिनीहरूको हृदय डरले भरिएको थियो। र पनि 'यसो भन्नू' भनी परमेश्वरले यशैयालाई अराउनुभयो, "बलियो हो, नड़रा। तेरा परमप्रभु आउनुहुनेछ। उहाँले तँलाई उद्धार गर्नुहुनेछ!"

यशैयाले चर्को स्वरमा आनन्दसाथ परमेश्वरको वचन मानिसकहाँ ल्याएका थिएः "जोरसँग तेरो स्वर उचाल्, स्वर उचाल्! नड़रा। हेर्, परमप्रभु परमेश्वर पराक्रमसाथ आउनुहुनेछ।"

यशैयाले बताए कि परमेश्वरको स्वभाव विजयी गर्ने सार्वभौमिकता जस्तै हो, जसले आफ्ना मानिसहरूलाई विनाशको शक्तिबाट उद्धार गर्नुहुन्छ। तर आफ्ना भेड़ा बाख्राको वास्ता गर्ने गोठालो जस्तै पनि उहाँ हुनुहुन्छ। आफ्नो हृदयको वरिपरि राख्नलाई दुःखमा परेकाहरूलाई उहाँले आफ्नो हातले उठाउनुहुन्छ। परमेश्वरलाई थाह छ कि मानिसहरूलाई शासन गर्नको निम्ति कोही शक्तिशाली व्यक्ति चाहिएको छ। तर तिनीहरूको

जीवनको वेदनामा सान्त्वना पाउन र प्रेमको अनुभव गर्न पनि तिनीहरूलाई खाँचो छ। परमेश्वर व्यक्तिगत र नम्र हुनुहुन्छ भनी तिनीहरूले थाह पाउनुपर्छ। कुनै व्यक्ति पनि परमेश्वरबाट लुक्न सक्तैन, कुनै मानिसलाई पनि परमेश्वरले तुच्छ ठान्नुहुन्न र तिनीहरूलाई सहायता गरिरहँदा उहाँ थाक्नुहुन्न भन्ने कुरा तिनीहरूले बुझ्नुपर्छ।

उनले भने, "परमप्रभुको बाटो हेर्नेहरूले नवीन सामर्थ्य पाउनेछन्। तिनीहरू चीलझैं उँभो उँभो उड्नेछन्, र दगुरेर पनि तिनीहरू थाक्नेछैनन्। तिनीहरू हिँड़ेर जान्छन्, तर बेहोश हुनेछैनन्।"

यशैयाको पुस्तकबाट यी उदेकका प्रतिज्ञाहरूलाई सुन्नुहोस्, जुन प्रतिज्ञाहरू परमेश्वरले अगमवक्ताद्वारा बोल्नुभएको थियो:

म तँलाई बलियो पार्नेछु र सहायता गर्नेछु।
म मेरो धार्मिकताको दाहिने हातले तँलाई सम्हाल्नेछु।
किनभने म, परमप्रभु तेरा परमेश्वरले तँलाई यसो भनेर तेरो
  दाहिने हात समात्नेछु, 'नड़रा म तँलाई सहायता गर्नेछु।'
नड़रा, किनभने म आफैले तँलाई सहायता गर्नेछु,
  तेरा उद्धारकर्ता, परमप्रभुले घोषणा गर्नुहुन्छ।
नड़रा, किनकि मैले तँलाई उद्धार गरेको छु।
मैले तँलाई नाम काड़ेर बोलाएको छु, तँ मेरै होस्।

## तपाईंको अभ्यासको निम्ति

**५** यस पाठमा दिइएका परमेश्वरका प्रतिज्ञाहरूलाई फेरि

पढ्नुहोस्। तिनीहरूलाई कण्ठ गर्नुहोस्, किनभने यदि तपाईंले ती आफ्ना हृदयमा राख्नुभयो भने यसले तपाईंलाई ठूलो सान्त्वना दिनेछ।' यी प्रश्नहरूका जवाफ प्रतिज्ञाहरूमा पाउनुहोस्।

**क**) परमप्रभुको बाटो हेर्नेहरूलाई कस्तो प्रतिज्ञा दिइएको छ?

..........................................................................

..........................................................................

**ख**) परमेश्वरका जनहरूले डराउनुपर्दैन भनी उहाँले कस्ता प्रतिज्ञाहरू दिनुभएको छ? ....................................

..........................................................................

..........................................................................

..........................................................................

## उद्धारकर्ता र निमन्त्रणा

यशैयाद्वारा उल्लेख गरिएका प्रतिज्ञाहरूमा प्रस्तुत गरिएका विचारहरूमध्ये एउटा महत्वपूर्ण विचार यो हो कि परमेश्वर हाम्रा उद्धारकर्ता हुनुहुन्छ। अगमवक्ताका लेखाइहरूमा धेरैपल्ट यो शब्द प्रयोग भएको छ। उनी जिएको समयको व्यवस्था र रीतिमा यो शब्दको विशेष अर्थ थियो।

ती व्यवस्थाअनुसार यदि कुनै व्यक्तिले आफ्नो ऋण तिर्न नसकेर अप्ठ्यारोमा परेको बेलामा उसको नातेदार उसको उद्धारकर्ता बन्नुपर्थ्यो। ऋणमा डुबेको आफ्नो नातेदारको निम्ति त्यस उद्धार गर्ने व्यक्तिले ऋण वा दण्ड तिरिदिनुपर्थ्यो। उदाहरणको लागि, यदि कुनै व्यक्तिलाई दासत्वमा बेचियो भने उद्धारकर्ताले त्यसलाई किनेर बन्धनबाट छुटाउनु पर्थ्यो। यदि कुनै व्यक्ति गरीब भएर उसले आफ्ना पुर्खाको जग्गा बेच्नुपर्‍यो भने, उसको नजीकको नातेदारले त्यो जग्गा आफ्नै परिवारमा राख्नको लागि

किन्नुपर्थ्यो। उद्धार गर्ने व्यक्ति परिवारसँग नजीकतामा भएका र परिवारलाई छुटकारा र स्वतन्त्रता ल्याउने जिम्मेवारी भएका व्यक्ति हुन्थे।

यशैयाले परमेश्वरलाई उद्धारकर्ताको रूपमा बताउँदा यो अर्थ दिएका थिए कि, परमेश्वरले मानिससँगको आफ्नो प्रतिज्ञा कायम राख्नुहुनेछ र जसरी पारिवारिक नियमले नातेदारहरूलाई एक अर्कासँग बाँधेको हुन्छ त्यसैगरी परमेश्वर पनि मानिसहरूसँगको सम्बन्धमा बाँधिनुभएको छ। उनले यी पनि अर्थ दिएका थिए कि मानिसहरूलाई पापको बन्धनबाट छुटकारा दिनको लागि जतिसुकै ठूलो मूल्य तिर्न पनि परमेश्वर तयार हुनुभएको थियो। तिनीहरूले तिर्नुपर्ने पापको दण्ड उहाँले तिर्नुहुनेछ। उहाँले तिनीहरूलाई बन्धनबाट उद्धार गर्नुहुनेछ।

उद्धार पाउनु आवश्यक छ भनी मानव जातिलाई बुझाउनको निम्ति परमेश्वरले पशु बलिदानको विधि प्रयोग गर्नुभयो। हामीले अध्ययन गरेका पाठहरूमा हामीले भेट्टाईसकेका छौं कि पापलाई दण्ड दिइनैपर्छ। परमेश्वर पवित्र र न्यायी हुनुभएको हुनाले उहाँले पापलाई सहनसक्नुहुन्न। तर आफ्नो प्रेम र कृपाको कारणले उहाँले उद्धारको योजना उपलब्ध गरिदिनुभयो। जब परमेश्वरका मानिसहरूले आ-आफ्ना पापबाट पश्चाताप गरी उहाँसँग क्षमा मागे तब ऋण तिरिएको चिन्हको रूपमा परमेश्वरले पशु बलिदानलाई ग्रहण गर्नुभयो। प्रायजसो समय निष्कलंक र निर्दोष थुमालाई बलिदान गरिन्थ्यो। यसले मानिसको पापलाई लिन्थ्यो र यसको रगतले चाहिँ पापबाट शुद्ध भएको चिन्हको सम्बोधन गर्थ्यो। जब कुनै पनि पशुले चिन्हात्मक रूपमा एक व्यक्तिको पाप उठाउँथ्यो, यसले पाप कस्तो डरलाग्दो कुरा हो भनी नमूनित गर्थ्यो। मानिसहरू आफूले आफूलाई पापबाट छुटकारा गर्नसक्तैनन् भनी यस विधिले मानिसहरूलाई बुझाउँथ्यो। तिनीहरूलाई उद्धारकर्ताको खाँचो पर्थ्यो।

परमेश्वरले आफ्ना अगमवक्ताहरूको सन्देशद्वारा सिकाउन थाल्नुभयो, कि पशु बलिदान केही समयको लागि गरिने चिन्हात्मक बलिदान मात्र थियो। अब्राहामको छोरालाई खुकुरीको धारबाट उद्धार गर्न परमेश्वर आफैले कसरी बलिदान उपलब्ध गरिदिनुभयो, सो याद गर्नुहोस्। अवश्यनै, यो बड़ो आश्चर्यपूर्ण बलिदान थियो। सबै मानवजातिलाई उद्धार गर्नको निम्ति उपलब्ध हुने एक मात्र साँचो महान् बलिदानको यो एक सुन्दर छायाँ मात्र थियो। त्यस सिद्ध बलिदान अर्थात् उद्धारकर्ता मानव जातिलाई दिइएको प्रकाशको रूपमा एक दिन मानिसहरूका बीचमा प्रकट हुनुहुनेछ। समयको शुरू देखिनै परमेश्वरलाई थाह थियो कि आफ्ना मानिसहरूका लागि उहाँले आफैलाई साँचो उद्धारकर्ताको रूपमा प्रकट गर्नुहुनेछ। यशैयाको ओठबाट निस्केको सुभसमाचार पनि यहीनैं थियो। यशैयाले यस डरलाग्दो रहस्यलाई गहिरो रूपले बुझेका त थिएनन्, तर उनले प्रतिज्ञा र सान्त्वनाको सन्देशलाई विश्वासयोग्यसाथ यसो भन्दै बताएका थिएः "एकैसाथ आनन्दको भजन गाओ, किनकि परमप्रभुले आफ्ना मानिसलाई उद्धार गर्नुभएको छ। सबै पृथ्वीले परमेश्वरको उद्धारलाई देख्नेछ।"

यशैयाले अगमवाणी गरेका थिए कि, परमेश्वरले अर्को कुनै सन्देशवाहकलाई पठाएर उद्धारकर्तालाई चिनाउनुहुनेछ। यी व्यक्ति उद्घोषक हुनेछन्। "परमप्रभुको निम्ति बाटो सीधा पार" भनी जङ्गलमा कराउने आवाज उनी हुनेछन्। आउनुहुने ख्रीष्टको निम्ति उनले हृदयहरू तयार पार्नेछन्।

## तपाईंको अभ्यासको निम्ति

तल दिइएका प्रश्नहरूका सबैभन्दा ठीक उत्तर छान्नुहोस्ः

६ एक व्यक्तिलाई कहिले उद्धारकर्ताको खाँचो पर्छ?

**क**) जब उसमा धेरै ऋण हुन्छ।

**ख**) जब उसले आफ्नो ऋण तिर्न सक्तैन।

७ एक उद्धारकर्ता यो हो जसले

**क**) ऋण तिर्नबाट मानिसहरूलाई माफी दिन्छ।

**ख**) अरूहरूले लिएको ऋण तिरिदिन्छ।

८ पशु बलिदानको उद्देश्य के हो?

**क**) पापबाट छुटकाराको नमूनित गर्नु।

**ख**) धार्मिक विधि उपलब्ध गरिदिनु।

परमेश्वरले यशैयालाई भन्नुभयो सबै मानवजातिले यो कुरा थाह पाएको उहाँ चाहनुहुन्छ कि उहाँले आफ्ना मानिसहरूको उद्धार उपलब्ध गरिदिनुहुन्छ। यसैले उद्धारकर्ता, उहाँको चरित्र र कामहरू सम्बन्धी बताउने धेरै वचनहरू प्राप्त गर्नको लागि उहाँले अगमवक्तालाई अनुमति दिनुभयो।

यशैयाले यस्तो समयमा दर्शन पाएका थिए, जहाँ अँध्यारोमा हिँड्ने मानिसहरूले ज्योति देख्नसक्थे। आफ्ना मानिसहरूसँग भएको परमेश्वरको रहस्यपूर्ण सम्बन्ध विस्तारै स्पष्ट हुनलागेको थियो। बिहानको सूर्यको किरणमा प्रकृति देखिएझैं परमेश्वरको योजना र इच्छा पनि प्रकट हुनथाल्यो। परमेश्वरले अब्राहाम, मोशा र दाऊदसँग बाँध्नुभएको प्रतिज्ञालाई नयाँ प्रकारले पूरा गर्न

चाहनुभएको थियो। निराशको छायाँमा पर्खिरहने मानिसहरूका लागि आशाको ज्योति आउनलागेको थियो।

ज्योतिको यस नयाँ समय कन्याबाट जन्मनुभएको बालकमा शुरू हुन्छ भनी यशैयाले देखेका थिए। बालकलाई उदेकको सल्लाहकार, शक्तिशाली, अनन्त र शान्तिका राजकुमार भनिनेछ।

कुनै कुनै अगमवाणीहरूमा दासको रूपमा प्रकट हुनभएको उद्धारकर्ता साधारण किसिमले प्रकट हुनुहुनेछ। उहाँलाई महान् राजाको रूपमा होइन, तर एक नम्र बालक र इन्कार गरिएको अगुवाको रूपमा प्रस्तुत गरिनेछ। उहाँको बारेमा यशैयाले बताएका केही कुराहरूलाई अब हामी विचार गरौं।

उहाँलाई मानिसहरूले हेलाँ र इन्कार गरे। उहाँले दुःख र कष्ट सहनुभयो। उहाँमा कुनै विद्रोह वा छल थिएन। उहाँ धर्मी हुनुहुन्थ्यो, तर अरूहरूका पापहरूको मूल्य तिर्नको निम्ति बलिदान हुनलाई पनि उहाँ दोषको बलि हुनुभएको छ। उहाँले अरूहरूका निम्ति दुःख सहनुभयो।

उहाँले सबै मानवजाति, अर्थात् सबैको निम्ति दुःख उठाउनुहुन्छ। यशैयाले भनेका छन् कि उहाँले हाम्रो निम्ति दुःख उठाउनुहुन्छ। तब अगमवक्ताका शब्दहरूद्वारा अचम्मको सत्यता प्रकट हुन्छ। साँचो उद्धारकर्ताले हामीहरू सबैका पापलाई आफैमाथि लिनुहुन्छ। बलिदानको निम्ति थुमा जस्तै पापको दण्ड तिर्नलाई उहाँले हाम्रो सट्टामा दण्ड भोग्नुभयो।

पापपूर्ण मानिसको निम्ति सट्टाको रूपमा सिद्ध र निष्कलंक व्यक्तिले आफैलाई बलिदानको रूपमा अर्पण गर्नुभएको हुनाले मानिस र परमेश्वरको बीचमा मिलाप पुनर्स्थापना गर्न सम्भव भएको छ। हाम्रो निम्ति हेलिँत भएर उहाँले मूल्य तिर्नुभएको छ। यसरी हामीहरूले सित्तैंमा पापको दण्डबाट छुटकारा पाएका छौं। न्यायको फैसला भइसकेको छ। अब हामी स्वतन्त्र छौं।

परमेश्वरको कृपाद्वारा हामीले आत्मिक विश्राम र सुरक्षा पाएका छौं। उहाँले हामीलाई दिनुहुने कुराहरूलाई यदि हामी स्वीकार गर्छौं भने हाम्रा हृदयहरूमा भएका अनिश्चयता र चाहनाहरू निश्चयता र आनन्दमा बदली हुनसक्छन्।

## तपाईंको अभ्यासको निम्ति

६ वाक्यहरू पूरा गर्नलाई खाली ठाउँहरू भर्नुहोस्।

यशैयाले दासको बारेमा दिएको वर्णनले हामी उहाँबाट के आशा गर्नसक्छौं सो बुझ्न हामीलाई सहायता पुग्छ। उदाहरणको लागि, हामीले उहाँको अगुवाइको आशा गर्नसक्छौं किनकि उहाँलाई उदेकको सल्लाहकार भनिन्छ।

**क**) हामी उहाँको शक्ति पाउने आशा राख्नसक्छौं किनभने उहाँलाई ................................................ भनिन्छ।

**ख**) उहाँले हाम्रा वेदना बुझिदिन सक्नुहुन्छ भनी हामी आशा राख्छौं किनकि उहाँलाई ................................ ................................ भनिन्छ।

**ग**) उहाँले हाम्रा पापबाट उद्धार गर्नसक्नुहुन्छ भनी हामी आशा राख्नसक्छौं, किनकि उहाँ ................................ ...................................... इच्छुक हुनुभयो।

साँचो उद्धारकर्ताको बारेमा बताएर, मानिसहरूले उहाँबाट छुटकाराको आशा गर्नसक्छन् भनी तिनीहरूलाई त्यस विषयमा बुझाएपछि, यशैयाले मानिसहरूलाई ठूलो निमन्त्रणा दिएका छन्। "हे सबै तिर्खाउने हो, पानीनेर आऊ।" उनले तिनीहरूलाई

बताए कि, दिइएको उद्धारलाई व्यक्तिगत रूपमा ग्रहण गर्ने जिम्मेवारी तिनीहरूमानै छ।

उनले यसो भन्दै उखानमा पनि बताए कि जसरी तिर्खाएका मानिसहरू पानी लिन, भोकाएका मानिसहरू रोटी किन्न जान्छन्, त्यसैगरी परमेश्वरबाट हामीले पाउनुपर्ने कुरा खोज्न र प्राप्त गर्नलाई हामीहरू पनि सक्रिय हुनुपर्छ। हामीलाई थाह छ कि शरीरलाई पानी र खाना चाहिन्छ, तर हामीभित्र अर्को तिर्खा वा अर्को भोक छ। यशैयाले भनेः

जबसम्म परमप्रभुलाई पाउन सक्छौ उहाँलाई खोज
उहाँ नजीक हुनुहुँदा नै उहाँलाई भेट।
दुष्टले आफ्नो बाटो
र अधर्मीले आफ्नो विचार त्यागोस्
र परमप्रभुतिर फर्कोस्,
र उहाँले त्यसमाथि कृपा गर्नुहुनेछ।
हाम्रा परमेश्वरतर्फ त्यो फर्कोस्,
र उहाँले त्यसलाई सित्तैंमा क्षमा गर्नुहुनेछ।

यस महान् निमन्त्रणापछि, अगमवक्ताले अर्को सुन्दर प्रतिज्ञालाई थप्छन्ः

तिमीहरू आनन्दसाथ जानेछौ,
र शान्तिमा डोराइनेछौ।

## तपाईंका उत्तरहरूको जाँच गर्नुहोस्

६ क) शक्तिशाली

ख) वेदनाको व्यक्ति

**ग)** हाम्रो निम्ति बलिदान हुन

१ **क)** परमेश्वर **घ)** सन्देशवाहक

**ख)** पवित्रता **ङ)** न्याय

**ग)** पाप **च)** उद्धार

८ **क)** पापबाट छुटकाराको नमूनित गर्नु

२ सबै ठीक

७ **ख)** अरूहरूले लिएको ऋण तिरिदिन्छ

३ यदि तपाईं कण्ठ गर्न चाहनुहुन्छ भने यशैयाका शब्दहरूलाई दोहोऱ्याउनुहोस्।

६ **ख)** जब उसले आफ्नो ऋण तिर्नसक्तैन।

४ **क)** पापी र दुष्टहरू, परमप्रभुलाई त्याग्नेहरू

**ख)** पानी विनाको बगैंचा

**ग)** तिनीहरूका हृदय भने मबाट टाढ़ा राखेका छन्।

५ **क)** तिनीहरूले नवीन सामर्थ्य पाउनेछन्
तिनीहरू उँभो उँभो उड्नेछन्
दगुरेर पनि थाक्ने छैनन्
तिनीहरू हिँड्र जान्छन् र बेहोश हुनेछैनन्

**ख)** म तँलाई सहायता गर्नेछु।
मैले तँलाई उद्धार गरें।
मैले तँलाई नाम काड़ेर बोलाएको छु।
तँ मेरै होस्।

# पाठ ७

# बप्तिस्मा दिने योआनेस – उनले सिद्ध बलिदानको घोषणा गरे

बिउँझ! उठ! सुन!

परमेश्वरबाट तर्केर जानेहरूमाथि क्रोध, बदला र दण्ड आउँदैछ। पश्चात्ताप गर! पश्चात्ताप गर! आ-आफ्ना हृदय परमेश्वरमा फर्काओ!

मानिसहरूले विभिन्न अगमवक्ताहरूबाट यस्ता खालका चेताउनीहरू सुनेकै थिए। र पनि फेरि यस्ता वचनहरू बोल्दै, यर्दन नदीको किनारमा प्रचार गर्न एक जना खड़ा भए। यी अगमवक्ताले मानिसहरूलाई पश्चात्ताप गर्न, तिनीहरूका जीवनमा

परमेश्वरको योजनालाई ग्रहण गर्न, र निष्कपटतासाथ उहाँको सेवा गर्नको लागि चेताउनी दिएका थिए।

यशैया जस्तै राजाहरूका उपस्थितिमा हिड्ने मानिस थिनी थिएनन्। उनी उजाड़स्थानमा रहने, छालाको लुगा लगाउने र साधारण शब्दहरूमा बोल्ने मानिस थिए।

किन गाउँ र शहरहरूबाट भीड़का भीड़ मानिसहरू नदीको किनारमा उभिएर उनले भनेका कुरा सुन्दै थिए? यस व्यक्तिले तिनीहरूलाई पश्चात्तापमा बोलाउँदा तिनीहरूमध्ये कतिले आफ्नो भित्र हृदयमा त्यस खाँचोको महसूस गरेका थिए। इतिहासमा यो विशेष समय हो भन्ने कुरा त तिनीहरूले बुझेकै थिएनन्। रपनि तिनीहरूले आफ्नो हृदयमा भोक र तिर्खाको अनुभव गरेका थिए। प्रतिज्ञा गरिनुभएको मसीह, अभिषिक्त जन र आउनुहुने उद्धारकर्ताको बारेमा बोलिएको समाचार तिनीहरूले सुने। यी अनौठा अगमवक्ता, बप्तिस्मा दिने योआनेसले के भन्ने हुन्? किन तिनीहरूले उनका कुरा सुन्नु पर्छ?

**यस पाठमा तपाईंले यी कुराहरूको अध्ययन गर्नुहुनेछ ...**

किन हामीले बप्तिस्मा दिने योआनेसबाट सुन्नुपर्छ?
उनले हामीकहाँ कस्तो सन्देश ल्याए?
यो साँचो हो भन्ने कुरामा हामी कसरी निश्चित हुनसक्छौं?

**यस पाठले तपाईंलाई यी कुराहरूमा सहायता पुऱ्याउनेछ ...**

* परमेश्वरको योजनामा बप्तिस्मादिने योआनेसको स्थानलाई बर्णन गर्न
* 'परमेश्वरको थुमा' भनेको के हो सो व्याख्या गर्न
* अगमवाणी कसरी पूरा भयो सो वर्णन गर्न
* येशूको बारेमा अझ धेरै सिक्ने इच्छा गर्न

## किन हामीले बप्तिस्मादिने योआनेसबाट सुन्नुपर्छ?

यशैयाले अगमवाणी गरेका थिए कि साँचो उद्धारकर्ताको आगमनको घोषणा गर्नलाई उजाड़स्थानमा कराउनेको आवाजजस्तै परमेश्वरले कोही व्यक्तिलाई पठाउनुहुनेछ। बप्तिस्मादिने योआनेस त्यही आवाज थिए। यी महान् अगमवक्ता बड़ो अचम्म प्रकारले बृद्ध भइसकेका बाबु जकरिया र वृद्धा भइसकेकी आमा इलिशिवाबाट जन्मेका थिए। तिनीहरूको छोरा जन्मनेछ भनी स्वर्गदूतद्वारा परमेश्वरले तिनीहरूलाई बताउनुभयो। तिनीहरूले उनको नाम योआनेस राख्नुपर्नेछ र उनको काम धेरै मानिसहरूका निम्ति महत्वपूर्ण हुनेछ भनी स्वर्गदूतले बताए। उनको काम परमेश्वरको प्रकटको निम्ति तयार पार्नुथियो। परमेश्वरको प्रकाश प्राप्त गर्नको लागि मानिसहरूका हृदयलाई तयारी गर्नुथियो।

स्वर्गदूतले घोषणा गरेझैं योआनेसको जन्म भयो। उनी बढ्दै जाँदा उनका बाबु आमाले उनलाई गम्भीर, विश्वासयोग्य र परमेश्वरको आज्ञाकारी दास हुनको निम्ति सिकाए। आफ्नो शुरूकै जीवनमा उनले थाह पाए कि परमेश्वरले उनलाई विशेष किसिमले प्रयोग गर्नुहुनेछ। उनले खड़ा भएर मानिसहरूलाई चेताउनी दिने बोलावटलाई ग्रहण गरे। आफ्नो सेवाको समय आउनुभन्दा पहिले उनी चूपचाप भएर उजाड़स्थानमा रहेका थिए। उनले गाउँको साधारण खानेकुरा खाए, प्रार्थना र परमेश्वरको वचनको पढ़ाइमा समय बिताए, र हर प्रकारले परमेश्वरमा समर्पित भएर रहे।

नदीको किनारमा गएर परमेश्वरको वचनअनुसार उनले प्रचार गर्न शुरू गरे। उनको जीवन परमेश्वरमा समर्पित थियो र उनको सन्देश चाहिँ स्पष्ट र चुनौतिपूर्ण थियो। र उनको सन्देशप्रति धेरै जना आकर्षित भए। तिनीहरूले भने, "आओ,

तिनका कुरा सुनौं। तिनले के भन्दैछन् ध्यान दिएर सुनौं। आउनुहुने मसीह यिनीनै हुन् कि।''

धेरै मानिसहरूले धर्मलाई परम्पराको रूपमा मात्र स्वीकार गरेका थिए। रीतिरिवाज सम्बन्धी प्रश्न गर्न तिनीहरू स्वतन्त्र थिए। तर पनि तिनीहरू साँचो रूपमा तृप्त थिएनन्। तिनीहरूको हृदयभित्र एक किसिमको मरूभूमि जस्तो थियो। तिनीहरूको आफ्नो जीवनले परमेश्वरलाई खुशी पारेको छैन भनी थाह पाएपछि, तिनीहरूले आफूभित्र भएको दोषको अनुभव गरे। योआनेसको सन्देशले तिनीहरूलाई बेहोल बनायो।

कोही कोही अगुवाहरूले सोधे, ''तिमी को हौ? के हामीले आशा गरिराखेका मसीह तिमीनै हौ त? के तिमी पुनरूत्थान भएको अगमवक्ता हौ त?''

योआनेसले नम्र भएर जवाफ दिए ''तिमीहरूले भनेको व्यक्ति म हुँदै होइन। *'परमप्रभुको निम्ति सीधा बाटो बनाओ!'* भनी उजाड़स्थानमा कराउने आवाज मात्र म हुँ। ख्रीष्टको जुत्ताको तुना बाँध्ने योग्यको पनि म छैन।''

## तपाईंको अभ्यासको निम्ति

१ प्रत्येक **ठीक** बयानको अगाड़िको अक्षरमा घेरा लगाउनुहोस्। यदि बयान **बेठीक** छ भने त्यसलाई ठीक बनाई तल दिइएको खाली ठाउँमा लेख्नुहोस्।

**क**) योआनेसको जन्मको बारेमा स्वर्गदूतले भविष्यवाणी गरेका थिए।

ख) उठेर मानिसहरूलाई चेताउनी दिनको निम्ति उनलाई बोलाइएको थियो।

ग) सबै प्रकारले हेर्दा उनको जीवन साधारण र शुद्ध थियो।

घ) आफूनै ख्रीष्ट हुँ भनी उनलाई विश्वास थियो।

ङ) आफ्नो परम्परावादी धर्ममा उनी खुशी र तृप्त थिए।

...........................................................................

...........................................................................

...........................................................................

...........................................................................

बप्तिस्मा दिने योआनेसको कामलाई स्पष्टरूपले बुझ्नका लागि, हामीले यहाँ केही समय अड़िएर हाम्रो मनमा यो अभ्यास गर्नु आवश्यक छ। हामीले सबै अगमवक्ताहरूबाट सुनेका कुराहरूलाई अब हामी विचार गरौं।

नोआका अनुभवहरूबाट हामीले सिकिसकेका छौं कि मानिसको पापपूर्ण अवस्थाले परमेश्वरको हृदयलाई दुःखित तुल्याउँछ र यसले मानिसमाथि धार्मिक न्याय ल्याउँछ। हामीले सिक्यौं कि जसरी मानिसहरूले आफैलाई जलप्रलयबाट बचाउन सकेनन् त्यसै गरी आउने न्यायबाट पनि तिनीहरू आफैले आफैलाई बचाउनसक्तैनन्। र पनि परमेश्वरले आफ्नो प्रेम र सरोकारमा आफ्नो सृष्टिको निम्ति उद्धारको बाटो उपलब्ध गरिदिनुभएको छ।

हामीले अब्राहामका अनुभवहरूबाट सिक्यौं कि परमेश्वरले आज्ञाकारिता चाहनुहुन्छ। हामीले बलिदानको अर्थलाई गहिरो किसिमले बुझ्यौं। हामीले यो पनि थाह पायौं कि अब्राहामको छोराको सट्टामा परमेश्वर आफैले उत्तम बलिदान उपलब्ध गरिदिनुभएको थियो।

परमेश्वरले आफ्ना मानिसहरूलाई छुटकारा र अगुवाइ गर्नको निम्ति आफूले बनाउनुभएको योजनालाई महान् अगमवक्ता मोशाद्वारा बताउनुभयो भन्ने कुरा हामीले सिकिसकेका छौं। मोशाले सबै मानिसहरूलाई बताए कि प्रत्येक घरमा एउटा थुमा मारिनुपर्नेछ र त्यसको रगत हरेक ढोकामा छर्कनुपर्नेछ। बन्धनबाट छुटकारा पाउनको लागि बलिदानको आवश्यकता पर्छ भनी यस उदाहरणले बताउँछ। पछि गएर, मोशाले परमेश्वरबाट आराधना र बलिदान सम्बन्धी पूरै नियमहरू प्राप्त गरे। यसरी सबैले पापको स्वभावको बारेमा बुझ्नसक्ने भए र परमेश्वरले मोशाद्वारा आफ्नो वचनको महत्वलाई स्थापित गर्नुभयो। वचनको पढ़ाइबाटनै सबै सत्यतालाई हामीले लगातार रूपमा सिक्नसक्छौं।

अगमवक्ता दाऊदले हामीलाई दोष, पश्चात्ताप र बलिदानको बारेमा अझै धेरै कुरा सिकाएका छन्। उनीबाट हामीले यो विशेष सन्देश पाएका छौं कि परमेश्वरले जनावरहरूको रगतभन्दा अझ धेरै कुरा मानिसहरूबाट चाहनुहुन्छ।

दाऊदले पश्चात्तापी हृदयबाट यसो भनी प्रार्थना गरे, "होमबलिमा तपाईं प्रसन्न हुनुहुन्न, तपाईंले चाहनुभएको बलिदान चूर्ण र पूरा पश्चातापी हृदय हो।'' यसरी दाऊदले आफ्ना पापहरूको स्वीकार गरी परमेश्वरको क्षमाको निम्ति विन्ती गर्दै आफैलाई परमेश्वरको कृपामा सुम्पेका छन्।

अन्त्यमा, यसभन्दा पहिलेको पाठमा यशैयाको सन्देशबाट हामीले थाह पाएका छौं कि कुनै पनि धार्मिक कार्य वा निष्कपट पश्चात्तापले पनि हामीलाई हाम्रो पापबाट शुद्ध पार्नसक्तैन। यशैयाले हामीलाई पूरै सत्यता प्रकट गरिदिएका छन्। सत्यताचाहिँ यही होः ''बलिदान आवश्यक छ, तर पशुहरूको रगतले पुग्दैन। यसभन्दा पहिलेका पाठहरूमा हामीले सिकिसकेका छौं कि आउने दिनमा परमेश्वरले पठाउनुहुने सिद्ध बलिदान अर्थात्

उद्धारकर्ताको बारेमा मानिसहरूलाई याद दिनको लागि नै पशुहरूका बलिदानहरू एक नमूनाको रूपमा दिइएको थियो। यही उद्धारकर्तालेनै सबै मानवजातिका पापहरूको निम्ति कष्ट भोग्नुहुनेछ भनी उल्लेख गरिएको थियो। यसबाटनै हरेक व्यक्तिले परमेश्वरको क्षमा र कृपा प्राप्त गर्न सक्छ। यद्यपि, यशैयाले हामीलाई यो कुरा बताएका छन् कि परमेश्वरले उपलब्ध गरिदिनुभएको बलिदानलाई तिनीहरूले आफ्नै इच्छाअनुसार पश्चात्ताप र ग्रहण गर्नु आवश्यक छ। परमेश्वरले कसैमाथि पनि जवरजस्ती गर्नुहुन्न। मानिसहरूले आफ्नो स्वइच्छासाथ, प्रेमलेनै परमेश्वर र उहाँको प्रबन्धलाई ग्रहण गरेको उहाँ चाहनुहुन्छ।

यशैयाको त्यस महान् निमन्त्रणालाई सम्झनुहोस्। हुनसक्छ तपाईंले यसबाट उद्धृत गर्नसक्नुहुन्छ होलाः

जबसम्म परमप्रभुलाई पाउन सक्छौ उहाँलाई खोज ...
दुष्टले आफ्नो बाटो त्यागोस् ...
र परमप्रभुतिर फर्कोस्,
    र उहाँले त्यसमाथि कृपा गर्नुहुनेछ।
हाम्रा परमेश्वरतर्फ त्यो फर्कोस्,
    र उहाँले त्यसलाई सित्तैंमा क्षमा गर्नुहुनेछ।

यी वचनहरू बोल्नको निम्ति परमेश्वरले यशैयालाई प्रेरणा दिनुभएको थियो। यसबाट हामी देख्छौं कि आफ्ना पापहरूबाट क्षमा पाउने मौका छ भनी मानिसहरूले जानून् भन्ने परमेश्वरको इच्छा थियो। साँचो उद्धारकर्ता पठाउँछु भनी उहाँले तिनीहरूसँग प्रतिज्ञा गर्नुभएको हुनाले, उद्धारकर्ता प्रकट हुनुहुँदा उहाँलाई चिन्ने उपाय पनि उहाँले बताईदिनुभयो। त्यसैलेनै बाटोलाई सीधा र सफा पार्नको लागिनै उहाँले बप्तिस्मा दिने योआनेसलाई पठाउनुभयो।

योआनेसले बोलेका वचनहरू यशैयाले बोलेका वचनहरूजस्तै थिए भनी हामीले देख्यौं। क्षमा पाउनको निम्ति आफ्नो दुष्टताबाट भाग्नु, पश्चात्ताप गर्नु र परमेश्वरमा फर्कनु पर्छ भनी उनले मानिसहरूलाई चेताउनी दिए। योआनेसको काम उनीभन्दा अघाड़िका सबै अगमवक्ताहरूका काम र वचनहरूलाई चरमसीमामा ल्याउनु थियो। सबै अगमवाणीहरूलाई पूरा गर्न आउनुभएका व्यक्तिलाई परिचित गराई उनले यो कार्य गरेका थिए। यसैले योआनेसलाई अगमवाणीहरूलाई निश्चित तुल्याउने अगमवक्ता पनि भनिन्छ। उनी कसरी परमेश्वरको योजनामा सम्मिलित भएका छन् र उनका वचनहरूलाई हामीले कति धेरै ध्यान दिनुपर्छ भन्ने कुरा पनि हामीले देख्यौं।

## तपाईंको अभ्यासको निम्ति

**२** तपाईंले प्रत्येक अगमवक्ताबाट धेरै कुरा सिकिसक्नुभएको छ। यी प्रत्येकले हामीलाई विशेष सत्यता पनि देखाएका छन्। यी सत्यताहरू मध्ये कुनै कुनैलाई तल दिइएको सूचीमा उल्लेख गरिएको छ। अगमवक्ताको जीवन र वचनसँग सम्बन्धित सत्यतालाई प्रदर्शित गर्ने बयानको अङ्कलाई दिइएको खाली ठाउँमा लेख्नुहोस्ः

| | |
|---|---|
| १) नोआ | ५) दाऊद |
| २) अब्राहाम | ६) यशैया |
| ३) योसेफ | ७) बप्तिस्मा दिने योआनेस |
| ४) मोशा | |

**क**) पापले मानवजातिमाथि डरलाग्दो दण्ड ल्याउँछ।

**ख**) परमेश्वरले हामीलाई अगुवाइ गर्नको निम्ति आफ्नो लिखित वचन दिनुभयो।

**ग**) परमेश्वरले हामीलाई जसरी अगुवाइ गर्नुभएको छ सो कुरा हामीले बुझ्न नसके पनि हामीले उहाँको आज्ञापालन गर्नैपर्छ।

**घ**) परमेश्वरले सिद्ध उद्धारकर्ताको प्रतिज्ञा गर्नुभयो।

**ङ**) परमेश्वरले धार्मिक रीतिथितिभन्दा चूर्ण हृदय मनपराउनुहुन्छ।

**च**) धेरै अगमवाणीहरूलाई पूरा गर्न मसीह आउनुहुन्छ।

**३** तल दिइएका बयानहरू बप्तिस्मा दिने योआनेसको विषयमा लेखिएका छन्। उनले गरेका विशेष कामको वर्णन गर्ने वाक्यको अगाड़िको अक्षरमा घेरा लगाउनुहोस्।

**क**) दुष्ट जीवन जिउनेहरूमाथि परमेश्वरले दण्ड पठाउनुहुन्छ भनी उनले मानिसहरूलाई चेताउनी दिए।

**ख**) उनले अरू अगमवक्ताहरूका वचनलाई सारांशित र निश्चित तुल्याई ख्रीष्टलाई परिचित गराए।

**ग**) उनी आफैले आफैलाई शुद्ध र निर्दोष राखी परमेश्वरमा पूर्ण समर्पित भई साधारण जीवनमा जिए।

## उनले हामीकहाँ कस्तो सन्देश ल्याए?

योआनेसले आउने क्रोधको बारेमा बताए। उनले यसो भन्दै जोड़तोड़का साथ प्रचार गरे, "तिमीहरूका परम्पराहरूमा भरोसा नगर। कुनै विशेष परिवार वा धर्ममा जन्मेको कारणले तिमीहरू सुरक्षित छौ भन्ने घमण्ड नगर!" यी चेताउनीका

वचनहरू थिए। आफ्नो सन्देशको महत्वपूर्णता मानिसहरूलाई बुझाउनको निम्ति उनले नाटकीय भाषा प्रयोग गरेका छन्। परमेश्वरको न्यायलाई उनले रूख काट्ने बञ्चरोसँग तुलना गरी बताएका छन्।

"असल फल नफलाउने हरेक रूखलाई काटिनेछ र त्यसलाई आगोमा फालिनेछ" भनी उनले चेताउनी दिए।

उनले अन्न चुट्ने खलाको उदाहरण पनि दिएका छन्: "उहाँले आफ्नो खला राम्ररी सफा पार्नुहुनेछ, अनि आफ्नो गहूँ धनसारमा जम्मा गर्नुहुनेछ, तर भूसचाहिँ ननिभ्ने आगोमा जलाउनुहुनेछ।"

यी चेताउनीहरूको उद्देश्य मानिसहरूलाई पश्चात्तापमा ल्याउनु थियो। उनले भने, "पश्चात्ताप गर किनभने परमेश्वरको राज्य नजीकै छ।"

परमेश्वरले आफैलाई तिनीहरूकहाँ नयाँ र सिद्ध प्रकारले प्रकट गर्न चाहनुभएको छ भन्ने कुरा उनले बताए। पश्चात्ताप गर्ने र परमेश्वरसँग एक साँचो र सुन्दर सम्बन्ध स्थापना गर्ने यस मौकालाई मानिसहरूले उपयोग गरून् भनी उनले मानिसहरूसँग विन्ती गरे।

मपछि आउनुहुने मभन्दा महान् हुनुहुन्छ भनी बप्तिस्मा दिने योआनेसले घोषणा गरे। उनको सन्देशको यो भाग सूचनाको रूपमा थियो। यो याद गर्नुहोस् कि मानिसहरूले अब्राहाम, मोशा, यशैया र अरूहरूका अगमवाणीहरूलाई थाह पाएका थिए। अगमवाणीहरू पूरा हुनलाई तिनीहरू पर्खिराखेका थिए। तिनीहरूले उद्धारकर्ता ख्रीष्टलाई हेर्ने इच्छा गरिरहेका थिए। नदीको किनारमा उभिएर योआनेस यसो भन्दै थिए, 'समय आइपुग्यो। तिमीहरूले अब्राहामको प्रशंसा गर्छौ, र

मलाई पनि अगमवक्ता भन्छौ, तर सबै भन्दा महान् चाहिँ तिमीहरूका बीचमा अहिले हुनुहुन्छ।''

मानिसहरूलाई यस्तो खालको सूचना दिनु परमेश्वरको योजनामा महत्वपूर्ण थियो, किनभने मानिसहरूलाई यस्तो घटनाको निम्ति तयारी पार्नु परेको थियो, जसको बारेमा तिनीहरूलाई पहिले थाहै थिएन। योआनेसका वचनहरू वास्तवमा रहस्यपूर्ण जस्ता देखिए। उनले भने, ''मपछि एक जना आउनुहुन्छ, जो मभन्दा अघाड़ि हुनुहुन्छ, किनकि उहाँ मभन्दा **पहिला हुनुहुन्थ्यो**। उहाँ प्रकट होऊन् भनेरनै म आएँ।'' यसको अर्थ के थियो त? उहाँ मभन्दा पछि आउनुहुन्छ तर उहाँ मभन्दा पहिला हुनुहुन्थ्यो। सूचनाको यो सबैभन्दा महत्वपूर्ण भाग हो। योआनेसभन्दा पनि पहिल्यै सधैं अस्तित्वमा हुनुभएको परमेश्वर आफै मसीहद्वारा प्रकट हुन लाग्नुभएको हो कि? किनकि परमेश्वर र उहाँले मात्र मानव जातिलाई उद्धार गर्नसक्नुहुन्छ। रपनि परमेश्वर आत्मा हुनुहुन्छ, कसरी मानिसहरूले उहाँलाई दृश्य रूपमा देख्नसक्लान्, र उहाँ कृपालु र दयालु उद्धारकर्ता हुनुहुन्छ भनी साँचो रूपमा चिन्नसक्लान्?

इतिहासमा एक विशेष समय आएको थियो भनी हामीले भन्नुको अर्थ पनि यही नै हो। सबै अगमवक्ताहरूले सुन्न चाहेको समाचारलाई सुनेर पनि प्रायजसो मानिसहरूले सो बुझेनन् र त्यही खबरलाईनै सबै मानव जातिले पछि गएर **सुसमाचार** भन्नेछन् भन्ने कुरा तिनीहरूले याद पाएका थिएनन्।

तब प्रस्तुतिको वास्तविक समय आइपुग्यो। योआनेसको सन्देशलाई त्यसभन्दा अघाड़िका अगमवक्ताहरूले तयार गरेका थिए। मानिसहरूसँग बोल्दा बोल्दै उनले आफ्नो आँखा उठाएर हेरे र येशू नाम भएका व्यक्तिलाई नदीतर्फ आउँदै गर्नुभएका देखे।

त्यसै वखत स्वर्गबाट एउटा आवाज सुनियो, र येशूनै प्रतिज्ञा गरिनुभएको मसीह हुनुहुन्छ भनी यस आवाजले स्पष्ट पाऱ्यो। उहाँ अहिले शरीरमा प्रकट हुनभएका मुक्तिदाता र संसारको अगाड़ि देखिनुभएका सिद्ध बलिदान हुनुहन्छ।

"संसारका पाप उठाइ लैजानुहुने परमेश्वरका थुमालाई हेर! मैले भनेका व्यक्ति उहाँनै हुनुहुन्छ।" यसो भन्दै योआनेसले नदीको किनारमा भएका मानिसहरूकहाँ र **सुसमाचार** सुन्ने संसारका सबै मानिसहरूकहाँ येशू मसीहलाई प्रस्तुत गरे। योआनेसले मानिसहरूलाई स्पष्टसँग बताइदिए कि उहाँलाईनै प्रतिज्ञाका प्रकाश र उद्धारकर्ताका रूपमा प्रकट गराउनको निम्ति परमेश्वरले उनलाई पठाउनुभएको हो। योआनेसले भने, "मैले देखेको छु र साक्षी दिन्छु कि उहाँ परमेश्वरका साँचो थुमा हुनुहुन्छ।"

योआनेसका वचन सुन्नेहरूमध्ये धेरैले यी कुरा सत्य हुन् भनी आफ्ना हृदयमा मानिलिए। कोही कोही येशू मसीहको पछि लागे र उहाँबाट सिक्नको निम्ति उहाँसँग विन्ती गरे। तिनीहरूले आनन्दसाथ आफ्ना मित्रहरूलाई भन्नथाले: "हामीले मसीहलाई भेट्टाएका छौं!"

## तपाईंको अभ्यासको निम्ति

४ बप्तिस्मा दिने योआनेसको प्रचारबाट उद्धृत गरिएका चारवटा बयानहरू तल दिइएका छन्। त्यस उद्धृतले उनको सन्देशको कुनचाहिँ भागलाई नमूनित गर्छ, त्यस सन्देशको नाम लेख्नुहोस्।

**क**) "परमेश्वरको राज्य नजीकै छ। पश्चात्ताप गर र बप्तिस्मा लेओ!"

..................................................................

**ख**) "असल फल नफलाउने हरेक रूखलाई काटिनेछ"

..................................................................

**ग**) "मभन्दा पछि आउनुहुने उहाँ मभन्दा अघाड़ि हुनुहुन्छ।"

..................................................................

**घ**) "संसारको पाप उठाइलैजानुहुने परमेश्वरका थुमालाई हेर!" ..................................................................

**५** बप्तिस्मा दिने योआनेसका सन्देशहरूबाट तपाईंले आफ्नो निम्ति के सत्यता सिक्नसक्नुहुन्छ? तल दिइएको सूचीलाई पढ्नुहोस् र तपाईंलाई व्यक्तिगत रूपमा महत्वपूर्ण लागेका बयानहरूका अगाड़िको अक्षरमा घेरा लगाउनुहोस्।

**क**) परमेश्वरले आफ्ना दासहरू नम्र र आज्ञाकारी भएको चाहनुहुन्छ।

**ख**) धार्मिक परम्पराहरूले पापहरूका क्षमा गर्दैनन्।

**ग**) परमेश्वरले आफैलाई मसीहद्वारा प्रकट गर्नुभएको छ।

**घ**) **सुसमाचार** म र मेरो परिवारका प्रत्येक व्यक्तिको लागि हो।

## यो सत्य हो भनी हामी कसरी निश्चित हुनसक्छौं

***अगमवाणीबाट प्रमाणहरू***

"परमेश्वरका थुमालाई हेर!" बप्तिस्मा दिने योआनेसले भनेका यी वचनहरूलाई सबैभन्दा पहिले तपाईंले पढ्नुहुँदा कस्तो

विचार गर्नुभयो? के तपाईंले मोशाका शिक्षाहरूलाई सम्झनुभयो? के तपाईंले यशैयाका वचनहरूलाई सम्झनुभयो? नदीको किनारमा उभिएर योआनेसको सन्देशलाई सुन्नेहरू मध्ये धेरैले यस्तै किसिमको अनुभव गरेका थिए। योआनेसले भनेको सन्देश सत्य हो भनी तिनीहरूलाई थाह थियो, किनभने उनले कुनै नयाँ कुरा बताएका थिएनन्। यी असाधारण व्यक्तिका विचार र धारणाहरूलाई तिनीहरूले थाह पाए र तिनीहरूले त्यस्तै वचनहरू अन्य अगमवक्ताहरूबाट पनि घरिघरि सुनेका थिए।

योआनेसले प्रस्तुत गरेका येशू नाम भएका व्यक्तिमा नै धेरै भविष्यवाणीहरू पूरा भएका छन् भन्ने कुरामा मानिसहरूका मनमा कुनै शंका थिएन। यशैयाले बताएका थिए कि मसीह कन्याबाट जन्मनुहुनेछ र उहाँलाई **इम्मानुएल** भनिनेछ, जसको अर्थ हो "परमेश्वर हामीहरूसँग"। दाऊद र यशैयाले उहाँको जीवन र व्यक्तित्वको बारेमा धेरै कुराहरू बताएका छन्।

यद्यपि सबैभन्दा महत्वपूर्ण कुराचाहिँ यो थियो कि येशू मसीहमा बलिदानिक थुमाका सबै नमूनालाई स्पष्ट पारिएको छ। यशैयाले भविष्यवाणी गरेका थिए कि समझको ज्योति पृथ्वीमा चम्केको छ। पापपूर्ण मानव जातिको दण्डलाई आफ्नो रगतद्वारा मूल्य चुकाउन सिद्ध थुमाको रूपमा येशू ख्रीष्टमा परमेश्वर मानव शरीरमा प्रकट हुनभयो। एक पवित्र थुमानै अन्तिम बलिदान हुनभयो। अर्को पाठमा यस विषयमा हामी अझै छलफल गर्नेछौं।

### *येशू मसीहको कामबाट प्रमाण*

हाम्रो अध्ययनमा हामीले यो कुरा पत्ता लगाएका छौं कि अगमवक्ताहरूको जीवन सजिलो र आरामदायी थिएन। परमेश्वरले तिनीहरूलाई गर्नू भनी पठाउनुभएको काम पूरा गर्न तिनीहरूले

धेरै दुःख उठाउनुपऱ्यो। सत्य बोलेको कारणले बप्तिस्मा दिने योआनेसलाई झ्यालखानमा हालिएको थियो! भीड़का भीड़ मानिसहरूले उनको सन्देश सुनेर पश्चात्ताप गरे तापनि, त्यसबेलाका धार्मिक अगुवा र शासकहरूले उनको तिरस्कार गरे। उनको सेवाले भविष्यवाणीहरूलाई पूरा गरेको कुरा प्रायजसो सबैले थाह पाएका भए तापनि तिनीहरूले डाह र रीस गर्ने शासकहरूबाट उनलाई बचाउन सकेनन्।

योआनेस एकलै झ्यालखानमा रहँदा उनी निराश भए। उनी एक नम्र र धर्मी मानिस थिए। जुन काम गर्नको निम्ति परमेश्वरले उनलाई बोलाउनुभएको थियो, त्यसमा उनी विश्वासयोग्य र सफल भएका थिए। रपनि उनी मानव भएका हुनाले हामीहरू सबैमा भएजस्तै उनमा पनि मानविक भावनाहरू थिए। उनले शंका गर्न थाले। "येशू मसीहको बारेमा मैले जे जति विश्वास गरें के त्यो साँचो हो र?" भनी उनले प्रश्न गर्न थाले। उनलाई झ्यालखानमा भेट्न आउने मानिसहरूलाई येशूकहाँ गएर यो प्रश्न सोध्नु भनी पठाए: "आउनुहुने मसीह तपाईंनै हुनुहुन्छ वा हामी अरूहरूको बाटो हेरौं?"

येशू मसीहले जब यो प्रश्न सुन्नुभयो, तब उहाँको हृदय प्रेम र सरोकारले भरियो। उहाँलाई थाह थियो कि यो प्रश्न सत्यता जान्ने साँचो इच्छाबाट आएको थियो। उहाँले छिट्टैनै आवश्यक उत्तर पठाउनुभयो।

सन्देश ल्याउनेहरूलाई उहाँले भन्नुभयो, "तिमीहरू मेरो पछि लागेपछि तिमीहरूले देखेका र सुनेका कुराहरू गएर योआनेसलाई बताइदेओ। अन्धाहरू दृष्टि पाउँछन्, लङ्गड़ाहरू हिंड्छन्, कोरीहरू निको पारिन्छन्, बहिराहरूले सुन्छन् र मरेकाहरू बौरी उठ्छन् भनी गएर योआनेसलाई बताइदेओ। सबैभन्दा महत्वपूर्ण चाहिँ **सुसमाचार** प्रचार गरिएको छ।"

तब हामी देख्छौं कि बप्तिस्मा दिने योआनेसका वचनहरूमा मात्र होइन तर येशू मसीहका काममा पनि भविष्यवाणी पूरा भएको थियो। योआनेसले शंका गरेकोमा येशूले उनलाई गाली गर्नुभएन। उहाँले उपदेशहरू दिएर बहस पनि गर्नुभएन। उहाँले सत्यनै बोलोस् भनी त्यसलाई ठाउँ दिनुभयो। हाम्रा धेरै आफ्नै प्रश्नहरूलाई पनि यसरीनै उत्तर दिनसकिन्छ। यदि हामीले हाम्रा हृदय र मनहरू खोल्यौं, परमेश्वरको वचन पढ्यौं, र अरूहरूका साक्षीलाई सुन्यौं भने, परमेश्वरले हामीलाई सत्यतामा डोऱ्याउनुहुन्छ भन्ने कुराको हामी आशा गर्नसक्छौं।

बप्तिस्मा दिने योआनेसको अनुभवबाट हामी अर्को कुरा पनि सिक्नसक्छौं: शंका गर्नु मानिसहरूको स्वाभाविक गुण हो। प्रश्न सोध्नु हामीहरू सबैको लागि स्वाभाविक कुरा नै हो। धर्मको विषय गम्भीर छ! प्रत्येक व्यक्तिको निम्ति यो धेरै महत्वपूर्ण छ! प्रत्येक आत्माले सत्यताको चाहना गर्छ। सत्यता के हो भन्ने कुरामा हामी निश्चित हुनुपर्छ। योआनेसले कस्तो अनुभव गरे भन्ने कुरा परमेश्वरले बुझ्नुभयो र उहाँले हामीलाई पनि बुझ्नुहुन्छ। उहाँले उत्तरहरू दिनुभयो। दया देखाएर उहाँले योआनेसलाई सत्यताको निश्चयता दिनुभयो। यदि हामीहरूले निष्कपट प्रश्नहरू प्रकट गऱ्यौं भने, उहाँले हामीलाई पनि यसैगरी उत्तर दिनुहुन्छ।

योआनेसलाई पछ्याउनेहरूले लगातार रूपमा येशू मसीहको कामको सम्बन्धमा योआनेसलाई बताउँदै रहे। सबै अगमवाणीहरू उहाँमानै पूरा भईराखेका छन् भन्ने कुरा स्पष्ट भयो। यो स्पष्टै थियो कि येशू मसीहले आफूभित्र हुनुभएका पवित्र आत्माको शक्तिद्वारा आश्चर्य कामहरू गर्नुभयो र परमेश्वरको उद्धारको कृपालु योजना येशू मसीहको व्यक्तित्वद्वारा प्रत्यक्ष रूपमा प्रकट भयो। तब सबै शंकाहरू मेटिए।

बप्तिस्मा दिने योआनेसको सेवाको अन्त्य दुःखलाग्दो भयो किनभने उनलाई झ्यालखानमा मारियो। तर जुन काम गर्नको निम्ति उनी जन्मेका थिए उनले सो काम पूरा गरे। परमेश्वरले उनलाई दिनुभएको कामलाई उनले सिद्ध किसिमले पूरा गरे।

हामीले अर्को पाठमा देख्नेछौं, कि उनले परमेश्वरको रहस्यको प्रकाशको निम्ति बाटो तयार पारेका थिए।
उनले मसीहलाई परिचित गराए।
उनले यसो भन्दै सबै अगमवक्ताहरूका सन्देशलाई निश्चित तुल्याएका थिएः "संसारको पाप उठाइलैजानुहुने परमेश्वरका थुमालाई हेर।"

## तपाईंको अभ्यासको निम्ति

**६** वाक्य पूरा गर्नको लागि तलको खाली ठाउँमा भर्नुहोस्।

**क**) योआनेसको सन्देशको सत्यतालाई समर्थन गर्ने प्रमाण ........................................ वचनहरू र .......... ................................ का कामहरूमा पाइन्छ।

**ख**) योआनेसका चेलाहरूले गएर के बताए?

.................................................................
.................................................................
.................................................................

७ तपाईंको निम्ति यहाँ एउटा प्रार्थना छ। दाऊदका प्रार्थनाहरूबाट यसलाई निर्माण गरिएको छ। एक पल्ट विचारपूर्वक यसलाई पढ्नुहोस्। त्यसपछि तपाईंको आफ्नो हृदयबाट साँचो प्रार्थनाको रूपमा यसलाई फेरि पढ्न सक्नुहुन्छ।

हे परमेश्वर तपाईं महान् र दयालु हुनुहुन्छ। तपाईंको वचनको प्रवेशले ज्योति दिन्छ, यसले साधारण मानिसहरूलाई समझ दिन्छ। तपाईंको वचनअनुसार मेरा पाइलाहरूलाई अगुवाइ गर्नुहोस्। कुनै पापले पनि मलाई शासन गर्न नपाओस्। तपाईंको आफ्नो मुहारलाई आफ्नो दासमाथि चम्काउनुहोस्, र तपाईंका नियमहरू मलाई सिकाउनुहोस्। जिउनको लागि मलाई तपाईंको समझ दिनुहोस्। आमिन

## तपाईंका उत्तरहरूको जाँच गर्नुहोस्

७ विचारपूर्वक प्रार्थनालाई पढ्नुहोस्।

१ क) ठीक

ख) ठीक

ग) ठीक

घ) बेठीक। तपाईंको उत्तर यससँग मिल्नुपर्छः उनी मसीह होइनन् भनी उनले भने। उनी उजाड़स्थानमा कराउने आवाज मात्र थिए। मसीहलाई परिचित गराउन उनी आएका हुन्।

**ङ)** बेठीक। तपाईंका उत्तर यससँग मिल्नुपर्छः मानिसहरू तृप्त थिएनन्। मानिसहरूले आफ्ना हृदयमा दोष र भोकको अनुभव गरे।

६ **क)** अगमवक्ताहरू, येशू

**ख)** अन्धाहरूले देख्छन्, लङ्गड़ाहरु हिँड्छन्, कोरीहरू निको हुन्छन्, मुर्दाहरू बौरी उठ्छन्, **सुसमाचार प्रचार** गरिन्छ।

२ **क** १) नोआ **घ** ६) यशैया

**ख** ४) मोशा **ङ** ५) दाऊद

**ग** २) अब्राहाम **च** ७) बप्तिस्मा दिने योआनेस

५ तपाईंका आफ्नै उत्तरहरू।

३ **ख)** अरू अगमवक्ताहरूका वचनहरूलाई उनले निश्चित तुल्याए र मसीहलाई परिचित गराए।

४ **क)** पश्चात्ताप

**ख)** चेताउनी

**ग)** सूचना

**घ)** प्रस्तुत

पाठ ८

# येशू – उहाँले परमेश्वरलाई मानिसकहाँ प्रकट गर्नुभयो

तपाईं यस पाठ्यक्रमको सबैभन्दा महत्वपूर्ण पाठमा आइपुग्नुभएको छ। प्रत्येक पाठमा सन्देशहरू सुन्ने र परमेश्वरको सेवामा कार्यरत महान् व्यक्तिहरूका जीवनीलाई विचार गर्ने मौका हामीले पाएका थियौं। यी मानिसहरूका शब्दहरू र वचनहरूले तिनीहरूका जीवनको बारेमा बताउँछन्। अगमवक्ता-हरूबाट हामीले सुनिसकेका छौं।

परमेश्वरको स्वभाव, पापको स्वभाव, न्यायको आवश्यकता, हामीप्रतिको परमेश्वरको प्रेम र सरोकार र हाम्रो उद्धारको निम्ति भएको उहाँको योजनाको सम्बन्धमा भएका सत्यताहरूका

बारेमा हामीले सुनिसकेका छौं। महान् व्यक्तिको आगमनको आशा गर्नू भनी सबै अगमवक्ताहरूले भनेका हामीले सुनेका छौं। तिनीहरूले उहाँलाई **मसीह** भनेका छन्।

हामीले सुनेका छौं। प्रश्न यहाँ छ, के हामीले खुला मन र हृदयले उहाँलाई सुनेका छौं? कहिलेकहीँ हामी सुन्छौं, तर हाम्रा मनलाई अरूनै कुराहरूले छोपेको कारणले हामीहरू साँचो गरी ध्यानसित सुन्न सक्तैनौं। यस पाठ्यक्रमको मुख्य उद्देश्य अगमवक्ताहरूबाट आएको सन्देशको अर्थ हाम्रो निम्ति के हुन्छ भनी सुन्न र बुझ्न हामीलाई सहायता पुऱ्याउनु हो। यी पाठहरूका बारेमा हामीले विचार गर्नुपर्छ र हामीले जे सिकेका छौं त्यस अनुसारको व्यवहार गर्नेपर्छ।

एक जना लेखकले पवित्र धर्मशास्त्रमा यसो भनेका छन्ः हामीले सुनेका कुराहरूमा हामीले ध्यान दिएनौं भने हामी यसबाट टाढ़िनेछौं। हामीले सुनेका कुराहरूलाई वेवास्ता गर्नुहुँदैन र बितेको समयमा परमेश्वर धैरै पल्ट विभिन्न किसिमले अगमवक्ताहरूद्वारा हाम्रा पिता पुर्खाहरूसँग बोल्नुभयो। तर अहिले परमेश्वर आफ्नो प्रेमको साँचो प्रकाश प्रकट गर्नुहुने व्यक्तिद्वारा बोल्नुभएको छ। उहाँनै सबै मानव जातिका निम्ति परमेश्वरका वचन हुनुहुन्छ।

परमेश्वरको यस साँचो प्रकाश, जसको बारेमा अगमवक्ताहरूले बताएका थिए, उहाँनै आशा गरिएका मसीह हुनुहुन्छ। जब उहाँ बोल्न लाग्नुभयो, तब उहाँको सन्देश सुन्नेहरू सबै छक्कै परे। "उहाँको सन्देशमा अधिकार छ" भनी तिनीहरूले बताए। यस पाठमा यी व्यक्तिको बारेमा हामी अझै अध्ययन गर्छौं र ती व्यक्तिको नाम येशू हो। उहाँले आफ्ना वचनहरू, कामहरू, र प्रकट भएका सत्यताहरूद्वारा हामीसँग बोल्नुभएको होस्।

**यस पाठमा तपाईंले यी कुराहरूको अध्ययन गर्नुहुनेछ ...**

उहाँको बारेमा अगमवक्ताहरूले बताए
उहाँको सन्देश अधिकारपूर्ण छ
उहाँ बाटो र सत्य हुनुहुन्छ

**यस पाठले तपाईंलाई यी कुराहरूमा सहायता पुऱ्याउनेछ ...**

* अगमवाणीहरूको परिपूर्ति येशू हुनुहुन्छ भन्ने प्रमाणको सूची बनाउन
* येशूका केही आधारभूत शिक्षाहरूको व्याख्या गर्न
* पापरहित बलिदानको किन आवश्यकता थियो, सो व्याख्या गर्न
* परमेश्वरको प्रेमी निमन्त्रणालाई स्वीकार गर्न

## उहाँको बारेमा अगमवक्ताहरूले बताए

"परमप्रभुले यसो भन्नुभएको छः पहाड़मा सुसमाचार ल्याउने र उद्धारको घोषणा गर्नेहरूका खुट्टा कति राम्रा ... मलाई सुन सुन आफ्नो कान थाप र मकहाँ आऊ, मेरा कुरा सुन र तिम्रो आत्मा बाँचोस्।"

यस्तै खालका अरू धेरै वचनहरूलाई परमेश्वरले अगमवक्ता यशैयाको ओठद्वारा पठाउनुभयो र धेरै पहिलेनै प्रतिज्ञा गरिएको थियो कि मानव जातिले सुसमाचार प्राप्त गर्नेछन्। यो **सुसमाचार** केवल एक जाति वा एक धार्मिक समूहको निम्ति होइन तर सारा संसारको निम्ति हुनेछ। हामीले सिकिसकेका छौं कि यो सुसमाचार एक बालकको जन्ममा शुरू हुनुपर्ने थियो। हामीले हेरिसकेका छौं कि यस जन्म, स्वभाव, र अँध्यारोबाट ज्योति ल्याउनुहुने व्यक्तिको कामको सम्बन्धका धेरै वर्णनहरू अगमवक्ताहरूले अघाड़िनै बताइसकेका थिए।

कन्या मरियमले एउटा पुत्रलाई जन्म दिँदा एक रात यहूदियाको बेतलेहेममा यी अगमवाणीहरू पूरा भएका थिए। स्वर्गीय ज्योतिले आकाश भरियो र स्वर्गदूतले यसो भन्दै बालक जन्मको घोषणा गरे, "म तिमीहरूलाई बड़ो आनन्दको **सुसमाचार** सुनाउँछु, जो सबै मानिसहरूका निम्ति हुनेछ। तिमीहरूका निम्ति मुक्तिदाताको जन्म भएको छ र उहाँनै मसीह हुनुहुन्छ।" परमेश्वरले मरियमलाई प्रकट गरिदिनुभयो कि बालकलाई **इम्मानुएल** भनिनेछ, जसको अर्थ हो परमेश्वर हामीसँग। उहाँकै बारेमा अगमवक्ताहरूले बताएकै थिए र उहाँको मानव नाम येशू राखियो, जसको अर्थ हुन्छ, "परमप्रभुको उद्धार।"

जसरी हामीले अगमवक्ताहरूका अनुभवहरू र वचनहरूलाई स्वीकार गऱ्यौं, त्यसैगरी येशू मसीहका वचनहरूलाई स्वीकार गर्नको निम्ति हाम्रा हृदयहरू र मनहरू खोलौं। यस्तो किसिमको अध्ययनमा हामीले भेट्टाउने पहिलो सत्यता यो हो कि उहाँको जीवनका हरेक वर्णन अगमवाणीमा उल्लेख भएको सेवासँग ठीक किसिमले मिलेका छन् र यी कुराहरू कुनै पनि अर्को व्यक्तिमा मिल्दैनन्।

### *येशू मसीहको सम्बन्धमा भएका विशेष अगमवाणीहरूका उदाहरणहरू*

उहाँको वंशावलीः परमेश्वरले हव्वालाई भन्नुभएको वचनबाट शुरू भएर येशू मसीहको वंशावली सबैभन्दा पहिले नोआद्वारा विस्तारित रूपमा भविष्यवाणी भएपछि अब्राहाम र दाऊदद्वारा धेरै ठाउँहरूमा बताइएको छ।

उहाँको जन्मः उहाँ बेतलेहेममा एक कन्या केटीबाट जन्मनुपर्ने थियो। उहाँको जन्मको घटना आश्चर्यचिन्हहरूद्वारा प्रमाणित हुनुपर्ने थियो।

पृथ्वीमा उहाँको जीवनः उहाँ आउनुभन्दा पहिले उहाँलाई परिचित गराउने व्यक्ति प्रकट हुनुपर्ने थियो। उजाड़स्थानमा कराउनेको आवाजले उहाँलाई परिचित गरायो। उहाँलाई राजा र अगमवक्ताको रूपमा स्वीकारिनु पर्ने थियो। उहाँले आश्चर्यकर्महरू गर्नुपर्ने थियो। उहाँ पापरहित जिउनुपर्ने थियो। उहाँलाई पवित्र आत्माको शक्तिले भर्नुपर्ने थियो।

उहाँका विशेषताहरूः उहाँ स्त्रीको सन्तान हुनुपर्ने थियो। परमेश्वर उहाँमा प्रकट हुनुपर्ने थियो। उहाँ दुःख भोग्ने दास भएर प्रेम र उद्धारको सेवामा उहाँले आफैलाई पूर्ण रूपमा दिनुपर्ने थियो। उहाँ उद्धारकर्ता र सिद्ध प्रेम बलिदान हुनुपर्ने थियो र यसरीनै उहाँले पशु बलिहरूको विधिलाई पूरा गर्नुपर्ने थियो।

उहाँको समर्पण र पुनर्स्थापित महिमाः उहाँले आफैलाई प्रेममा नम्र तुल्याएर समर्पित भई विजय र स्वर्गीय महिमामा पुनर्स्थापित हुनुपर्ने थियो। चूपचाप रहेर उहाँले पीड़ा र दुःख सहनुपर्ने थियो। पापबाट मानिसहरूलाई उद्धार गर्नको निम्ति उहाँ परमेश्वरको थुमा र सिद्ध बलिदान हुनुपर्ने थियो। अब्राहामको छोरालाई उद्धार गर्नको लागि जसरी परमेश्वरले बलिदान उपलब्ध गरिदिनुभयो, त्यसैगरी सम्पूर्ण मानव जातिको उद्धारको निम्ति परमेश्वरले मसीहको सिद्ध बलिदान उपलब्ध गरिदिनुभएको छ। मानव जातिको निम्ति परमेश्वरले प्रकट गरिदिनुभएको कृपा उहाँ बन्नुपर्ने थियो। उहाँको विरूद्धमा लगाइएको दोष झूटा र उहाँ निर्दोष हुनुभएको भए तापनि उहाँले अपराधीहरूसँगै कष्ट सहनुपर्ने थियो। उहाँले आफ्नै मित्रद्वारा धोका पाउनुपर्ने थियो र उहाँ सबै-माथि विजयी भएर उहाँले स्वर्गमा अनन्त स्थान प्राप्त गर्नुपर्ने थियो।

येशू मसीहका सम्बन्धमा भएका अगमवाणीहरू महान् अगमवक्ताहरूद्वारा मात्र होइन, तर परमेश्वरका अन्य दासहरूद्वारा पनि हामीले सुनेका छौं।

उदाहरणको लागि, स्वर्गदूतले योसेफलाई भने, "तिनले एउटा छोरा जन्माउनेछिन् र तिमीले उहाँको नाउँ येशू राख्नेछौ, किनभने उहाँले आफ्ना मानिसहरूलाई तिनीहरूका पापबाट उद्धार गर्नुहुनेछ।"

स्वर्गदूतले कन्या मरियमलाई भने, "अब हेर तिमी गर्भवती हुनैछौ, र एउटा छोरो जन्माउनेछौ, र तिमीले उहाँको नाउँ येशू राख्नू। उहाँ महान् हुनुहुनेछ र परमप्रधानका पुत्र कहलाइनुहुनेछ।"

मरियमले भनिन्, "उहाँको कृपा स्मरण गराउनको निम्ति आफ्नो सेवक याकूब (इस्राएल) लाई सहायता दिनुभएको छ र उहाँले हाम्रा पुर्खाहरूलाई भन्नुभएझैं अब्राहाम र उनको वंशलाई सदा सर्वदै सहायता दिनुभएको छ।"

बालक येशूलाई मन्दिरमा ल्याईंदा शिमियोनले उहाँलाई आफ्नो काखमा लिए। परमेश्वरले उनको हृदयमा प्रकट गरिदिनुभएको सत्यतालाई प्रकट गर्दै उनले यसो भने, "परमेश्वरले सबै मानिसहरूका अगाड़ि तयार पार्नुभएको उद्धारलाई मैले मेरो आँखाले देखेको छु।"

परमेश्वरको योजना कति अचम्मको छ! परमेश्वरले अब्राहाम, इसहाक र याकूब (इस्राएल) लाई बोलाउनुभयो र तिनीहरूका सन्तानद्वारा सबै राज्यहरूलाई आशिष् दिने प्रतिज्ञा गर्नुभयो। निश्चयनै तिनीहरू चुनिएका थिए, किनकि यदि हामीले प्रकाशका शिक्षाहरूलाई पालन गऱ्यौं भने, हामीले यो कुरा देख्न सक्छौं कि अब्राहाम, इसहाक र याकूबको वंशबाटनै मानवजातिलाई पापको विनाशबाट छुटकारा गर्ने मसीह आउनुहुनेछ। येशू मसीह जन्मनुहुने पारिवारिक वंशावलीलाई हेर्दा हामीले यस महत्वपूर्ण विषयलाई ध्यानपूर्वक हेर्नुपर्छ कि योसेफलाई येशूका पिता भनिएको छैन। येशू मसीह कन्या मरियमबाट आश्चर्य

प्रकारले जन्मनुभएको थियो। यो रहस्यपूर्ण जन्म मानिसबाटको होइन, यो परमेश्वरको आश्चर्य कर्म हो।

### *अगमवक्ताहरूबाट हामीले सत्यता सुनिसकेका छौं*

प्रशस्तै प्रमाणहरू भएका हुनाले सत्यता खोज्ने विद्वान्हरू र साथसाथै साधारण मानिसहरू पनि भविष्यवाणीहरूको परिपूर्तिबाट प्रभावित भएका छन्। वास्तवमा भन्ने हो भने येशू मसीहको व्यक्तित्व र सेवामा नै सम्पूर्ण अगमवाणीका वचन केन्द्रित छन्। उहाँ विना अगमवक्ताहरूले भनेका कुरामा केही मात्र सत्यता हुनसक्छ। यो स्पष्ट छ कि अब्राहाम, मोशा दाऊद र यशैया जस्ता अगमवक्ताहरूले महत्वपूर्ण कुराहरूका बारेमा हामीलाई बताएका छन्। परमेश्वरका अगमवक्ताले हाम्रो निम्ति सुसमाचार ल्याउँदा, यसलाई स्वीकार गर्न हामी हिचकिचाउनु हुँदैन।

## तपाईंको अभ्यासको निम्ति

**१** **ठीक** बयानको अगाड़िको अक्षरमा घेरा लगाउनुहोस्।

**क**) आउनुहुने उद्धारकर्ताको बारेमा परमेश्वर आफैले पहिल्यै बताउनुभयो।

**ख**) येशू मसीहको व्यक्तित्व र कामलाई उल्लेख गर्ने धेरै भजनहरूलाई लेख्न परमेश्वरले दाऊदलाई प्रेरणा दिनुभयो।

ग) उद्धारको योजनालाई पूरा गर्न आउनुहुने र कष्ट भोग्नुहुने दासको सम्बन्धमा भएका भविष्यवाणीहरू भन्नलाई परमेश्वरले यशैयालाई प्रेरणा दिनुभएको थियो।

घ) परमेश्वरले येशू मसीहको बारेमा भएका सत्यताहरू मरियम, योसेफ र शिमियोनलाई प्रकट गरिदिनुभयो।

## उहाँको सन्देश अधिकारपूर्ण छ

येशू मसीहको बारेमा केही कुरा रहस्यपूर्ण प्रकारले फरक थियो। उहाँ अरू व्यक्तिहरूजस्तै देखिनुभयो। अर्थात् उहाँ बालक भएर जन्मनुभयो, मानवतामा बढ्नुभयो र अरू मानिसहरू जस्तै जिउनु र काम गर्नुभयो। उहाँ शारीरिक रूपमा उहाँभन्दा पहिलेका अगमवक्ताहरूभन्दा फरक देखिनुहुन्नथ्यो। तर उहाँका आत्माले उहाँलाई अतुल्य बनाउनुभएको थियो। परमेश्वरद्वारा सृष्टि गरिएको मानिसको आत्मा जस्तो उहाँका आत्मा हुनुहुन्नथ्यो। परमेश्वर उहाँमा प्रकट हुनुभयो। परमेश्वरका अरू प्रकाशहरू जस्तै, पुस्तकको रूपमा प्रकट हुनुभएको परमेश्वरको वचन उहाँ हुनुहुन्नथ्यो, तर उहाँ छुन, हेर्न र अनुभव गर्न सकिने मानिसको रूपमा प्रकट हुनुभयो। उहाँका शिक्षा, आश्चर्यकर्म र नम्रताद्वारा परमेश्वरको महान् प्रेम प्रकट भएको छ। उहाँभित्र हुनुभएका आत्माले नै परमेश्वरको अधिकारमा बोल्नुभएको थियो।

येशू मसीह बाल्यावस्थाबाट बढ्दै जानुहुँदा मानिसहरूले सामान्य रूपमा अनुभव गर्ने सबै कुराहरूलाई उहाँले पनि अनुभव गर्नुभयो र यसरी उहाँले मानिसहरूका खाँचो र कमजोरीहरूलाई बुझ्नुहुन्छ भनी उहाँले तिनीहरूलाई देखाउनुभयो। तिनीहरूले उहाँमा परमेश्वरको प्रेम र सरोकार देखेका थिए।

यर्दन नदीको किनारमा योआनेसद्वारा परिचित गराईएपछि येशू मसीहले शिक्षा र सत्यताको घोषणा गर्ने काम शुरू गर्नुभयो।

परमेश्वरलाई रिझाउने किसिमले कसरी जिउन सकिन्छ भनी उहाँले मानिसहरूलाई सिकाउनुभयो। परमेश्वरले पापको दण्ड दिनुहुन्छ र उहाँको वचन स्वीकार गर्नेहरूलाई उहाँले उद्धार गर्नुहुन्छ भनी उहाँभन्दा पहिलेका अगमवक्ताहरूले सिकाए जस्तै उहाँले पनि सिकाउनुभयो। येशू मसीहका केही शिक्षाहरूलाई अब हामी छोटकरीमा विचार गरौं। हामीले पत्ता लगाउने छौं कि हामीले अगमवक्ताहरूबाट सुनेका कुराहरूलाई ती शिक्षाहरूले पूर्ण रूपमा परिपूर्ति गरेका छन्।

## *परमेश्वरको वचनको महत्वपूर्णता*

आफ्नो सेवाको शुरूमा येशूले यस्तो खालको समस्याको सामना गर्नुपर्‍यो, जुन समस्या हामी सबैको लागि पनि सामान्य नै छः अर्थात् शैतानले उहाँलाई परीक्षा गर्ने कोशिश गर्‍यो। निश्चयनै शैतानमाथि विजयी हुनसक्ने पूर्ण शक्ति येशू मसीहमा थियो। हामीलाई नमूना देखाउनको निम्ति, उहाँले परमेश्वरको लिखित वचनको अधिकारलाई प्रदर्शित गर्नुभयो। उहाँले भन्नुभयो, "यस्तो लेखिएको छः मानिस रोटीले मात्र होइन तर परमेश्वरको मुखबाट निस्केको हरेक वचनले बाँच्तछ।"

रोटीले शरीरको भोकलाई तृप्त पार्ने हुनाले, हामीले खोजेका संसारका थोकहरूलाई यसले प्रतिनिधित्व गरेको हुन्छ। हामीलाई परमेश्वरबाट टाढ़ा लैजानको निम्ति शैतानले संसारका थोकहरू र मोज मज्जाको लोभ देखाएर हामीलाई परीक्षा गर्ने कोशिश गर्छ। तर हामीले परमेश्वरको प्रकाशलाई स्वीकार गरी त्यसको पछि लागेर विश्वासयोग्य भई रहने महत्वपूर्णतालाई येशू मसीहले सिकाउनुभएको छ। यस पृथ्वीमा भएको आफ्नो सेवाको शुरूमै येशूले यस महत्वपूर्ण कुरामा जोड़ दिनुभएको थियो र उहाँले यसो भन्नुभएको कुरालाई हामीले सधैं सम्झनुपर्छः

मानिस रोटीले मात्र बाँच्दैन, तर परमेश्वरको मुखबाट निस्केको हरेक वचनले बाँच्तछ।

येशूले लगातार रूपमा धर्मशास्त्रलाई प्रकट गर्नुभयो र आफ्ना सबै शिक्षाहरूमा तिनीहरूलाई उद्धृत गर्नुभयो। उहाँले आफ्ना चेलाहरूलाई धर्मशास्त्रका ती खण्डहरू देखाउनुभयो, जसले उहाँको जीवन र वचनहरू भविष्यवाणीका परिपूर्ति हुन् भन्ने कुराको सम्बोधन गर्छ। मानिसले यो कुरा थाह पाउनुपर्ने थियो कि परमेश्वरको इच्छा र ईश्वरीय प्रेम उहाँको वचनद्वारा प्रकट गरिएको छ, र हाम्रो जन्मदेखि मृत्युसम्म यो वचन हाम्रो लागि अगुवा बन्छ।

## *परमेश्वरको न्याय र दण्ड*

ईश्वरीय धार्मिकता र पवित्र न्यायको बारेमा येशूले स्पष्टसँग सिकाउनुभएको छ। पापको अधीनमा रहेर जिउन चाहने व्यक्तिहरूमाथि ठूलो दण्ड आउँछ भनी उहाँले स्पष्टसँग बताउनुभयो। परमेश्वरको धार्मिक र न्यायी स्वभावले यस कुराको माग गर्छ कि उहाँलाई इन्कार गर्नेहरू उहाँको न्यायको अधीनमा आउनै पर्छ। पश्चात्तापी भएर परमेश्वरबाट क्षमा नपाउनेहरूलाई परमेश्वरले अनन्त आगोद्वारा क्षमा दिनुहुनेछ। दाऊद र यशैयालाई उद्धृत गर्दै येशूले मानिसहरूलाई पश्चात्ताप गर्ने र दण्डबाट बच्ने चेताउनी दिनुभयो।

## *परमेश्वरको प्रेम र सरोकार*

येशूले सिकाउनुभयो कि परमेश्वर आफ्ना मानिसहरूका लागि प्रेमी पिता जस्तै हुनुहुन्छ, र उहाँले तिनीहरूका जीवनको हरेक क्षेत्रमा सरोकार राख्नुहुन्छ। मानिसहरू उहाँको सृष्टिका मुकुट हुन्, र जब तिनीहरूका निम्ति भएको परमेश्वरको योजना अनुसार तिनीहरू जिउँछन् तब तिनीहरूलाई देख्ता

उहाँलाई धेरै आनन्द लाग्छ। तिनीहरू अनाज्ञाकारी भई उहाँलाई इन्कार गर्दा उहाँलाई दुःख लाग्छ र तिनीहरू उहाँमा फर्केको उहाँ हेर्न चाहनुहुन्छ। परमेश्वरले सक्रिय रूपमा मानिसहरूलाई खोजिरहनु भएको छ भनी येशूले बताउनुभयो। उहाँले तिनीहरूलाई खोज्नुहुन्छ, तिनीहरूलाई बोलाउनुहुन्छ र तिनीहरूलाई उद्धार प्रदान गर्नुहुन्छ। येशूले पापीलाई स्वीकार गरेर यस पृथ्वीमा भएको आफ्नो जीवनमा यसलाई प्रदर्शित गर्नुभयो। उहाँले तिनीहरूलाई खोज्नुभयो। उहाँले तिनीहरूलाई भेट्नुभयो, तिनीहरूसँग कुरा गर्नुभयो, र तिनीहरूका बीचमा भएको परमेश्वरको प्रेम र सरोकारलाई उहाँले धेरै किसिमले देखाउनुभयो।

### *पापको दण्ड र पुनर्मिलाप*

येशूले उपदेशहरू, उखानहरू र उदाहरणहरूबाट यस सत्यताको व्याख्या गर्नुभयो, कि पापले अनन्त कष्ट र परमेश्वरबाट अलग हुनपर्ने दण्ड ल्याउँछ। त्यसकारण सबैले पाप गरेका हुनाले यो दण्ड सबैमाथि आउँछ। यदि कृपा विनानै यो दण्ड सञ्चालन गरिएको भए हरेक व्यक्तिले अनन्त मृत्युको दण्ड पाउने थियो। न्याय र प्रेमलाई कसरी एकैसाथ मिलाउन सकिन्छ भनी उदाहरण दिनलाई परमेश्वरले पशु बलिदान विधिलाई एक चिन्हको रूपमा सञ्चालन गर्नुभयो। यस उदाहरण अनुसार पापलाई पशुमाथि राखिन्छ, र यसरी मूल्य तिरिन्छ र परमेश्वरको प्रेमले उद्धार उपलब्ध गरिदिन्छ। येशू आफै सिद्ध बलिदान हुनुहुन्छ भनी बताउँदै यस विषयको आफ्नो शिक्षालाई उहाँले पूरा गर्नुभयो। उहाँले सारा संसारको प्रायश्चित गर्नुहुनेछ। धेरैको उद्धारको निम्ति उहाँले आफ्नो जीवन दिनुहुनेछ। यस रहस्यको बारेमा उहाँले आफ्ना चेलाहरूलाई पूर्ण शिक्षा दिनुभयो। यसो गर्नुको कारणचाहिँ उहाँले किन दुःख भोग्नुभयो सो तिनीहरूले

जानून र अरूहरूलाई तिनीहरूले उद्धारको सुसन्देश सिकाउन सकून भन्ने हेतुले हो।

***हृदयको साँचो आराधना***

हामीलाई याद छ कि अगमवक्ता यशैयाले परमप्रभुले भन्नुभएका कुरालाई बताएका छन्, "यी मानिसहरूले तिनीहरूका ओठले मात्र मलाई आदर गर्छन् तर तिनीहरूका हृदय भने मबाट टाढ़ा राखेका छन्। मप्रति भएको तिनीहरूको आराधना मानिसहरूले सिकाएका नियमहरू मात्र हुन्।"

येशू मसीहले फेरि प्रकट गर्नुभयो कि आराधना निष्कपट रूपमा हृदयबाटै आउनुपर्छ। परमेश्वरलाई गरिनुपर्ने भक्ति र प्रशंसा विनाको देखावटी धर्मको विरूद्धमा उहाँले मानिसहरूलाई चेताउनी दिनुभएको छ। आराधनाको निम्ति विशेष ठाउँको महत्वपूर्णताको बारेमा छलफल गर्नको लागि येशूलाई प्रश्न गरिएको थियो। आराधना गर्नको निम्ति ठाउँचाहिँ यसैमा त्यति महत्वपूर्ण छैन भनी उहाँले जवाफ दिनुभयो। उहाँले भन्नुभयो, "परमेश्वर आत्मा हुनुहुन्छ र उहाँलाई पूज्नेहरूले आत्मा र सत्यतामा पूज्नुपर्छ।"

***मानिसबाट विश्वास र आज्ञाकारिताको माग गरिन्छ***

परमेश्वरका सिद्ध थुमाको बलिदान सबै मानव जातिलाई उद्धार गर्नको निम्ति पर्याप्त छ। तर बलिदान तिनीहरूकै निम्ति हो भनी हृदयबाट विश्वास गरी यसलाई स्वीकार गर्नेहरूले मात्र उद्धार पाउँछन्। आफूले चुनेरनै मानिस पापमा पतन भएको थियो र छानेरनै उसले उद्धार प्राप्त गर्न सक्छ। "मकहाँ आऊ र मबाट सुन" भनी अगमवक्ता यशैयाबाट हामीले सुने जस्तै परमेश्वरले मानिसहरूलाई निमन्त्रणा दिनुभएको छ। उहाँले मानिसहरूलाई जवरजस्ती गर्नुहुन्न। उहाँले मनपरी रूपले

तिनीहरूलाई स्वीकार र इन्कार गर्नुहुन्न। जुनसुकै व्यक्तिले पनि परमेश्वरको प्रेम र कृपाको फायदा प्राप्त गर्न सक्छ। विश्वास र आज्ञाकारिता यसलाई प्राप्त गर्ने मागहरू हुन्। येशूले भन्नुभयो, "यदि तिमीले विश्वास गऱ्यौ भने जे मागे पनि सो तिमीले पाउनेछौ।"

यी उदाहरणहरूबाट हामीले देख्नसक्छौं कि येशूका शिक्षाहरू अगमवक्ताहरूले सिकाएका कुराहरूको सारांश, निर्णय र परिपूर्ति थिए। उहाँले जुन अधिकारमा बोल्नुभयो, उहाँका कुरा सुन्नेहरूले सो अधिकारलाई थाह पाएका थिए। येशू मसीहको अधिकार परमेश्वरकै अधिकार थियो, किनकि उहाँले भन्नुभयो, "व्यवस्था र अगमवक्ताहरूलाई पूरा गर्न म आएको हुँ।"

## तपाईंको अभ्यासको निम्ति

**२** तपाईंले अगमवक्ताहरूका बारेमा अध्ययन गर्नुभएअनुसार तल उल्लेख गरिएका येशूका शिक्षाहरूका निम्ति एउटा उदाहरण लेख्नुहोस्। उदाहरणको लागि, येशूले परमेश्वरको वचनको महत्वपूर्णताको बारेमा सिकाउनुभयो। अगमवक्ताहरूबाट लिइएको उदाहरणः परमेश्वरको औंलाबाट लेखिएको वचन मोशाले प्राप्त गरे। उल्लेख गरिएका शिक्षाहरूका निम्ति तपाईंले यस्तै धेरै उदाहरणहरू पनि विचार गर्नसक्नुहुन्छ।

**क**) परमेश्वरको वचनको महत्वपूर्णता

..................................................................

**ख**) परमेश्वरको न्याय र दण्ड

.................................................................

**ग**) परमेश्वरको प्रेम र सरोकार

.................................................................

**घ**) पापको दण्ड र प्रायश्चित

.................................................................

**ङ**) हृदयबाटको साँचो आराधना

.................................................................

**च**) मानिसबाट विश्वास र आज्ञाकारिताको माग गरिएको छ .................................................................

## उहाँ बाटो र सत्य हुनुहुन्छ

येशूमा विश्वास गर्नेहरू धेरैले शुरूदेखि यो कुराको महसूस गरेका थिए कि येशूनै मसीह हुनुहुन्छ र यस पृथ्वीमा आफ्नो उद्देश्य पूरा गर्न परमेश्वर उहाँमा रहनुभएको छ। अरूहरूले तिनीहरूका समझदारी खोलिएपछि यस सत्यताको महसूस गरेका थिए। येशूको जीवनको हरेक क्षेत्रमा अगमवाणीहरू पूरा भएका तिनीहरूले देखे। तिनीहरू मध्ये कुनैले यर्दन नदीको किनारमा स्वर्गबाटको आवाज र बप्तिस्मा दिने योआनेसको घोषणा सुने। तिनीहरूले उहाँका अचम्मका शिक्षाहरू सुने। उहाँले गर्नुभएका आश्चर्यकर्महरू तिनीहरूले देखे। संसारलाई आफैमा पुनर्मिलाप गराउन परमेश्वरद्वारा ख्रीष्ट येशूमा आएको उपस्थिति र प्रेमलाई तिनीहरूले आ-आफ्ना हृदयमा अनुभव गरे।

तर येशू ख्रीष्टमा विश्वास गर्ने यी मानिसहरू हामीजस्तै थिए। तिनीहरूका पनि आफ्नै प्रश्नहरू थिए। मानिसहरूलाई पापबाट उद्धार गर्नको निम्ति आफूले भोग्ने कष्ट र मृत्युको बारेमा येशूले बताउनुभयो। यो सत्यतालाई बुझ्न गाह्रो थियो।

कसरी परमेश्वरले मानिसहरूलाई येशूद्वारा उद्धार गर्नसक्नुहुन्छ? येशूलाई कष्ट, निन्दा र मृत्युबाट भएर जान किन परमेश्वरले अनुमति दिनुभयो? कसरी एकै पल्ट, सधैंको निम्ति, सबै मानव जातिका लागि पापको दण्ड तर्न सकिन्छ?

येशूले लगातार रूपमा प्रचार, शिक्षा, आश्चर्य काम र अगमवक्ताहरूबाट उद्धृत गर्नुहुँदा, उहाँले विस्तारै आफ्ना चेलाहरूलाई आफ्नो साँचो स्वभावको प्रकट गर्नुभयो। उहाँले भन्नुभयो, "परमेश्वरले काम गर्नुहुन्छ र म पनि काम गर्छु।" अर्थात् विशेष काम प्रकट गर्ने उद्देश्यले परमेश्वर उहाँमा रहनुभएको थियो। आफ्नो पापरहित जीवनको कारण येशूले परमेश्वरको व्यवस्थाका सबै भागलाई पूरा गर्नुभयो। पवित्र, आज्ञाकारी र परमेश्वरको इच्छामा पूर्ण समर्पित हुनभएका हुनाले ढाक्नुपर्ने उहाँको आफ्नै कुनै पाप थिएन। उहाँले धार्मिक जीवनको मागलाई पूरा गर्नुभयो। पापरहित व्यक्तिको रूपमा, मानिसहरूका पापको सट्टामा उहाँले आफैलाई परमेश्वरका थुमाको रूपमा बलिदान गर्नुभयो। यशैयाले प्रतिज्ञा गरेझैं त्यो काम मानव जातिको उद्धारको निम्ति थियो। येशू मसीहमा परमेश्वर हुनुभएर मानिसलाई आफैकहाँ पुनर्मिलाप गराउनुभयो। येशूले बताउनुभयो कि उहाँलाई मारिनेछ र उद्धारको योजना पूरा गर्नको लागि उहाँ फेरि बौरी उठ्नुहुनेछ।

*उहाँले भन्नुभयो, "ममा विश्वास गर, किनभने बाटो, सत्य, र जीवन मनै हुँ।"*

उहाँको जीवनका घटनाहरूले उहाँले भन्नुभएका वचनहरूलाई स्पष्टैसँग बुझ्न सकिन्थ्यो। मुख्य धार्मिक अगुवाहरूले येशू मसीहका विरूद्धमा झूटा दोषहरू लगाई उहाँलाई क्रूसमा टाँग्ने प्रबन्ध मिलाए। तिनीहरूका घमण्डी र विद्रोही हृदयहरूले येशू मसीहको यस रहस्यलाई स्वीकार गर्ने इच्छा गरेका थिएनन्, र

यो रहस्य चाहिँ परमेश्वरबाटको कृपाको प्रकाश थियो। तिनीहरूले उहाँलाई साधारण मानिस जस्तै सम्झे र उहाँले आफू मानव जातिका मुक्तिदाताको दावी गर्नुहुँदा तिनीहरूले उहाँलाई ईश्वर निन्दक भनी दोष लगाएका थिए।

यी धार्मिक अगुवाहरूले केवल बाहिरीय र देखावटी कुराहरूलाई मात्र वास्ता गरेका थिए। आत्माको अवस्थालाई परिवर्तन गर्ने कुरा तिनीहरूका विचारमा मूर्खता जस्तो थियो र यस्तो कामको निम्ति तिनीहरूसँग समयनै थिएन। वास्तवमा तिनीहरूका मन तिनीहरू आफैले निर्माण गरेका रीतिथिति र परम्पराहरूले बाँधिएका थिए। यसैले तिनीहरूका कपटीपनलाई प्रकट गरिदिनुहुने मसीहलाई तिनीहरूले सधैंको निम्ति त्याग्ने निर्णय गरे।

आश्चर्यकर्मको शक्तिद्वारा येशू अवश्यनै बच्नसक्नुहुन्थ्यो, तर स्वइच्छासाथ उहाँ आफैले आफैलाई दिनुभयो। आफ्नो उद्देश्य र उद्धारको निम्ति भएको परमेश्वरको योजना अनुसार उहाँ आउनुभन्दा पहिलेका घटनाहरू पूरा गर्नको निम्ति उहाँले यो गर्नुभएको थियो। अगमवक्ताले भनेका छन्, "बलिदान गर्न लगिएको थुमाजस्तै उहाँ चूपचाप रहनुभयो।" त्यस बेला मृत्यु दण्ड दिइने तरीका अनुसारनै सरकारी सेनाहरूले येशूलाई क्रूसमा कीला ठोकेर मृत्यु दण्ड दिए। उहाँको दायाँ र बायाँपट्टि दुई जना कुकर्मीहरूलाई क्रूसमा टाँगिएको थियो र उहाँ दोषरहित हुनुभए पनि दुष्टहरूका साथमा मर्नुहुन्छ भन्ने अगमवाणी पूरा हुनलाई यो भएको थियो। एउटा कुकर्मीले पश्चात्ताप गऱ्यो र उहाँसँग क्षमा माग्यो। यसरी येशू मसीहले कष्ट भोगिरहनुहुँदा पनि पश्चात्तापी पापीलाई क्षमा दिएर शान्तिको सन्देश दिनुभयो। त्यसबेला उहाँले क्षमा र प्रेमका वचनहरू पनि बोल्नुभयो। उहाँको बलिदानको तरीका र यसको साथसाथै भएका अलौकिक चिन्हहरूले प्रत्येक भविष्यवाणीलाई पूरा गरेको छ। उहाँ क्रूसमा मर्नुभएपछि एक धनी मानिसले उहाँको शरीरलाई लगेर ढुङ्गाको

चिहानमा राखे र त्यस चिहानको मुखमा सरकारी अधिकारीहरूले छाप लगाए।

येशू मसीहले पहिल्यै भन्नुभएझैं उहाँ आफूले बलिदान गर्नुभएको उहाँको शरीर तेस्रो दिनको बिहान मृत्युबाट बौरी उठ्यो। येशू मसीहलाई खतम पार्‍यौं भनी धार्मिक अगुवाहरूले विचार गरेका भए तापनि परमेश्वरले तिनीहरूको योजनालाई विफल पारिदिनुभयो। बलिदानको रूपमा येशू मसीहले कष्टको अनुभव गर्नु परेता पनि उहाँ विजयसाथ मुर्दाबाट बौरी उठ्नुभयो र सधैंको निम्ति विजयी भएर रहनुभएको छ। परमेश्वरले धेरैनै प्रेम गर्नुभएको आफ्नो सृष्टिको मुकुट मानव जातिको उद्धारको निम्ति बलिदान गर्नुहुँदा शरीरको मृत्युले परमेश्वरका आत्माको अपमानित कष्टको संकेत गर्छ। अब उद्धारको कार्य पूरा भयो! महान् र सिद्ध बलिदान चढ़ाइसकिएको छ। मानव जातिका क्रियाकलापहरूलाई सधैंको निम्ति असर पार्न एउटा आश्चर्यकर्मले ठाउँ लिइसकेको छ।

चिहान खाली छ भन्ने कुरा पत्ता लागिसकेपछि येशू मसीहका चेलाहरूमध्ये कोही कोहीले उहाँको पुनरूत्थान भएको शरीरमा उहाँलाई भेटे। उहाँ तिनीहरूसँगै हिँड्नुभयो र तिनीहरूलाई अगमवक्ताहरूका बारेमा बताउनुभयो। उहाँले भन्नुभयो, "अगमवक्ताहरूले भनेका कुराहरूमा विश्वास गर्न सुस्त हृदय भएका नहोओ। के येशू ख्रीष्टले यी शासनाहरू भोग्नु, र आफ्नो महिमामा पस्नु आवश्यक थिएन र?" अनि मोशा र सबै अगमवक्ताहरूबाट शुरू गरेर धर्मशास्त्रहरूमा आफ्नो विषयका कुराहरूको अर्थ उहाँले तिनीहरूलाई खोलिदिनुभयो।

यी मानिसहरू जसले उहाँका कुरा सुने, आफ्ना हृदय सत्यताले जलिरहेको तिनीहरूले अनुभव गरे। तिनीहरूले अझै स्पष्टसँग बुझे कि येशू मसीहको कष्ट र मृत्युबाटको पुनरूत्थान

अगमवक्ताहरूद्वारा पहिल्यै बताइएझैं वास्तवमा परमेश्वरको उद्धारको योजनानै थियो। तिनीहरूले थाह पाएका कुरामा तिनीहरू अत्यन्तै उत्साहित भए र आफ्ना साथीहरूलाई यस विषयमा बताउँन आत्तुरीसाथ शहरमा फर्के। तिनीहरूले चर्को स्वरले भने, "येशू मसीह मुर्दाबाट बौरी उठ्नुभएको घटना सत्य हो!"

त्यसपछि येशू मसीह अरूहरू धेरैकहाँ प्रकट हुनभयो। उहाँले मुर्दाबाट पुनरूत्थान भएको आफ्नो शरीर तिनीहरूलाई देखाउनुभयो र फेरि भन्नुभयो। "मेरो विषयमा व्यवस्था, अगमवक्ता र भजनहरूमा लेखिएका कुरा अवस्य पूरा हुनैपर्छ।" तिनीहरूले धर्मशास्त्र बुझ्सकून् भनेर उहाँले तिनीहरूका मन खोलिदिनुभयो। सबै मानिसहरूकहाँ गएर पश्चात्ताप, क्षमा र पापबाट पाइने उद्धारको घोषणा गर्नू भनी उहाँले तिनीहरूलाई आज्ञा गर्नुभयो। यी सबै कुराहरू येशू मसीहमा प्रकट हुनुभएका उद्धारकर्ता परमेश्वरले उपलब्ध गरिदिनुभएको हो। यो असल समाचार, इन्जील, **सुसमाचार** हो र यसलाई सारा संसारमा प्रचार गरिनुपर्छ।

येशू मसीहलाई स्वर्गमा उठाइलगियो र उहाँ त्यहाँ जीवित हुनुहुन्छ। उहाँका चेलाहरू निश्चयता र आनन्दले भरिपूर भए। तिनीहरूले आफ्ना प्रश्नहरूका उत्तर पाए। येशू मसीहको व्यक्तित्व र काम वास्तवमा भन्ने हो भने सबै भविष्यवाणीहरूको परिपूर्ति हो।

## तपाईंको अभ्यासको निम्ति

वाक्यहरूलाई पूरा गर्नुहोस्

**३** येशू मसीहले भन्नुभयो, "ममा विश्वास गर"

..................................................................

४ येशूका भक्तिपूर्ण चेलाहरूले उहाँ मसीह हुनुहुन्छ भन्ने कुरामा प्रश्न गरेनन्, किनभने

क) ..........................................................

ख) ..........................................................

ग) ..........................................................

घ) ..........................................................

५ येशू मसीहले केको बारेमा बताउँदा मानिसहरूले प्रश्न उठाएका थिए?

..................................................................

६ प्रायजसो समय येशूले प्रश्नहरूका उत्तर कसरी दिनुभयो?

..................................................................

७ येशू मसीहका अन्तिम कामहरूमध्ये एउटा काम आफ्ना चेलाहरूका मनलाई खोलिदिनु थियो, अतः यसो गर्नुको उद्देश्य चाहिँ के थियो?

..................................................................

तपाईंको आफ्नै हृदयमा उत्तर दिनुहोस्: परमेश्वरको वचन अझै बुझ्नको लागि के तपाईं आफ्नो मन खोलिएको चाहनुहुन्छ? त्यसो हो भने तपाईं व्यवस्था (तोरा), अगमवक्ता (जाबुर) र सुसमाचार (इन्जील) पढ्नुहोस्। तपाईंको आफ्नो मन र हृदयलाई खोलिदिनुहोस् भनी परमेश्वरसँग विन्ती गर्नुहोस्।

***सत्यताको स्वीकार व्यक्तिगत कार्य हो***

हे परमप्रभु, तपाईंको वचन सनातन र अनन्त छ,
आकाशमा त्यो स्थिर रहन्छ।
हे परमप्रभु, मेरो पुकार तपाईंको सामु पुगोस्,
तपाईंको वचनअनुसार मलाई समझशक्ति दिनुहोस्।

परमेश्वरको वचन र हाम्रो निम्ति भएको उहाँको योजनालाई अझै बुझ्न दाऊदले जस्तै हामीहरूले पनि प्रार्थना गर्नसक्छौं। तर मानिसको ज्ञान कहिल्यै पनि सिद्ध हुँदैन भनी अगमवक्ताहरूले धेरै प्रकारमा बताएको कुरा पनि हामीले सुनेका छौं। परमेश्वरका उपायहरू मानिसहरूका उपायहरूभन्दा अति महान् छन्। येशू मसीहद्वारा परमेश्वरले पूरा गर्नुभएको उद्धारको हरेक योजनालाई हाम्रो मानविक बुद्धिले बुझ्न खोज्नु हाम्रो काम होइन। उहाँको प्रेमको गहिराइ र उहाँको बलिदानको स्वभावमा अझै रहस्य लुकेको छ। परमेश्वरसँगको हाम्रो सम्बन्ध विश्वासमा अड़िएको हुनुपर्छ। हामीले विश्वासद्वारा उहाँलाई ग्रहण गर्नुपर्छ।

हामी उहाँका सृष्टि हौं र हाम्रो उद्देश्य हामी उहाँका निम्ति आनन्द र आदर हुनुपर्ने भएको हुनाले उहाँले हामीलाई यस्तो गुण दिनुभएको छ, जसलाई अगमवक्ता यशैयाले तिर्खा भनेका छन्। उनले भनेका कुरालाई याद गर्नुहोस्: "हे तिर्खाउनेहरू हो सबै आऊ, पानीनिर आऊ।" हामीलाई परमेश्वरको खाँचो छ। उहाँसँगको हाम्रो सम्बन्ध ठीक भएन भने हामीलाई कष्ट र अनिश्चयताको अनुभव हुन्छ। भित्रि तिर्खाले हामीलाई परमेश्वरतर्फ लैजान्छ। उहाँले हामीमा तिर्खा राखिदिनुभएको र उहाँमा आउने निमन्त्रणा दिनुभएको हुनाले उहाँले हामीलाई कहिल्यै पनि रित्तै पठाउनुहुनेछैन। हामीले जे बुझेको उहाँ चाहनुहुन्छ, सो बुझ्न उहाँले हामीलाई सहायता गर्नुहुन्छ। अझै महत्वपूर्ण कुरा चाहिँ उहाँमा विश्वास र भरोसा गर्न उहाँले हामीलाई सहायता गर्नुहुन्छ। सबै मानव जातिको निम्ति उहाँले

दिनुभएको कृपाको प्रकाश स्वीकार गर्नको निम्ति उहाँले हामीलाई विश्वास दिनुहुन्छ।

परमेश्वरको कृपालाई स्वीकार गर्ने हरेकले यसो भन्न सक्छ, "उहाँले मेरा पाप लिनुभयो। उहाँले मेरो निम्ति कष्ट भोग्नुभयो। उहाँको बलिदानको कारणले मैले जीवन पाएको छु। यस सत्यतालाई स्वीकार गरी यस अनुसारको जीवन जीउनको निम्ति मलाई बोलाइएको छ।"

यस पृथ्वीका शब्दहरूले पूर्ण रूपमा व्याख्या गर्न नसक्ने अर्को एक सुन्दर सत्यता त्यहाँ छ। त्यो चाहिँ यही होः येशू मसीह सष्टाको बलिदानभन्दा पनि अझ धेरै हुनुहुन्छ। नरकको आगोको कष्ट र हेलाँबाट हामीलाई छुटकारा गर्नको निम्ति मात्र उहाँले कष्ट भोग्नुभएको होइन। तर पापरहित व्यक्ति हाम्रो निम्ति अन्तरविन्तीकर्ता र मध्यस्थ भई उभिनुभएको छ र उहाँलेनै आफ्नो बलिदानद्वारा पापले ल्याएको अलगपनलाई हटाउनुभएको छ। परमेश्वरसँग हाम्रो सम्बन्ध स्थापना गर्नको लागि उहाँले आफैलाई अर्पण गर्नुभएको छ। उहाँले हामीलाई दोषबाट स्वतन्त्र पार्नुभएको छ र यसको साथसाथै अनन्तसम्म मिलाप र आनन्दमा उहाँको निम्ति र उहाँसँग जिउनको लागि शक्ति पनि प्रदान गर्नुभएको छ।

पापबाटको उद्धारको निम्ति जब तपाईं परमेश्वरको प्रबन्धलाई विश्वास र स्वीकार गर्नुहुन्छ, तब तपाईं यसको न्यायबाट स्वतन्त्र हुनुहुन्छ। येशू मसीहले तपाईंको ठाउँमा शासना भोग्नुभएको हुनाले, अब तपाईं दोषी हुनुहुन्न, किनभने पापको दण्ड तिरिसकिएको छ। परमेश्वरसँग तपाईंको सम्बन्ध पुनर्स्थापित भएको हुनाले, अब तपाईं नयाँ व्यक्ति बन्नुभएको छ। अहिले तपाईंको आत्मा र परमेश्वरका आत्माको बीचमा संगति स्थापना भएको छ।

यदि आज तपाईंले आफ्नो हृदयमा अनिश्चयता, अशान्ति र निराशाको अनुभव गर्नुभएको छ भने, यसलाई अवहेलना नगर्नुहोस्। परमेश्वरप्रतिको यस तिर्खाको बारेमानै अगमवक्ताले बताएका थिए। दाऊदले जस्तै तपाईंले पनि यी शब्दहरूद्वारा प्रार्थना गर्नुहोस्।

हे परमेश्वर, मबाट टाढ़ा नहुनुहोस्।
हे परमेश्वर, तपाईंको अचूक करुणा र अपार
अनुकम्पाअनुसार ममाथि कृपा गर्नुहोस्।
किनकि मेरा अपराधहरू म जान्दछु।
तपाईंको विरुद्धमा, केवल तपाईंकै विरुद्धमा
मैले पाप गरेको छु।
मेरो सबै अधर्मबाट मलाई पूर्ण रूपमा धोइदिनुहोस्,
र मेरो पापबाट मलाई शुद्ध गरिदिनुहोस्।

परमेश्वरको प्रकाश देख्नलाई उहाँले तपाईंका आँखा खोलिदिनुभएको होस् भनी प्रार्थना गर्नुहोस्। उहाँको दर्शन देख्नलाई तपाईंको आफ्नो मन खोल्नुहोस्। उहाँको दर्शन प्राप्त गर्नलाई तपाईंको आफ्नो हृदय खोल्नुहोस्।

येशू मसीहको बलिदान र महिमित पुनरूत्थानको सत्यतालाइ व्यक्तिगत रूपमा प्रकट गरिदिनुहोस् भनी परमेश्वरसँग विन्ती गर्नुहोस्। उहाँको सिद्ध उद्धारलाई ग्रहण गर्नको निम्ति आवश्यक विश्वास दिनुहोस् भनी उहाँसँग विन्ती गर्नुहोस्। तपाईंको हृदयबाट येशू मसीहका वचनहरूलाई फेरि सुन्नुहोस्ः ''ममा विश्वास गर। बाटो, सत्य र जीवन मनै हुँ।''

**आज तपाईंको आत्माको निम्ति परमेश्वरको कृपाको प्रकाश येशू मसीह हुनुहुन्छ।**

## तपाईंका उत्तरहरूको जाँच गर्नुहोस्

७ धर्मशास्त्रहरूलाई बुझ्न

१ सबै ठीक छन्

६ अगमवक्ताहरूबाट उद्धृत (अथवा अगमवक्ताहरूलाई सम्बोधन)

२ तपाईंका आफ्नै उत्तरहरू। केही सुझावहरूः

**क**) वचनको आज्ञापालन धार्मिक विधिहरूभन्दा महत्वपूर्ण हो।

**ख**) जलप्रलयको निम्ति तयारी हुनु भनी नोआलाई भनिएको थियो।

**ग**) दाऊदले पश्चात्ताप गरेका हुनाले अब उनी मर्दैनन् भनी परमेश्वरले भन्नुभयो।

**घ**) मानिसहरूले आ-आफ्ना घरमा थुमाको रगत लगाउन् भनी मोशाले तिनीहरूलाई निर्देशन दिए।

**ङ**) दाऊदले भने, "भाँचिएको आत्मा र टुक्रिएको हृदय परमेश्वरका निम्ति बलिदानहरू हुन्।

**च**) परमेश्वरप्रति आज्ञाकारी हुनलाई अब्राहामले आफ्नो छोरालाई पनि बलिदान गर्ने इच्छा प्रकट गरे।

**५** पापबाट उद्धार गर्नलाई उहाँले भोग्नुहुने कष्ट र मृत्यु।

**३** बाटो सत्य र जीवन म नै हुँ।

**४** **क**) भविष्यवाणी पूरा भयो।

**ख**) तिनीहरूमध्ये कोही कोहीले उहाँले बप्तिस्मा लिनुभएको देखे।

**ग**) तिनीहरूले उहाँका शिक्षाहरू सुने।

**घ**) तिनीहरूले आश्चर्यकर्महरू देखे।

तपाईंले अरूनै शब्दहरू प्रयोग गरी यी उत्तरहरूलाई प्रकट गर्नुभएको होला। अर्को ठीक उत्तर यस्तो हुनसक्छः तिनीहरूले आफ्ना हृदयमा परमेश्वरको उपस्थितिलाई अनुभव गरे।

# हामी अगमवक्ताहरूबाट सुन्छौं

## अन्तिम प्रश्नहरू

विद्यार्थी क्रमसंख्याः- ____________

*कृपया सफा तथा स्पष्ट अक्षरमा लेख्नुहोस्ः*

नामः श्री/ श्रीमती/ सुश्री ____________________

न.पा./ गा.वि.स. ____________ वडा/ ब्लक नं. ____

टोल/ गाउँ ________ पो.ब. _____ हुलाक ____________

जिल्ला _________ अञ्चल ____________________

उमेर _________ व्यवसाय ________ धर्म ____________

शैक्षिक योग्यता _______________ मिति ____________

**निर्देशनहरूः**

# यस पुस्तकलाई हाम्रो कार्यालयमा फेरि नफर्काउनुहोस्।

# यस "उत्तर पृष्ठ"-लाई होशियारीसाथ पुस्तकबाट थुतेर निकाल्नुहोस्।

# यस "उत्तर पृष्ठ" लाई मात्र पठाउनुहोस्।

# यी प्रश्नहरूका उत्तर दिँदा तपाईंले पाठहरू दोहोऱ्याई-दोहोऱ्याई पढ्नुहोस्।

*तल सोधिएका प्रश्नहरूका ठीक उत्तरको मुनि धर्को तान्नुहोस्ः*

१ *मानिसले परमेश्वरको विरूद्धमा गरेको पापको बारेमा जब हामी बताउँछौं तब हामीले के कुरालाई सम्बोधन गरेका हुन्छौं?*

______**क**) परमेश्वरका निर्देशनहरूको आज्ञापालन र उहाँलाई रिझाउने कुरामा मानिस चुकेको छ

______**ख**) परमेश्वरको न्याय ल्याउने मानिसको हरेक कार्य

______**ग**) परमेश्वरको अगाडि एक अल्पकालिन तर सोझो स्वभाव

२ नोआ बाँच्नसके किनभने,

______ क) उनी पापको अवस्थाबाट स्वतन्त्र थिए।

______ ख) उनको निम्ति छुटकाराको बाटो बनाउने परमेश्वरमा उनले भरोसा राखे।

______ ग) उनले धेरै असल कामहरू गरेका थिए।

३ अब्राहामले कसरी आफ्नो विश्वासको प्रदर्शन गरे?

______ क) घुमन्तेको जीवनलाई स्वीकार गरेर।

______ ख) परमेश्वरका निर्देशन अनुसार विश्वास र काम गरेर।

______ ग) परमेश्वरका आशिषहरू ल्याउनलाई आफ्नै इच्छामा जोड़ दिएर।

४ परमेश्वरले मानिसमा चासो राख्नुभएको छ त्यसैले मानिसले के गरेको उहाँ चाहनुहुन्छ?

______ क) अब्राहाम जस्तै अगमवक्ता भएको।

______ ख) अब्राहामले जस्तै उहाँसँग सम्बन्ध राखेको।

______ ग) अब्राहामका कुनै असल चरित्रको विकास गरेको।

५ योसेफको घमण्ड र उनका दाज्यूहरूको डाहले देखाउँछ कि

______ क) मानिसले कहिल्यै पनि पापमाथि विजय पाउनसक्तैन।

______ ख) मानिसहरू दुष्टका शिकारहरू हुन्।

______ ग) मानव हृदयमा पापको जरा छ।

६ परमेश्वरको आवाज सुन्नु, उहाँको सन्देश पढ्नु प्रत्येक व्यक्तिको कर्तव्य र सौभाग्य हो अतः उसले अरू के पनि गर्नुपर्छ?

______ क) यसका सत्यताहरूलाई स्वीकार गरेर यस अनुसार आफ्नो जीवन चलाउनु।

______ ख) यसले बताएको रीतिथितिको आराधनामा आफूलाई सामेल गर्नु।

______ ग) मानसिक रूपले यसका मागहरूमा मञ्जुर हुनु।

७ मोशाले दश आज्ञाको पहिलो पाटीलाई फोरे पनि परमेश्वरले ढुङ्गा-को अर्को पाटीमा आफ्ना वचनहरू लेख्नुभयो, र यो देखाउनुभयो कि

______ क) उहाँको वचन कहिल्यै पनि नाश हुनसक्तैन।

______ ख) मानिसहरू असफल हुने बित्तिकै उहाँले नयाँ प्रकाश दिनुहुनेछ।

______ ग) मानविक असफलताले परमेश्वरको स्तरमा पनि परिवर्तनको माग गर्छ।

*८ अगमवक्ताहरूलाई परमेश्वरसँग संगति गर्नसक्न सक्षम बनाउने गुणहरू के के हुन्?*

_____ **क)** साहस, बहादुरी, राष्ट्रिय इज्जत, र बल

_____ **ख)** भक्ति, कोमलता र रीतिथितिप्रति भक्ति

_____ **ग)** आज्ञाकारिता, भरोसा, नम्रता, बहादुरी, र कार्य गर्ने विश्वास

*९ मानिससँग परमेश्वरले राख्न चाहनुभएको सम्बन्ध कसको जस्तो हुन्छ?*

_____ **क)** राजा र उनका प्रजाहरू

_____ **ख)** शिक्षक र विद्यार्थी

_____ **ग)** प्रेमी पिता र उनका पुत्र

*१० यशैयाले देखेको सर्वशक्तिमान परमेश्वरको दर्शनले के कुराको प्रदर्शन गर्छ?*

_____ **क)** परमेश्वरको शक्ति र मानिसको कमजोरी

_____ **ख)** परमेश्वरको पवित्रता र मानिसको अशुद्धता

_____ **ग)** परमेश्वरको न्याय र मानिसको अन्याय

*११ परमेश्वरले के कुराको आशा गर्नुहुन्छ भनी दाखबारीको उखानले देखाउँछ?*

_____ **क)** उहाँको प्रबन्धको निम्ति उहाँलाई प्रेम र आज्ञाकारिता देखाइनुपर्छ।

_____ **ख)** असल काम गरेर उहाँका छोराछोरी हुने अधिकार पाएको चाहनुहुन्छ।

_____ **ग)** उहाँको वास्ताको निम्ति कुनै प्रतिउत्तर दिनुपर्छ।

*१२ परमेश्वरले अगमवक्ताहरूद्वारा पशु बलिदानको बारेमा के प्रकट गर्नुभयो?*

_____ **क)** मानिसको निको नहुने पापको समस्याको निम्ति यो उपाय हो।

_____ **ख)** पापको निम्ति यो अन्तिम बलिदान हो।

_____ **ग)** आउने सिद्ध बलिदानको यो एक अल्पकालिन चिन्ह मात्र हो।

*१३ परमेश्वरको योजनामा बप्तिस्मा दिने योआनेसको काम के थियो?*

_____ **क)** अगमवक्ताहरूका काम र वचनहरूलाई सारंशित गर्नु

______ख) एक बलियो राजनीतिक राज्य बनाउनु पर्छ भनी आफ्ना मानिसहरूलाई चुनौती दिनु
______ग) परमेश्वरको पूरै नयाँ प्रकाशलाई शुरू गर्नु

१४ *अगमवक्ताहरूको मुख्य लक्ष्य हाम्रो पनि मुख्य लक्ष्य हो, अत तिनीहरूले के कुराको चाहना गरेका थिए?*
______क) आफ्ना पापपूर्ण मानिसहरूसँगको सम्बन्धबाट आफैलाई अलग राख्नु
______ख) तिनीहरूका वर्तमान पापपूर्ण वातावरणमा आफैलाई सिद्ध राख्नु
______ग) आउनुहुने मसीह र उहाँले ल्याउनुहुने उद्धारको बारेमा अझै जान्नु

१५ *येशूको जन्ममा कसरी अगमवाणी पूरा भयो?*
______क) यहूदियाको पहाड़माथि स्वर्गदूतहरूले परमेश्वरको महिमाको भजन गाउँदा
______ख) मुक्तिदाताको जन्मको सुभ समाचार स्वर्गदूतले घोषणा गर्दा
______ग) उहाँ जन्मनुभएको ठाउँ नासरतमा

१६ *येशूले सिकाउनुभयो कि मानिस आफैले छानेरै पापमा पतन भएको हो, त्यसकारण उद्धार पाउनको लागि उसले के गर्नैपर्छ?*
______क) पापलाई इन्कार गर्ने उत्तम निश्चयताको अभ्यास गर्नु
______ख) दान पुण्य गरेर त्यस चुनावको नतिजालाई हटाउनु
______ग) परमेश्वरको कृपाका फायदाहरू प्राप्त गर्नको लागि छान्ने काम गर्नु

१७ *निर्दोष, समर्पित, र पापरहित; वेदना, कष्ट र निन्दा सहनुहुने मसीहले परमेश्वरको के कुरालाई प्रकट गर्नुभएको छ?*
______क) असफलता र पापको वास्ता नगर्ने प्रेम
______ख) भूलको दण्ड तिरिदिने बलिदान
______ग) भूललाई धर्मी तुल्याउने धीरज

यस प्रश्न-पुस्तिकालाई भरिसकेपछि आई सी आई-को ठेगानामा हामीकहाँ पठाउनुहोस्। प्रभुले तपाईंको जीवनमा प्रशस्त आशिष् देऊन्।